प्रस्तावित

# राष्ट्रिय आमसञ्चार नीति

# २०७३

एव

# नियामक निकायसम्बन्धी

# संरचना

# प्रतिवेदन

## २०७३

## सूचना तथा सञ्चारसम्बन्धी

## उच्चस्तरीय समिति

सिंहदरबार,काठमाडौं

# भूमिका

विचार र अभिव्यक्तिको स्वतन्त्रता र जनताको सुसूचित हुने हक लोकतन्त्रका आधारभूत अन्तरवस्तुहरु हुन् । लोकतन्त्रलाई जीवन्त बनाई जवाफदेही राज्य व्यवस्था निर्माण गर्न सञ्चार माध्यमको महत्वपूर्ण भूमिका रहन्छ । स्वतन्त्रपूर्वक सूचना प्रवाह गर्ने र सार्वजनिक चासोका मामिलामा छलफल सधन बढाउँदै अभिमत निर्माण गर्न सक्ने आमसञ्चार माध्यमहरुले मात्र लोकतन्त्रको मार्ग प्रशस्त गर्न सक्दछन् । आवधिक रुपमा हुने निर्वाचनबाट अभिव्यक्त हुने जनताको अभिमतले लोकतन्त्रलाई गतिशीलता प्रदान गर्दछ । एउटा निर्वाचन पछि अर्को निर्वाचन नभएसम्मको बीचको अवधिमा जनताका दैनिकी आवाज र मतलाई आमसञ्चार माध्यमले नै मुखरित गर्दछ । त्यसैले स्वतन्त्र, सम्वेदनशील र जिम्मेवार आमसञ्चार माध्यमको अभावमा जनताको चाहना र आकांक्षा बमोजिम जनताद्वारा नै नियमन गरिने शासन व्यवस्थाको परिकल्पना गर्न सकिदैन । लोकतन्त्रलाई जीवन्त बनाउन विचार अभिव्यक्तिको स्वतन्त्रता, सञ्चार र सूचनाको हकलाई राज्यले संरक्षण गर्नु पर्दछ । विचार र अभिव्यक्तिको स्वतन्त्रता, सञ्चार र सूचनाको हक लोकतन्त्रको आधारस्तम्भ भएकाले यसको प्रयोग र अभ्यास मर्यादित रूपमा हुनुपर्दछ ।

आमसञ्चार प्रणालीको आधार तय गर्न प्रस्तुत राष्ट्रिय आमसञ्चार नीति, २०७३ ले संघीय गणतन्त्र नेपालको संविधान (२०७२) ले परिकल्पना गरेको समृध्द नेपालको लक्ष्य प्राप्तिका लागि आमसञ्चार माध्यमको विकास गर्ने ध्येय राखेको छ । यो नीतिमा राष्ट्रिय एकताको प्रवर्द्धन गर्ने, आमनागरिकका सञ्चार आवश्यकता परिपूर्ति गर्ने तथा संविधानको मर्म र भावनाबमोजिम समाजका सबै किसिमका विविधताको प्रतिनिधित्व गर्ने वहुलवादी आमसञ्चार प्रणालीको आधार प्रस्तुत गरिएको छ । विगतमा बुझाइएका यसप्रकारका कतिपय प्रतिवेदन कार्यान्वयन नगरिएको स्थिति हुँदाहुँदै पनि सरकारले यस प्रतिवेदनलाई प्रभावकारी कार्यान्वयन गरी नेपाली जनताका सञ्चार आवश्यकता पूरा गर्ने दिशामा गहकिलो पाइला चाल्ने विश्वास लिइएको छ ।

२०७२ माघ २० गते नेपाल सरकार मन्त्रिपरिषद्ले गठन गरेको सूचना तथा सञ्चार सम्बन्धी यस उच्चस्तरीय समितिले राजनीतिक दल, सरोकारवालाहरुसँगको छलफल, विज्ञहरुसँगको परामर्श र प्रवृत्तिको विश्लेषणपश्चात  राष्ट्रिय आम सञ्चार नीति, २०७३ प्रस्तावित गर्न सकिएकोमा समितिका तर्फबाट म सन्तोष प्रकट गर्दछु ।

संविधानसभाबाट संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान निर्माण भएपछि संवैधानिक हकहरुलाई संस्थागत गर्दै लैजान र संविधानले परिकल्पना गरेवमोजिम जनताको हकहितको संरक्षण गर्ने समावेशी आमसञ्चार माध्यमको विकासका लागि त्यसै अनुकूलका नीति र कानुनहरु चाहिन्छन् । यही परिप्रेक्ष्यमा नेपालमा वितेको छ दशकको अवधिमा आमसञ्चार प्रणालीलाई बदलिएको राजनीतिक परिदृष्यवमोजिम अद्यावधिक गर्न विभिन्न

पटक आमसञ्चार नीति प्रस्ताव गरिएको छ । यो नीतिले पूर्ण प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र सूचना प्रवाहको स्थापित अन्तर्राष्ट्रिय मूल्य, मान्यता तथा प्रचलन एवम् नेपालको संविधानले आत्मसात् गरेको सिद्धान्त अनुकूल आमसञ्चार प्रणालीको विकास गर्न सहायक सिद्ध हुने विषयहरु प्रस्तुत गरेको छ । यस आमसञ्चार नीतिमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको निर्वाध प्रयोगका निम्ति आवश्यक पूर्वाधार र नियामक निकायहरुसमेत प्रस्ताव गरिएको छ ।

नेपाली मिडियाले जनताप्रति उत्तरदायी राज्य व्यवस्थाको निर्माण गर्न उल्लेखनीय भूमिका निर्वाह गरेको विगतलाई स्मरण गर्दै परिवर्तनलाई संस्थागत गर्न अझ सक्रियता देखाउनु पर्ने आवश्यकता छ । संविधानले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूति गरेको आजको अवस्थामा नेपाली मिडिया क्षितिज निकै फराकिलो हुन पुगेको छ । त्यसैले, आजको नेपाली समाजमा सबै प्रकारका समाचारमाध्यमको सामाजिक उत्तरदायित्व बढेको छ । एकातिर २०४७ सालपछि प्रस्फूटित नीजि क्षेत्रका प्रभावशाली सञ्चार माध्यमहरुलाई अझ बढी जिम्मेवार र जनउपयोगी भएर विश्वसनीयता अभिवृद्धि गर्न आवश्यक छ । अर्कोतिर सरकार नियन्त्रित सञ्चार माध्यमहरुलाई आजको परिप्रेक्ष्य सुहाउँदो ढंगले रुपान्तरण गर्न जरुरी देखिन्छ । त्यसैगरी सम्पूर्ण मिडिया जगतलाई आमपाठक, श्रोता र दर्शकहरूले थाहा पाउने गरी लिखितरूपमा सार्वजनिक स्वनियमन र स्वमूल्याङ्कनको व्यवस्था गर्न प्रेरित गर्न समेत जरुरी छ ।

नेपाली आमसञ्चार माध्यममा समाजको सबै खालको विविधतालाई मुखरित गराउन ठूला, मझौला र साना माध्यमको सन्तुलित विकासको व्यवस्था गरिनु यो सञ्चार नीतिको उल्लेखनीय पक्ष हो । साना लगानीका अखवारको संरक्षणले समाजको वहुलवादी चरित्रलाई कुण्ठित हुनबाट जोगाउँछ भन्ने मान्यतालाई प्रस्तावित नीतिले अंगीकार गरेको छ । समाजमा पहरेदारीको भूमिका निर्वाह गर्ने आमसञ्चार प्रणालीको विकासका लागि ठूला, माध्यम र साना लगानीका सबै खालका आमसञ्चारमाध्यमको समविकास आवश्यक छ भन्ने अवधारणालाई नीतिले आत्मसात् गरेको छ । स्वस्थ र मर्यादित पत्रकारिताको विकासका निम्ति मिडिया एकाधिकार र मिडिया सघनताबाट उत्पन्न हुन सक्ने नकारात्मक परिणामलाई निरूत्साहन गर्न जरुरी छ । सुशासन र पारदर्शिताको सुनिश्चितता आमसञ्चारमाध्यमका सन्दर्भमा पनि उत्तिक्कै महत्वपूर्ण छन् । लगानीको स्रोतको वैधानिक व्यवस्था एवम् आर्थिक पारदर्शिताको सुनिश्चितता हुन सकेको खण्डमा मात्र सञ्चार माध्यम अवाञ्छित स्वार्थहरुबाट स्वतन्त्र रहन सक्दछन् । यस सन्दर्भमा सञ्चार माध्यममा राष्ट्रिय लगानीलाई प्रोत्साहन गर्ने अवधारणा नीतिले अघि सारेको छ। मर्यादित पत्रकारिताको विकास र व्यावसायिक आचरणको प्रबर्द्धनका लागि प्रभावकारी नियमनकारी निकाय, व्यावसायिक क्षमता अभिवृद्धि, प्रभावकारी स्वनियमन व्यवस्था, पेशागत सुरक्षाको वातावरण, व्यावसायिक अभ्यासमा प्रोत्साहन, पत्रकार सुरक्षाको प्रत्याभूति जस्ता कुरा हुन सकेमा नै समृद्ध सूचना प्रणालीको विकास हुन सक्दछ ।

प्रस्तुत राष्ट्रिय आमसञ्चार नीति एवम् प्रस्तावित सुझावहरु लागू हुने अपेक्षा गर्दै सूचना तथा सञ्चार सम्बन्धी नीतिको मस्यौदा लगायत सूचना तथा सञ्चारका क्षेत्रमा गर्नुपर्ने सुधारका विषयमा अध्ययन गरी सुझाव पेश गर्ने गहन जिम्मेवारी प्रदान गरिएकोमा नेपाल सरकार मन्त्रीपरिषद्, सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली र माननीय सञ्चार मन्त्री शेरधन राईप्रति धन्यवाद ज्ञापन गर्दछु । नीति मस्यौदा र प्रतिवेदन तयारीका क्रममा महत्वपूर्ण सुझाव प्रदान गर्ने विज्ञहरु लगायत अध्ययन र लेखन कार्यमा संलग्न हुने समितिका विज्ञ सदस्य डा. कुन्दन अर्याल एवम् टीकाराम राईप्रति धन्यवाद व्यक्त गर्दछु । समितिलाई दिइएको कार्यादेश बमोजिमको विषयमा गहिरो छलफल गरी धारणामा एकमत कायम गर्न मद्दत गर्ने र विभिन्न उपसमितिमा बसी कार्यभार वहन गर्ने उपसमितिका संयोजक एवम् समितिका सम्पूर्ण सदस्यहरुमा विशेष धन्यवाद व्यक्त गर्दछु । यसैगरी यस समितिको कार्यमा आवश्यक सहयोग पुऱ्याउने सूचना तथा सञ्चार मन्त्रालय, सुझाव दिनुहुने राजनीतिक दल, संघ संस्था, व्यक्तिहरु एवम् प्रतिवेदन लेखन र समितिका काममा सहयोग गर्ने कर्मचारी लगायत सम्बन्धित सबैमा धन्यवाद दिन चाहन्छु । धन्यवाद !

२०७३ साउन ५ ........................

(काशीराज दाहाल)

अध्यक्ष

सूचना तथा सञ्चारसम्बन्धी उच्चस्तरीय समिति

# विषय सूची


परिच्छेद - १ ........................................................................ १

प्रारम्भिक........................................................................ १

परिच्छेद - २ ........................................................................ ७

सूचना तथा सञ्चार सम्बन्धी नीति र कानुनको समीक्षा ....... ........... ७

परिच्छेद-३ ........................................................................ २४

प्रस्तावित राष्ट्रिय आमसञ्चार नीति, २०७३ .................................... २४

परिच्छेद - ४ ........................................................................ ३९

सूचना तथा सञ्चार सम्बन्धी संघ, प्रदेश र स्थानीय तहको अधिकार ...... ३९

परिच्छेद -५ ........................................................................ ४२

नियामक निकाय सम्बन्धी व्यवस्था ............................................... ४२

- क. राष्ट्रिय आमसञ्चार प्राधिकरण .................................. ४३
- ख. सार्वजनिक सेवा प्रसारक, नेपाल ............................... ४६
- ग. प्रेस काउन्सिल, नेपाल ............................................ ५३
- घ. विज्ञापन परिषद् .................................................... ५६
- ङ. विविध ................................................................ ६०
  - अ. तहगत अन्तरसम्बन्ध ........................................ ६०
  - आ. राष्ट्रिय आमसञ्चार प्रशिक्षण प्रतिष्ठान ................ ६१
  - इ. नेपाल सञ्चार सङ्ग्रालय तथा अध्ययन प्रतिष्ठान ..... ६१

परिच्छेद -६ ........................................................................ ६२

मर्यादित पत्रकारिताको विकास र व्यावसायिक आचरण ...................... ६२

परिच्छेद - ७ ........................................................................ ६५

नीति कार्यान्वयन योजना ........................................................ ६५

अनुसूचीहरु

# परिच्छेद - १

# प्रारम्भिक

## १. विषय-प्रवेश

राज्यशक्तिको स्रोत जनता र जनताकै निम्ति जनताद्वारा शासित व्यवस्था लोकतन्त्र हो । लोकतन्त्रलाई जीवन्त बनाउने विभिन्न आधारभूत तत्वहरूमध्ये आमसञ्चार माध्यमको स्वतन्त्रताको सुनिश्चितता त्यतिकै महत्वको विषय हो । सञ्चार माध्यमको स्वतन्त्रताको प्रत्याभूतिद्वारा नै स्वच्छ जनमतको निर्माणद्वारा जनउत्तरदायी राज्य व्यवस्था निर्माण हुन सक्दछ । यस अर्थमा आमनागरिक राज्यका काम कारवाहीप्रति सुसूचित हुनु आवश्यक  छ । नागरिकको सुसूचित हुने हकको प्रचलन सञ्चार माध्यमकै स्वतन्त्रता र सक्रियताबाट हुने हो । नेपालको सन्दर्भमा नागरिकको सूचना पाउने अधिकार सुनिश्चित गरी लोकतान्त्रिक शासन व्यवस्थालाई बलियो बनाउने उद्देश्यका साथ नेपाल अधिराज्यको संविधान, २०४७ ले सूचनाको हक र छापाखाना तथा पत्रपत्रिका सम्बन्धी हकलाई विशेष महत्व दिई पहिलोपटक मौलिक हकको रूपमा स्थापित गर्‍यो । २०४७ सालको संविधानले खुला समाजमा आधारित लोककल्याणकारी व्यवस्थाको अभिवृद्धि गर्ने सिद्धान्तलाई स्वीकार गरे अनुरूपको व्यवस्था कार्यान्वयन गर्न गराउन सञ्चार नीति, २०४९ बनाई लागू  गरियो । यस्तै छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ जारी गरियो । समग्र पत्रकारिता क्षेत्रको विकासमा टेवा पुर्‍याउने हेतु राष्ट्रिय प्रसारण ऐन, २०४९ तथा श्रमजीवि पत्रकार ऐन, २०५१ समेत तर्जुमा गरी कार्यान्वयनमा ल्याइयो ।

नेपालको अन्तरिम संविधान, २०६३ ले पूर्ण प्रेस स्वतन्त्रताप्रति प्रतिबद्धता जनाउँदै प्रकाशन, प्रसारण तथा छापाखाना सम्बन्धी विभिन्न अधिकारलाई मौलिक हकको रूपमा सुनिश्चित गर्‍यो । संविधान प्रदत्त सूचनाको हकलाई प्रभावकारीरूपमा प्रचलनयोग्य बनाउन सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ बनाई लागू गरियो । वि.सं. २०६३ सालको राजनीतिक परिवर्तनपछि सञ्चार माध्यमहरूको संख्या उल्लेख्य वृद्धि भएर जनतामा पहुँच समेत बढेको छ । तथापि सञ्चारमाध्यमको स्वस्थ र प्रतिस्पर्धात्मक विकास एवम् विश्वसनीय तथा प्रभावकारिता वृद्धिको लागि थप पहल गर्नुपर्ने अवस्था भने देखिएको छ । सञ्चार क्षेत्रको विकासका लागि संवैधानिक प्रत्याभूतिका कारण सकारात्मक प्रभाव परेअनुरूप एफएम रेडियो, टेलिभिजन, अनलाइन पत्रिका जस्ता विद्युतीय सञ्चारमाध्यमहरूको संख्या तीव्र गतिमा बढेको छ ।  यसैगरी छापा माध्यमतर्फ पत्रिका दर्ता हुने क्रम बढिरहेको छ । अनलाइन न्यूज पोर्टलको संख्या पनि बढ्दो छ । एफएम रेडियोको देशव्यापी विस्तारसँगै मुलुकको जनसंख्याको ठूलो हिस्साले सुसूचित हुने अवसर प्राप्त गरेका छन् । अनलाइन पत्रकारिताले समाचार प्राप्तिको सहजतालाई त्यतिकै बढाएको छ ।

नेपाल सरकारले संविधानको उद्देश्य अनुरूप परिवर्तित सन्दर्भलाई सम्बोधन गर्ने गरी नयाँ आमसञ्चार नीतिको मस्यौदा तयार गर्ने, संविधानले निर्दिष्ट गरेको संघ, प्रदेश र स्थानीय तहमा सूचना तथा आमसञ्चार सम्बन्धी संरचनागत ढाँचा, नियामक निकाय र अन्तरसम्बन्धको खाका तयार गरी सिफारिश गर्ने, सूचना तथा सञ्चारसम्बन्धी विद्यमान ऐन तथा नियमहरूलाई नेपालको संविधान अनुकुल बनाउन ऐन तथा नियमहरूको मस्यौदा तयार गर्ने, संविधान प्रदत्त पूर्ण प्रेस स्वतन्त्रताको प्रचलनमा देखिएका समस्या, पत्रकारको सुरक्षा र श्रमजिवी पत्रकार ऐनको प्रभावकारी

कार्यान्वयनका सम्बन्धमा विद्यमान समस्या पहिचान गरी समाधानका उपायहरू सिफारिस गर्ने, स्वस्थ र मर्यादित पत्रकारिताको विकासका निम्ति पेशागत आचारसंहिताको प्रभावकारी कार्यान्वयनका उपायहरू पहिचान गर्ने, लोकतन्त्रलाई सुदृढीकरण गर्न सूचना तथा सञ्चार मिडिया सम्बन्धी अन्य समसामयिक विषयहरूमा नेपाल सरकार समक्ष सुझाव पेश गर्ने गरी मिति २०७२ माघ २० गते मा. श्री काशीराज दाहालको अध्यक्षतामा सूचना तथा सञ्चार सम्बन्धी उच्चस्तरीय समिति गठन गऱ्यो । र यस समितिले विस्तृत अध्ययन तथा छलफल र परामर्श पछि नेपाल सरकार समक्ष यो सुझाव प्रतिवेदन पेश गरेको छ ।

## २. समितिको गठन

नेपालको संविधानले समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गर्दै लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित रही समृद्ध राष्ट्र निर्माण गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दीगो शान्ति, सुशासन, विकास र समृद्धिको चाहना व्यक्त गरेको सन्दर्भमा संविधानले प्रत्याभूत गरेको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व, राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड एवम् समावेशी लोकतन्त्रको मान्यता अनुकूल आम सञ्चारको क्षेत्रमा गर्नुपर्ने नीतिगत, संरचनागत र कानूनी सुधार सम्बन्धमा अध्ययन गरी सुझाव पेश गर्न नेपाल सरकार मन्त्रीपरिषद्को २०७२ माघ २० गतेको निर्णय बमोजिम देहाय अनुसार सूचना तथा सञ्चार सम्बन्धी उच्चस्तरीय समिति गठन गऱ्यो-

मा. काशीराज दाहाल, कानून र सञ्चारविज्ञ - अध्यक्ष

श्री बोर्णबहादुर कार्की, अध्यक्ष, प्रेस काउन्सिल, नेपाल - सदस्य

डा. महेन्द्र विष्ट, अध्यक्ष, नेपाल पत्रकार महासंघ - सदस्य

डा. कुन्दन अर्याल, सञ्चारविज्ञ - सदस्य

श्री पुष्करलाल श्रेष्ठ, अध्यक्ष, मिडिया सोसाइटी नेपाल - सदस्य

श्री धर्मेन्द्र झा, सञ्चारविज्ञ, पूर्व अध्यक्ष, नेपाल पत्रकार महासंघ - सदस्य

श्री ओम शर्मा, पूर्व महासचिव, नेपाल पत्रकार महासंघ - सदस्य

श्री तीर्थ कोइराला, अध्यक्ष, नेपाल प्रेस इन्स्टिच्यूट - सदस्य

श्री देवप्रकाश त्रिपाठी, अध्यक्ष, नेपाली छापा माध्यम राष्ट्रिय सञ्जाल - सदस्य

श्री राजेन्द्र अर्याल, अध्यक्ष, प्रेस चौतारी, नेपाल - सदस्य

श्री बद्री सिग्देल, अध्यक्ष, नेपाल प्रेस युनियन - सदस्य

श्री गोविन्द आचार्य, अध्यक्ष, क्रान्तिकारी पत्रकार संघ - सदस्य

श्री टीकाराम राई, सञ्चारविज्ञ - सदस्य

श्री मीनबहादुर शाही, पूर्व अध्यक्ष, सामुदायिक रेडियो प्रसारक संघ,नेपाल- सदस्य

श्री निर्मला शर्मा, अध्यक्ष, सञ्चारिका समूह - सदस्य

श्री डण्डबहादुर गुरूङ, अध्यक्ष, नेपाल आदिवासी जनजाति पत्रकार महासंघ- सदस्य

श्री रेमबहादुर वि.क., अध्यक्ष, जागरण मिडिया सेन्टर - सदस्य

श्री मोहनकुमार सिंह, अध्यक्ष, मधेशी पत्रकार समाज, नेपाल - सदस्य

श्री शुभेच्छा बिन्दु तुलाधर, अध्यक्ष, क्रियाशील पत्रकार महिला - सदस्य

श्री अरूण बराल, अनलाइन मिडियाविज्ञ - सदस्य

श्री रामचन्द्र ढकाल, सह-सचिव, सूचना तथा सञ्चार मन्त्रालय - सदस्य सचिव

## ३. समितिको कार्यादेश

आम सञ्चारको क्षेत्रमा गर्नुपर्ने नीतिगत, संरचनागत र कानूनी सुधार सम्बन्धमा नेपाल सरकार समक्ष सुझाव सिफारिश गर्न देहाय बमोजिमको कार्यादेश तोकिएको थियो ।

१. संविधानको उद्देश्य अनुरूप परिवर्तित सन्दर्भलाई सम्बोधन गर्ने गरी आमसञ्चार नीतिको मस्यौदालाई पुनरावलोकन गरी नयाँ आमसञ्चार नीतिको मस्यौदा तयार गर्ने,

२. संविधानले निर्दिष्ट गरेको संघ, प्रदेश र स्थानीय तहमा सूचना तथा आमसञ्चार सम्बन्धी संरचनागत ढाँचा, नियामक निकाय र अन्तरसम्बन्धको खाका तयार गरी सिफारिश गर्ने,

३. सूचना तथा सञ्चारसम्बन्धी विद्यमान ऐन तथा नियमहरूलाई नेपालको संविधान अनुकुल बनाउन ऐन तथा नियमहरूको मस्यौदा तयार गर्ने,

४. संविधान प्रदत्त पूर्ण प्रेस स्वतन्त्रताको प्रचलनमा देखिएका समस्या, पत्रकारको सुरक्षा र श्रमजिवी पत्रकार ऐनको प्रभावकारी कार्यान्वयनका सम्बन्धमा विद्यमान समस्या पहिचान गरी समाधानका उपायहरू सिफारिस गर्ने,

५. स्वस्थ र मर्यादित पत्रकारिताको विकासका निम्ति पेशागत आचारसंहिताको प्रभावकारी कार्यान्वयनका उपायहरू पहिचान गर्ने,

६. लोकतन्त्रलाई सुदढीकरण गर्न सूचना तथा सञ्चार मिडिया सम्बन्धी अन्य समसामयिक विषयहरूमा सुझाव दिने ।

७. उच्चस्तरीय समितिको कार्य अवधि तीन महिनाको हुने ।

## ४. समितिले अबलम्बन गरेको विधि

सूचना तथा सञ्चार सम्बन्धी उच्चस्तरीय समितिले आफूलाई प्राप्त कार्यादेशमा उल्लेखित विषयहरूमा अध्ययन, विश्लेषण गरी नेपाल सरकारलाई आमसञ्चारका क्षेत्रमा समयानुकुल सुधार गरी आमसञ्चार क्षेत्रमा गर्नुपर्ने नीतिगत, संरचनागत र कानूनी सुधारका सुझावहरू प्रदान गर्न सरोकारवालाहरू, विज्ञ तथा सम्बन्धित सबैबाट सुझाव संकलन गर्ने, सेवाग्राहीहरूसँग परामर्श गरी पृष्ठपोषण लिन क्षेत्रगत रूपमा छलफल, अन्तक्रिया गर्ने, विगतमा आमसञ्चार सम्बन्धमा गठित आयोग, समितिहरूले प्रदान गरेका सुझावहरूको अध्ययन गर्ने जस्ता विधिहरू प्रयोग गर्ने निर्णय गरे अनुरूप देहायका विधिहरू अवलम्बन गरी कार्य सम्पादन गरियो ।

### क. सार्वजनिक रूपमा सुझाव आह्वान

समितिले आफ्नो प्रथम बैठकको निर्णयानुसार नेपाल टेलिभिजन र गोरखापत्र दैनिकमा सूचना प्रकाशन गरी आमसञ्चार नीतिमा अपनाउनु पर्ने संरचनागत, नीतिगत तथा कानूनी उपायहरू सम्बन्धमा सूचना प्रकाशित गरी सुझावका निम्ति सरोकारवाला, विज्ञहरू तथा सम्बन्धित सबैमा अनुरोध गर्‍यो । जिल्ला तहमा सुझाव दिन इच्छुक व्यक्तिहरूको सहजताका लागि जिल्ला स्थित पत्रकार महासंघका कार्यालयहरू मार्फत समेत सुझाव संकलन गर्न सकिने व्यवस्था गरिएको थियो ।

### ख. अन्तरक्रिया तथा परामर्श

समितिले आमसञ्चार नीतिका सम्बन्धमा विभिन्न विज्ञ व्यक्तिहरूलाई समूह समूहमा आमन्त्रण गरी विभिन्न चरणमा अन्तरक्रिया, छलफल कार्यक्रमहरू सम्पन्न गर्‍यो । अन्तक्रियामा विभिन्न बरिष्ठ पत्रकारहरू, आमसञ्चार र पत्रकारितासंग सम्बन्धित विभिन्न व्यक्तित्वहरू, नागरिक समाजका प्रतिनिधीहरू, विभिन्न क्षेत्रका सरोकारवालहरू र राजनीतिक दलको सहभागिता रहेको थियो । बजेटको सिमितताको कारण क्षेत्रगत रूपमा व्यापक छलफल गर्न नसकिए पनि सम्बन्धित सरोकारवालासँग सुझावहरू जिल्ला जिल्लाबाट लिने व्यवस्थाहरू मिलाइएको थियो ।

### ग. विगतका आयोग र समितिको प्रतिवेदन अध्ययन

नेपालमा आमसञ्चारका क्षेत्रमा नेपाल सरकारबाट गठन भएका आयोग र समितिहरूको प्रतिवेदनहरू अध्ययन गरी ती प्रतिवेदनहरूको सान्दर्भिकताको समीक्षा गरिएको छ ।

### घ वस्तुस्थितिको विश्लेषण

समितिले प्राप्त गरेको सूचना एवं जानकारीको आधारमा आमसञ्चार क्षेत्रको विद्यमान अवस्था, गरिनु पर्ने काम, अवसर र चुनौतीका बारेमा वस्तुगत रूपमा वस्तुस्थिति विश्लेषण गरी सुझावका क्षेत्रहरू पहिचान गरेको छ ।

### ङ. संस्थागत सुझाव सङ्कलन

आमसञ्चार नीतिको मस्यौदा, संविधानले निर्दिष्ट गरेको संघ, प्रदेश र स्थानीय तहमा सूचना तथा आमसञ्चार सम्बन्धी संरचनागत ढाँचा, नियामक निकाय र अन्तरसम्बन्धको खाका तयार, सूचना तथा सञ्चारसम्बन्धी विद्यमान ऐन तथा नियमहरूलाई नेपालको संविधान अनुकुल बनाउन ऐन तथा नियमहरूको मस्यौदा तयार गर्ने, संविधान प्रदत्त पूर्ण प्रेस स्वतन्त्रताको प्रचलनमा देखिएका समस्या, पत्रकारको सुरक्षा र श्रमजिवी पत्रकार ऐनको प्रभावकारी कार्यान्वयनका सम्बन्धमा विद्यमान समस्या पहिचान गरी समाधानका उपायहरूका लागि विभिन्न निकायहरूबाट संस्थागत सुझाव एवं प्रतिक्रिया संकलन गरिएको थियो ।

### च. सम्बन्धित निकायहरूसँग छलफल

समितिका अध्यक्ष एवं सदस्यहरू समेतको उपस्थितिमा सरोकारावाला निकायहरूसंग छलफल कार्यक्रम सञ्चालन गरी सुधारका लागि राय सुझाव संकलन गरिएको थियो। सो क्रममा आमसञ्चारका नियामक निकायहरूको संरचनागत पक्ष, सांगठनिक पक्ष, नीतिगत

तथा कानूनी सुधार एवं कामकारवाहीमा गर्नुपर्ने सुधारमा सन्दर्भमा पनि समितिका तर्फबाट लिखित सुझाव माग गरिएको थियो ।

**छ. अन्तरिम प्रतिवेदन प्रस्तुत**

आमसञ्चार नीतिको मस्यौदालाई पुनरावलोकन गरी नयाँ आमसञ्चार नीतिको मस्यौदा तयार गर्ने क्रममा सरोकारवाला निकाय, व्यक्तिहरू, सम्बन्धित विज्ञहरूसँगको अन्तक्रियाबाट प्राप्त सुझाव एवं समितिलाई विभिन्न माध्यमबाट प्राप्त सुझाव समेतको अध्ययन गरी माननीय सूचना तथा सञ्चार मन्त्रीमार्फत नेपाल सरकार समक्ष २०७३ जेठ १० गते अन्तरिम प्रतिवेदन प्रस्तुत गरियो । समितिलाई नेपाल सरकारबाट २०७३ साउन ५ गतेसम्म म्याद तोकिएको र म्याद भित्रै प्रतिवेदन तयार गरी पेश गरिएको छ ।

**५. जनशक्ति**

समितिको कार्यालय केन्द्रिय सर्भिस सेन्टर रहेको भवन, सिंहदरबारमा रहेको थियो । प्रशासकीय अदालत र सूचना तथा सञ्चार मन्त्रालयका केही कर्मचारीहरूले समितिको सचिवालयमा रही कार्य गर्नु भएको थियो । प्रतिवेदनको मस्यौदा तयार गर्ने क्रममा विभिन्न निकायका कर्मचारीहरूको सहयोग लिइएको थियो । यस समितिमा रही प्रस्तुत प्रतिवेदन तयार गर्ने कार्यमा सहयोग गर्नेहरूको नाम यसै प्रतिवेदनको अनुसूचीमा दिएको छ ।

## परिच्छेद - २

# सूचना तथा सञ्चारसम्बन्धी नीति र कानुनको समीक्षा

## पृष्ठभूमि

सूचनाको महत्व आधुनिक कालमा मात्र होइन मानव समाजको उत्पतिदेखि नै थियो । मानिसको जीवन यापनका हरेक पक्षसँग सूचना अन्तरसम्बन्धित छ । उत्तरदायी समाज निर्माण र निरन्तरताका लागि सूचना अपरिहार्य छ । राज्यको उत्पती पछि राज्य व्यवस्था (Political Order) लाई व्यवस्थित गर्न र सरकारलाई निरङ्कुश हुन नदिन सूचनालाई समाज र राज्य सञ्चालनको पूर्वशर्तमानी कानुनी संरक्षण गर्ने प्रचलन शुरू भयो । यसैक्रममा विश्वकै पहिलो लिखित संविधान अमेरिकाको संविधानको प्रथम संशोधन १७९१ ले प्रेस स्वतन्त्रताको प्रत्याभूत गऱ्यो । आधुनिक लोकतान्त्रिक संविधानहरूले विचार र अभिव्यक्तिको स्वतन्त्रता, सञ्चार माध्यमको स्वतन्त्रता र नागरिकको सूचना पाउने हकलाई मौलिक हकको रूपमा प्रत्याभूत गर्ने गरेका छन् ।

एथेन्सवासीले जीवित र मृतक दुवैलाई संयम र मर्यादित व्यवहार गर्नुपर्ने भन्दै इ.पू. ५९४ अघि नै प्रेस कानुन बनाएका थिए । रोमनहरूले पाचौं शताब्दीमै धार्मिक आस्था विरूद्ध बाहेकका विषयमा विचार स्वतन्त्रता सुनिश्चित गरेका थिए । पन्ध्रौ शताब्दी अघि जुलियस सिजरको 'एक्टा डिउर्ना', चीनको 'पेकिङ गजेट' र आठौं शताब्दीमा जापानीहरूले काठमा बुट्टा कुँदी मसी दलेर कागजमा छाप्ने काम गरेको इतिहासमा उल्लेख भएको पाइन्छ । यद्दपि, पन्ध्रौं शताब्दीको मध्यतिर मात्रै छापाखानाको आविष्कार भयो । त्यस सन्दर्भसँगै छापाखानाको सञ्चालन सनद सवाल र इस्तिहारबाट नियमित र नियन्त्रित थियो । अर्थात, त्यसबेलासम्म विश्वमा विधिवतरूपमा छापाखाना र प्रकाशन सम्बन्धी छुट्टै कानुनी व्यवस्था भएको थिएन । पन्ध्रौं शताब्दीपछि वास्तविकरूपमा पत्रकारिताको नियमित, व्यवस्थित र सुदृढ गर्ने संयन्त्रहरू बनाउन थालनी भयो ।

## १. २००७ अघि नेपालमा प्रेस कानुनको अवस्था

श्री ३ जंगबहादुर राणाले बेलायतबाट फर्किंदा साथमा एउटा हाते प्रेस र त्यसको सामान ल्याएपछि वि.सं. १९०८ मा नेपालमा छापाखाना पहिलोपल्ट स्थापना गरिएको थियो । यस प्रेसलाई 'गिद्दे प्रेस' पनि भनिन्छ । नेपालमा वि.सं. १९३० सम्ममा दुईओटा छापाखानाको स्थापना भइसकेको थियो । वि.सं. १९३३ सम्म थप अर्को छापाखाना पनि स्थापना भएको भनिए पनि त्यसबारे अझै यकिन भएको छैन । त्यस्तै, १९४९ अघिदेखि नै जंगी (सैनिक) अफिसरको उपस्थितिमा छपाई गर्न 'जंगी लिथो छापाखाना' सञ्चालनमा ल्याइयो । वि.सं. १९४९ मा कुवेररत्न बज्राचार्यले 'बुद्ध प्रेस' सञ्चालनमा ल्याए । पण्डित मोतीकृष्ण धीरेन्द्रले ठहिटीमा 'पशुपती प्रेस' स्थापना गरेपछि व्यावसायिक छापाखानाको आरम्भ भएको भनाई छ ।

विधिवत् रूपमा छापाखानाको स्थापना भएको पचासौं वर्षसम्म पनि सरकारी छापाखाना बाहेकका अन्य छापाखानामा राणा परिवार र उनका गुरूबाहेक अन्य सर्वसाधारणलाई छापाखाना चलाउन वर्जित गरिएको थियो । छापाखानामा इस्तिहार, लिफा, टिकट आदि सरकारी कागजपत्र छपाउँदा

पनि तत्कालीन प्राइमिनिष्टरको अनुमति लिनु पर्थ्यो ।[1] तर, त्यसबेलासम्म पनि छापाखाना र प्रकाशन सम्बन्धी छुट्टै ऐनको व्यवस्था थिएन । केवल मुलुकी ऐन अदलको महलमा प्रेससँग सम्बन्धीत केही कानुनी व्यवस्थाहरू भएको देखिन्छ, जसमा पूर्व प्रतिवन्धको व्यवस्था तथा हाकिमको तजविजमा छाप्न छपाउन नहुने, कुनै पनि प्रकाशन निषेध गर्न सकिने सम्मको कानुनी व्यवस्थालाई सुरक्षित गरिएको देखिन्छ । त्यसमा पनि, कुन विषय छाप्न पाउने नपाउने भन्ने स्पष्ट मापदण्ड थिएन । वि.सं. १९७० तिर गोरखा भाषा प्रकाशिनी समिति स्थापना गरिएपछि मुलुकी ऐनको अदलको महलमा केही थप कानुनी व्यवस्था गरियो । जुनसुकै पुस्तक छाप्नु पर्दा उक्त समितिले जाँची अनुमति दिएपछि मात्र छाप्न पाइने व्यवस्था गरियो । त्यसैलाई नेपालमा छापाखाना तथा प्रकाशन सम्बन्धी कानुनी व्यवस्थाको विकासको प्रारम्भ मानिन्छ ।

नेपालको प्रथम संविधान अर्थात नेपाल सरकार वैधानिक कानुन, २००४ ले पहिलो पल्ट प्रेस र अभिव्यक्ति स्वतन्त्रतालाई मौलिक हकको रूपमा प्रत्याभूति गऱ्यो । जसको धारा-४ मा- *'लोकनीति र सदाचारका सिद्धान्तहरूको वर्खिलाप नगरी मौलिक हकहरूका विषयमा प्रचलित र नयाँ बन्ने ऐन नियमहरूको विरोध नगरी व्यक्तिगत स्वतन्त्रता, वाक् स्वतन्त्रता, प्रकाशन-स्वतन्त्रता, सभा वा सङ्घ स्वतन्त्रता, धार्मिक स्वतन्त्रता, ऐन-कानुनी पूर्ण असमानता, छिटो र सुलभताका साथ पाइने इन्साफ, मुलुकभर अनिवार्य निःशुल्क प्रारम्भिक शिक्षा, उमेर पुगेका सबैले भोट दिन पाउने समान हक, व्यक्तिगत सम्पत्ति संरक्षणका हकहरू दिने काम भएको छ'* भन्ने उल्लेख गरियो । तर त्यो संविधान वास्तविक अर्थमा लागू नै भएन ।

वि.सं. २००५ बैशाख २ गते छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २००५ लागू भयो । त्यो ऐनले ज्यान मार्न तथा उकास्ने, प्रेरित गर्ने, सुरक्षाकर्मीलाई राजभक्ति वा कर्तव्यबाट विचलित गराउने, श्री ५ र श्री ३ को राजगद्दी ताक्ने लगायतका १४ बुँदाहरूलाई किताब, अखबार र कागज-पत्रमा छाप्न प्रतिबन्ध लगाएको थियो । यद्यपी, व्यक्तिगत आक्षेप नलगाई नीति वा ऐन परिवर्तन गर्ने उद्देश्यले आलोचनात्मक विचार प्रकट गर्न सकिने उल्लेख गरिएको थियो ।

## २. वि.सं. २००७ देखि २०१७ पत्रपत्रिका प्रकाशनको विस्तार

२००७ सालको क्रान्तिपछि राज्यका सबै निकायलाई प्रजातान्त्रीकरण गर्ने प्रक्रिया आरम्भ भयो । संवैधानिक रूपमै जनक्रान्तिपछिको खुला राजनीतिक वातावरणले पत्रपत्रिका प्रकाशन तथा सञ्चालनको बाटो खुला गऱ्यो । नेपालको अन्तरिम शासन विधान, २००७ को भाग-२, धारा १८ ले यसरी वाक र प्रकाशन स्वतन्त्रतालाई संरक्षित गरेको थियो :

*"नेपाली जनतालाई वाक् तथा प्रकाशन स्वतन्त्रतासहितका विभिन्न मौलिक अधिकारहरूको प्रत्याभूति गऱ्यो । कुनै पनि व्यक्तिको स्वतन्त्रतालाई संरक्षण दिने उद्देश्यले सार्वजनिक हितको निमित्त वा सार्वजनिक शान्ति कायम राख्नको निमित्त वा राज्यको सुरक्षाको निमित्त सरकारले बनाएको ऐन वा नियमले स्थापित गरेको नीति बमोजिम बाहेक कुनै पनि व्यक्तिको ज्यान वा व्यक्तिगत स्वतन्त्रता हरिने छैन ।"*

यो संवैधानिक व्यवस्थाले २००७ सालको परिवर्तन पछि पत्रपत्रिका प्रकाशन, सञ्चालनमा सहयोगी वातावरण बन्यो, तर यस अवधिमा समेत कानुनी राजको मान्यता तथा प्रजातान्त्रिक आदर्श विपरीतका कार्यहरू समेत भएको पाइन्छ । अभिव्यक्ति र प्रकाशन स्वतन्त्रताको नाममा अराजकता

---

[1] काशीराज दाहाल, **आमसञ्चार र कानुन** (पुस्तक), २०६८, पेज १३१ ।

फैलिन नदिन र त्यस्तो अराजकता रोकथामका लागि २००८ जेष्ठ १ गते नेपाल सरकार गृह विभागको सेक्रेटरीले छापाखाना मालिक र प्रबन्धकहरूलाई सूचित गरेको पाइन्छ । अखबार, पत्रपत्रिका र किताव कम्तीमा दुईप्रति छापाखानाबाट प्रकाशित हुनासाथ गृहविभागमा पठाउनुपर्ने व्यवस्था भएको थियो । गृह विभागको त्यो कदमलाई तत्कालीन राजनीतिक दलहरूले पत्रपत्रिकाको प्रकाशनमा साचो लगाई मौलिक अधिकार खोस्न खोजेको भन्दै असन्तुष्टि व्यक्त गरेका थिए । लगत्तै जेठ ४ गते पुनः सरकारले प्रेस विज्ञप्ती प्रकाशित गर्दै २००५ साल वैशाख २ गते बनेको छापाखाना र प्रकाशनसम्बन्धी ऐनको खारेजी नहुन्जेल र नयाँ छापाखाना कानुन नवनुन्जेल जथाभावी नछाप्न सचेत गराएको थियो । तिनै विज्ञप्ति र प्रतिक्रियाको आधारमा ‘नेपाल छापाखाना र प्रकाशन रजिष्टरी सम्बन्धी ऐन, २००८’ तथा ‘छापाखाना र प्रकाशन ऐन, २००९’ जारी भयो ।

यसैबीच प्रेस स्वतन्त्रता र सरकारी नियन्त्रणबीच सन्तुलन कायम गर्ने छलफलहरू भए । अझ संविधानअन्तर्गत सङ्घ, संस्था खोल्ने स्वतन्त्रताको प्रयोग गर्दै विभिन्न राजनीतिक सङ्गठनहरू स्थापना भए । त्यससँगै, ती सङ्घ/सङ्गठनको प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा निकट भई पत्रपत्रिका सञ्चालन गर्ने होड नै चल्यो ।[२] यस बीच नागरिक अधिकार ऐन, २०१२ ले वाक र प्रकाशन स्वतन्त्रताको अधिकारलाई कानुनी संरक्षण दिई प्रोत्साहन दिएको देखिन्छ । जसको प्रभावले पत्रपत्रिका प्रकाशनमा बढोत्तरी भयो र पत्रपत्रिकाको व्यवस्थित रूपले विकास गर्न सरकारले वि.सं. २०१४ मा पहिलो प्रेस कमिसन गठन गऱ्यो ।

## २.१ प्रेस कमिशनको प्रतिवेदन-२०१५

पत्रकारिताको इतिहासमा पत्रकारिता बारे सुझाव दिन गठन भएको यो नै पहिलो कमिशन (आयोग) हो । स्वच्छ पत्रकारिताको विकास गर्ने कार्यमा सरकारलाई सुझाव प्रदान गर्न वि.सं. २०१४ कार्त्तिक १२ गते सरकारले गठन गरेको थियो । तर, उक्त आयोग अपेक्षाकृत रूपमा प्रभावकारी नभएको भन्दै पुनः वि.सं. २०१४ माघ २९ मा विशेष अदालतका न्यायाधीश कृष्णप्रसाद चापागाईको अध्यक्षतामा सात सदस्यीय आयोग गठन भयो । प्रजातन्त्र स्थापनापछिका ८ बर्षको अवधिमा फस्टाएको पत्रकारिताको दक्षता अभिवृद्धि, व्यावसायिक ज्ञान र प्राज्ञिक एवम संस्थागत विकासमा केन्द्रित हुँदै आयोगले दीर्घकालीन असरसँग सम्बन्धीत सुझाव सरकारलाई दियो ।

तत्कालीन समयका प्रेस र पत्रकारिता क्षेत्रका कठिनाई र चुनौति पनि त्यस प्रतिवेदनमा समेटिएका छन् । चार दर्जनभन्दा बढी पत्रकारसँग प्रत्यक्ष अन्तर्क्रिया र प्रश्नावली पठाई प्राप्त उत्तर मार्फत पत्रकारिताका सम्भावना र समस्या बारेका बहुआयामिक पक्षबारे अध्ययन र विमर्श आयोगले गरेको थियो भन्ने उल्लेख छ । नेपालमा विदेशी सञ्चार माध्यमहरूको लगत सङ्कलन र तिनीहरूका गतिविधिको अध्ययन गर्दै तिनीहरूको नियमनबारेको प्रारम्भिक बहस त्यसैबेला देखि नै आरम्भ भएको हो । तत्कालीन समयमा स्वदेश तथा विदेशबाट नेपाली भाषामा प्रकाशित हुने पत्रपत्रिकाको जानकारी सहित पत्रपत्रिकाको सूची बनाइएको थियो । पत्रकारिताको विकासमा राष्ट्रले प्रोत्साहन गर्न

[२] शाहि प्रेस आयोग प्रतिवेदन २०३८, पृष्ठ ३५ (प्रकाशनरी दीग्दर्शन, प्रेस काउन्सिल नेपाल)

सरकारबाट हुन सक्ने सुविधा र सहुलियतबारे पनि आयोगले सुझाव दिएको थियो । त्यो प्रतिवेदन प्रस्तुत हुँदासम्म करिव दुई सय पत्रपत्रिका प्रकाशित हुन्थ्यो । नेपाली पत्रकारिताको इतिहाँसमै पहिलोपल्ट आचारसंहिता प्रस्तुत गर्दै पत्रकारको नैतिक स्तर वृद्धि गर्न पालना गर्नुपर्ने १८ बुँदे नियमहरू आयोगले प्रस्ताव गरेको थियो ।

पत्रकारहरूको पदिय बर्गीकरणलाई व्यवस्थित गर्दै सम्पादक, संवाददाता र प्रतिनिधिको रूपमा औपचारिक मान्यता प्रदान गर्न आयोगले सुल्झाएको थियो । समाचार प्राप्तिका निम्ति सरकार र प्रेस बीचको सम्बन्ध स्थापित गर्दै सहयोगको भावना वृद्धि गर्न नियमित पत्रकार सम्मेलन गर्नुपर्ने सुझाव पनि दियो । पत्रपत्रिका मात्रै नभै राष्ट्रोत्थानका लागि हुलाक र अन्य सञ्चार का साधनहरू छिट्टै विकास हुनुपर्ने तर्फ पनि सरकारको ध्यानाकर्षण आयोगले गरेको थियो ।

सञ्चार माध्यमका लागि टेलिफोन जडान गर्दा आकाशबाणी जस्ता साधन प्रयोग गर्दा प्रेस/पत्रपत्रिकाले विशेष सुविधाजनक दरमा खरिद गर्न पाउने र हुलाकबाट बुक पोष्ट पठाउँदा दर्ता भएका पत्रपत्रिकालाई विशेष सुविधा उपलब्ध गराउनुपर्ने आयोगको सुझावमा छ । नेपाल अन्तर्राष्ट्रिय टेलिकम्युनिकेसन सङ्घको सदस्य नभएको बेलामा पनि भारत सरकारसँगको सहकार्यमा अन्तर्राष्टिय टेलिग्राफ, ट्रंककल सञ्चार मा पत्रकारहरूलाई सुविधा उपलब्ध गराउन सिफारिस गरिएको छ । मूलतः पत्रकारिताको गुणात्मक विकासमा यसले निकै महत्वपूर्ण सहयोग गरेको छ । सरकारले नै आवश्यक 'न्यूजप्रिन्ट' आयात गरी पत्रपत्रिकालाई उनीहरूको आवश्यकता अनुरूप नाफा नलिई उपलब्ध गराउनुपर्ने, सुव्यवस्थित पत्रकारिताको विकासका निमित्त पत्रकारिता शिक्षाको प्रबन्ध गर्ने र त्यसका निम्ति सरकारले शैक्षिक डिग्री भएका कलेजमा पत्रकारिताको विषय पठनपाठनको व्यवस्था गर्ने, पत्रकारिता स्कुल सञ्चालन गर्ने, पत्रकारहरूलाई विकसित देशमा पत्रपत्रिकाको सञ्चालन एंव सम्पादन आदि अध्ययन गर्ने अवसर दिनुपर्ने पनि सुझाव दिएको थियो । समाचार प्राप्तीको श्रोतको व्यवस्थाका निम्ति राष्ट्रिय सम्वाद समितिको गठन, जनताको प्रेस तथा अभिव्यक्ति, अधिकारको उपभोग निम्ति प्रचलित कानुनहरू संशोधन गर्नुपर्ने सुझावहरू प्रस्तुत गरेको थियो ।

## ३. पञ्चायत काल (२०१७-२०४६) :

नेपाली पत्रकारिताले २०१७ सालको कदमसँगै देशमा प्रजातान्त्रिक हक अधिकारबाट विमुख हुनु पर्‍यो । प्रजातन्त्र वहाल रहेका कारण वि.सं. २००७ देखि २०१७ सम्मको अवधिमा पत्रपत्रिकाहरूको सङ्ख्यामा उल्लेखनीय वृद्धि भएको देखिन्छ । तर पनि स्वतन्त्र र मर्यादित पत्रकारिताको विकास हुन सकिरहेको थिएन । त्यसबेला पत्रिका प्रकाशनको उद्देश्य जनतालाई सुसूचित गर्नुभन्दा शासन व्यवस्थामा पत्रपत्रिका मार्फत आफ्नो प्रभाव बढाउनु थियो ।[३] त्यसबेला पत्रकारितामा व्यावसायिकता विकास गर्न ध्यान पुगेको थिएन । यहि परिप्रेक्षमा २०१७ पौष २२ गते शाही घोषणा मार्फत राजनीतिक पार्टीहरूमा प्रतिबन्ध लागेसँगै दलगत उद्देश्यले प्रेरित प्रकाशनहरू पनि निषेधित गरिए । नेपालको संविधान, २०१९ले पनि राजनीतिक दल वा दलगत राजनीतिक उद्देश्यले प्रेरित भएका सङ्गठन, सङ्घ र संस्था खोल्न, खोलाउन वा चलाउन नपाईने व्यवस्था गरी 'सार्वजनिक हित'को निमित्त भन्दै मौलिक हकको प्रयोगमा पनि नियन्त्रण गर्ने व्यवस्था भयो ।

[३]काशीराज दाहाल, **आमसञ्चार र कानुन**, पेज १४२ ।

छापाखाना र प्रकाशनहरूको समयानुकूल व्यवस्था गर्न र उचित नियन्त्रण गर्न उद्देश्यले २०१९ पौष २९ गते छापाखाना र प्रकाशन रजिष्ट्रेशन ऐन, २०१९ लागू भयो । त्यो ऐनले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता माथि प्रहार गरेको थियो । अझ त्यही अवधीमा छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०३२ जारी गर्दै राष्ट्रिय हित र सुरक्षा, सार्वजनिक हित वा श्री ५ को प्रतिष्ठा र सार्वभौमसत्ता वा दलविहीन पञ्चायती व्यवस्था विरूद्ध लेख्न नदिने प्रावधान राख्दै प्रेस विरूद्ध कडा रवैया अपनाइयो । तर, वि.सं. २०३६ जेष्ठ १० गते जनमत सँग्रहको घोषणा भएपछि भने अभिव्यक्ति स्वतन्त्रतामा केही खुकुलोपन महसुस भयो । त्यसपछि पत्रपत्रिकाहरूले सम्पादकीय स्वतन्त्रता उपयोग गर्न पाएका थिए । अझ वि.सं. २०३७ मै वाक तथा प्रकाशन स्वतन्त्रता अध्यादेश र ऐन तथा त्यसै ऐनको अधिकार प्रयोग गरी छापाखाना र प्रकाशन सम्बन्धी नियमावली, २०४० जारी भएपछि छापाखानाको आधुनिकीकरण गर्दै विगतका केही कानुनी जटिलतालाई हटाइएपछि प्रेस स्वतन्त्रता बारे केही सहज वातावरण बन्यो ।

## ३.१ शाही प्रेस आयोगको प्रतिवेदन-२०३८

पञ्चायतको प्रत्यक्ष र सक्रिय शासनका बीच नेपाली राजनीतिमा देखिएको नयाँ परिस्थिति र पत्रकारले निर्वाह गर्नुपर्ने भूमिकालाई ध्यान राखी शाही प्रेस आयोग गठन भयो । २३ बर्ष अघिको प्रेस कमिसनको पद चिन्ह पन्छाउँदै सु-स्पष्ट र सुदृढ प्रेस कानुन बनाउन यस आयोगले योगदान दियो । तत्कालीन राजा श्री ५ बीरेन्द्रबाट २०३७ फागुन ११ गते 'पत्रकार जगतका समस्या र तिनका समाधानका उपाय' बारे अध्ययन गरि प्रतिवेदन पेश गर्न आयोग गठन भएको थियो । सर्वोच्च अदालतका अतिरिक्त न्यायाधीश त्रिलोकप्रसाद राणाको अध्यक्षतामा गठित पाँच सदस्यीय आयोगले पहिलो प्रेस कमिशनले राजनीतिक स्वतन्त्रता सहितको प्रेसको अवधारणामा आधारित भई कानुनी सुधार गर्न सुझाव दिएको थियो ।

विशेषगरी प्रेस कानुनको नियन्त्रणात्मक परिधि अनावश्यक रूपमा राखिएको ठहर गर्दै राणा आयोगले कानुनको अवस्था, प्रयोग र व्यावहारिकता बीच सन्तुलन मिलाउने प्रयास गरेको देखिन्छ । तत्कालीन राजनीतिक व्यवस्था पञ्चायतको मान्यता स्थापित गर्ने खोजिए पनि प्रेस कानुन सुधारको पक्षलाई बलियो बनाई अधिकार र कर्तव्यलाई व्यवस्थित गर्न खोजियो । प्रेस स्वतन्त्रताको दृष्टिकोणबाट हेर्दा बदलिएको परिस्थितीमा छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०३२ को दफा ३ र ४ मा व्यापक सुधार गर्दै छापाखाना धनी र प्रकाशनको अनुमति स्वतः रद्द हुने व्यवस्था हटाउनुपर्ने सुझाव दियो । पत्रपत्रिका व्यवसायको सुरक्षा, छापाखाना धनी वा प्रकाशकको प्रमाणपत्र रद्द गरिएमा त्यस विरूद्ध सर्वोच्च अदालतको विशेष वेञ्चमा पुनरावेदन दिन पाउने, प्रेस स्वतन्त्रतालाई संकुचित र कुण्ठित पार्न सक्ने दफाको खारेजी, पत्रपत्रिका प्रकाशनका निम्ति दर्ता सरल बनाउने व्यवस्था हुनुपर्ने सुझाव दिएर प्रेस स्वतन्त्रताको मार्ग सुरक्षित गरियो ।

पत्रपत्रिकाको विकासका निम्ति निजी क्षेत्रलाई आकर्षित गर्ने पत्रपत्रिका व्यवसायलाई सेवा उद्योगको रूपमा मान्यता र संस्थागत विकासको प्रक्रियालाई ठोस रूपमा प्रोत्साहन दिने काम पहिलोपल्ट यसै प्रतिवेदन मार्फत भएको देखिन्छ । पत्रपत्रिकाको सञ्चालनका निम्ति सम्भाव्य स्थानको अध्ययन, सरकारी सूचना तथा विज्ञापनहरूको वर्गीकरण गरेर स्थानीय स्तरका विज्ञापन निजी क्षेत्रका पत्रपत्रिकाहरूलाई पनि उपलब्ध गराउने र विज्ञापन वितरणको नीति बनाउने सुझाव यसै आयोगको प्रतिवेदनमा भएको हो । अखबारी कागज नपुग्ने दुर्गम क्षेत्रहरूमा नेशनल ट्रेडिङ लिमिटेडका शाखा मार्फत बिक्री वितरण गर्नुपर्ने,

प्रेस प्रतिनिधि प्रमाणपत्रको आधारमा सहुलियत दरमा आकाशवाणीबाट समाचार पठाउन पाउने, हुलाक महसुलमा विशेष सुविधा निश्चित गरेर प्रेस काउन्सिलको सिफारिसमा अखबारी कागज उपलब्ध गराउने सुझाव दिएर आर्थिक पक्षमा समेत निजी क्षेत्रका पत्रपत्रिकालाई सबल बनाउनका लागि सुझाव पेश गरेको थियो ।

पत्रकारहरू र विशेष गरी सम्पादकको योग्यता वा अनुभवको मानदण्ड निर्धारण, पत्रकारिता शिक्षाको आवश्यकता र छापाखानामा काम गर्ने प्राविधिक कर्मचारीहरूको तालिमको पक्षमा पनि प्रतिवेदनले सुझाव प्रस्तुत गऱ्यो । छापाखाना तथा प्रकाशन ऐनले निषेध गरेका कुरा छापेपछि त्यसबापत धरौटी माग भएको खण्डमा उक्त रकमको परिमाण निश्चित गर्ने, सरकारको स्वीकृति लिएर मात्रै स्थानीय पदाधिकारीले प्रमाणपत्र रद्द गर्न सक्ने जस्ता प्रावधान राखी पत्रपत्रिका दर्ताको खारेजीलाई निरूत्साहित गरियो । पत्रपत्रिकाले तोकिएको आकार, पृष्ठ सङ्ख्या एवम् न्यूनतम बार्षिक अंक प्रकाशित नगरे प्रकाशकको प्रमाणपत्र स्वतः खारेज हुने व्यवस्था गर्दै आम्दानी र खर्चको विवरण व्यवस्थित गर्नुपर्ने प्रावधानमा सुधार गऱ्यो । पत्रकारितासित सम्वन्धित निकायहरू प्रेस काउन्सिल, गोरखापत्र संस्थान, टेलिभिजन, नेपाल पत्रकार सङ्घ, राष्ट्रिय समाचार समितिको कामकार्वाहीमा समय अनुरूप सुधार गर्दै लैजानुपर्ने सुझाव प्रतिवेदनमा दिइयो ।

पत्रकारहरूको समुचित प्रतिनिधित्व र गठन विधि छुट्टै ऐनद्वारा हुनुपर्ने राणा आयोगले उल्लेख गऱ्यो । त्यस्तै, पत्रपत्रिकाको वितरण सङ्ख्याका आधारमा अखबारी कागज उपलब्ध गराउन सिफारिस, पत्रकारको तालिम, गोष्ठी सञ्चालन र पत्रकारिता सम्बन्धी अनुसन्धान गर्ने समेतको कार्य प्रेस काउन्सिलबाट हुनुपर्ने सुझाव आयोगले दिएको थियो । गोरखापत्र संस्थानका प्रकाशनहरूको वितरण व्यवस्थामा सुधार, गोरखापत्रको लोकप्रियता र प्रभावकारिता वृद्धिका उपाय, समाचारको स्तर र स्वरूपलाई विकसित गर्दै प्रभाकारी तुल्याउनेबारे पनि प्रतिवेदनमा उल्लेख गरियो । रेडियो नेपालद्धारा प्रसारित कार्यक्रमको प्रभावकारितालाई ध्यानमा राखी समाचार प्रसारण गर्नुभन्दा समाचारको महत्वलाई प्राथमिकता दिने प्रक्रिया विकसित गर्नुपर्ने, रेडियो प्रसारणको विधि र पद्धतीलाई व्यवस्थित गर्नुपर्ने सुझाव प्रदान गऱ्यो । टेलिभिजनको संम्भाव्यताको अध्ययन, पत्रकार हक र हितको संरक्षणका निम्ति कल्याण कोष खडा गर्ने, निर्वाचन मार्फत नेपाल पत्रकार सङ्घको नेतृत्व चयन गर्ने उल्लेख गऱ्यो । त्यस्तै, दलहरू प्रतिबन्धित भएको र सक्रिय पञ्चायती व्यवस्थामा पनि राससलाई सरकारबाट चाँहिदो भन्दा बढी नियन्त्रण, हस्तक्षेप र निर्देशन भैरहेको भन्दै त्यस्तो नगर्ने सुझाव दिएर प्रतिवेदनले राससको क्षवि राम्रो बनाउने उपाय देखायो ।

## ४. बहुदलयीय व्यवस्था : निर्भीक र आत्मनिर्भर पत्रकारितातर्फको यात्रा

२०४६ को जनआन्दोलन पछिको परिवर्तित व्यवस्थामा प्रेस स्वतन्त्रता मौलाउने अवसर प्राप्त गऱ्यो । नागरिकको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२ को उपधारा (२) ले मौलिक हकको स्थान दियो । प्रेस स्वतन्त्रताको महत्वलाई संरक्षित गर्नुपर्ने सिद्धान्तलाई स्वीकार गरेर छापाखाना र पत्रपत्रिका सम्बन्धी हकमार्फत जनताको स्वतन्त्रताको सुनिश्चित गऱ्यो । यसैगरी संविधानले सूचनाको हकलाई मौलिक हकको रूपमा मान्यता प्रदान

गऱ्यो । सूचनाको प्रवाहलाई निर्वाध रूपले प्रसारण गर्न राष्ट्रिय प्रसारण ऐन, २०४९ र श्रमजीवी पत्रकारहरूको प्रोत्साहनका निम्ति श्रमजीवी पत्रकार ऐन, २०५१ को व्यवस्था भयो । राजनीतिक स्वतन्त्रताको माहोलले पत्रकारिता क्षेत्र अझ समृद्ध बन्दै निर्भीक, आत्मविश्वास र आत्मनिर्भरताको दिशाका लागि वातावरण बन्यो । बदलिएको राजनीतिक र कानुनी परिवेशका माझ स्वतन्त्र पत्रकारितालाई सशक्त माध्यमको रूपमा विकास गर्नुपर्ने महसुस सहित राष्ट्रिय सञ्चार नीति, २०४९ जारी गरियो ।

## ४.१ राष्ट्रिय सञ्चार नीति, २०४९

बहुदलीय राजनीतिक व्यवस्था पुनर्स्थापना पछि नेपाल अधिराज्यको संविधान, २०४७ ले प्रत्याभूति गरेको विचार र अभिव्यक्ति स्वतन्त्रताको जगलाई सुदृढ पार्ने अभिप्रायका साथ यो नीति तर्जुमा भएको हो । संविधानले प्रत्येक नागरिकलाई सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हकको व्यवस्था तथा सूचना-प्रविधीको बढ्दो प्रयोगसँगै निजी क्षेत्रको सहभागिता सम्बन्धमा पनि सुझाव त्यस नीतिमा समावेश गरिएको छ । तत्कालीन राष्ट्रियसभाका सदस्य नरहरि आचार्यको अध्यक्षतामा सञ्चार क्षेत्रका विज्ञ सम्मिलित १६ सदस्यीय मस्यौदा कार्यदलले राजनीतिक परिवर्तन पश्चात संविधानमा व्यवस्था भएको अभिव्यक्ति स्वतन्त्रता, प्रजातन्त्रका लाभहरूको उपयोग, राष्ट्रिय हितको जगेर्ना एवम सञ्चार क्षेत्रलाई सक्रिय र व्यवस्थित बनाउन सुल्झाएको छ । यस अघिका सञ्चार नीति मूलतः पत्रपत्रिकामा केन्द्रीत थिए । यसले प्रसारण माध्यमहरूलाई पनि स्थान दिएको पाइन्छ । पत्रपत्रिका, प्रसारण, सूचना, सरकारी सञ्चार माध्यमहरूको समाचार नीति, हुलाक, चलचित्र, दूरसञ्चार, विभागहरूको व्यवस्थापन र संस्थानहरूको व्यवस्थापन सम्बन्धमा नीतिले समेट्नु पर्ने गरी सुझाव दिएको देखिन्छ ।

नेपाली नागरिकले कुनै पनि भाषामा पत्रपत्रिका प्रकाशन गर्न पाउने, पत्रपत्रिका व्यवसायलाई उद्योगको रूपमा विकास गर्ने, निजी क्षेत्रलाई पनि सहभागी गराएर पत्रपत्रिकाको विकासमा प्रतिस्पर्धा गर्ने, पत्रपत्रिकाको वर्गीकरण र त्यस आधारमा सुविधा उपलब्ध गराउने उल्लेख गरेर स्वतन्त्र प्रेसको आयतन वृद्धि गर्ने प्रयत्न गऱ्यो । त्यस्तै, सरकारी सूचना र सार्वजनिक विज्ञापनको वितरण निजी क्षेत्रका पत्रपत्रिकालाई समेत दिँदैं पत्रपत्रिका र तिनका सामग्रीमाथिको ढुवानीमा सहुलियत र प्रेस किन्न सस्तो ब्याजदरमा ऋण उपलब्ध गराउने कुरा गरेर निजी क्षेत्रलाई समेत लगानीका आकर्षित गरेको छ । श्रमजीवी पत्रकारहरूको हक र अधिकारको संरक्षणका निम्ति ऐन र नियामको व्यवस्था गरेर पेसागत  सुरक्षालाई बढावा दिनुपर्ने सुझाव प्रदान गऱ्यो ।

प्रसारण सम्बन्धी छुट्टै ऐन नभएको सन्दर्भमा रेडियो-टेलिभिजन प्रसारण तथा स्याटेलाइट र केबुल टिभीसम्बन्धी ऐन-नियम व्यवस्थित गर्ने अभ्यास प्रारम्भ गर्न सुझाव दियो । क्षेत्रिय प्रसारणको अवधारणा लिएर राष्ट्रिय भाषाका कार्यक्रम प्रसारण गर्ने, सरकारी रेडियो-टिभीमा प्रसारण हुने कार्यक्रमको उत्पादनमा निजी क्षेत्रको संलग्नता गराउने कुरा गर्दै निजी क्षेत्रलाई प्रसारण समय समेत उपलब्ध गराउने व्यवस्थाको सुनिश्चित गऱ्यो । निश्चित क्षेत्रमा एफएम प्रसारण प्रणाली स्थापना गर्ने देखि निजी क्षेत्रलाई रेडियो र टिभीमा आउन ढोका खोलेको छ । त्यही आधारमा नीजि क्षेत्रमा एक एक रेडियो र टेलिभिजन स्टेसनहरू खुल्ने आधार तय भएको हो ।

कानुनले निषेध गरेका कुरा बाहेक सबै सूचनाहरू सञ्चार माध्यमलाई उपलब्ध गराउने, मन्त्रालयमा प्रवक्ता मार्फत नियमित सूचना उपलब्ध गराउने र त्यसो गर्दा स्वदेशी सञ्चारमाध्यमलाई प्राथमिकता दिनुपर्ने सिफारिशमा उल्लेख छ । सरकारी सञ्चार माध्यमले समाचारमा विषयगत महत्वका आधारमा प्राथमिकता दिँदै ग्रामीण विकासलाई महत्व दिने सामग्री प्रस्तुत गर्नेपर्ने सुझाव दियो । प्रत्येक इलाकामा इलाका हुलाक र गाविसमा अतिरिक्त हुलाक स्थापना गरी हुलाक सेवा प्रभावकारी बनाउनुपर्ने सुझाव पनि दिएको छ । चलचित्र लगानीका निम्ति प्रोत्साहन गर्दै स्वदेशमै खिचेर स्वदेश र विदेशमा प्रसारण गरिने चलचित्रको 'सेन्सर' गर्ने व्यवस्था मिलाउने सुझाव दिएको छ । दूरसञ्चार सेवाको विकास र विस्तार गर्दै यसको सञ्चालनमा निजी क्षेत्रलाई समेत संलग्न गराउने र भौगोलिक विकटताको वर्गीकरण गर्दै त्यस आधारमा दूरसञ्चार प्रणाली स्थापना गर्ने कुरा उल्लेख गऱ्यो ।

हुलाक सेवा विभागलाई स्वशासित प्रकृतिको प्रशासनिक संरचनाको रूपमा विकास गर्ने, सुरक्षण छापाखानाको रूपमा मुद्रण विभागको छापाखाना विकास गर्ने, रासस र गोरखापत्र संस्थानको सञ्चालनका निम्ति निजी क्षेत्रमा शेयर प्रवाहित गर्न व्यवस्थापन प्रणाली निर्माण गर्ने, रेडियो नेपाल र नेपाल टेलिभिजनको प्रशासकीय संरचनालाई राष्ट्रिय प्रसारण प्राधिकरणका रूपमा विकसित गर्दै स्वायत्तरूपमा विकसित गर्ने सुझाव दियो । सूचना तथा सञ्चार मन्त्रालयका प्रमुख कार्यहरू उल्लेख गर्दै रेडियो नेपाल, नेपाल टेलिभिजन, गोरखापत्र संस्थान, राष्ट्रिय समाचार समिति जस्ता सञ्चारसम्वद्ध निकायलाई स्तरीय, स्वस्थ र वस्तुगत पत्रकारिताको संस्थागत विकासका निम्ति योगदान दिन बहुआयामिक ढंगले सुझाव प्रस्तुत गऱ्यो । नेपाल दूरसञ्चार संस्थान र नेपाल चलचित्र विकास संस्थानको सञ्चालन तथा यसले प्रदान गर्ने सेवाको गुणस्तरका सम्बन्धमा पनि सुझाव प्रस्तुत गऱ्यो ।

## ५. सूचना तथा सञ्चार क्षेत्रको दीर्घकालीन नीति, २०५९

मुलुकले अवलम्वन गरेको खुला, उदार एवं प्रतिस्पर्धात्मक परिचालनलाई आर्थिक वातावरणसँग तादाम्य राख्दै सञ्चार क्षेत्रको विकास एवं परिचालनका निम्ति यसले दिशानिर्देश गरेको छ । सरकारको नवौं योजनाले सञ्चार सुविधा अधिराज्यभर ग्रामीण स्तरसम्म पुऱ्याउने र त्यसका निम्ति आवश्यक सञ्चार पूर्वाधार क्षेत्रलाई आत्मनिर्भर बनाउने, सञ्चार प्रणालीको विस्तारका साथै यसक्षेत्रको परिचालन गरेर मुलुकको आर्थिक वृद्धिदर बढाउने, गरिवी निवारण गर्दै सामाजिक पछौटेपनलाई निर्मुल गर्ने लगायतका अभिप्राय राखी सूचना सञ्चार क्षेत्रको समुचित विकास र विस्तारलाई उच्च महत्व दिएको झल्को प्रतिवेदनमा पाइन्छ ।

मूलतः सञ्चार क्षेत्रमा निजी क्षेत्रको लगानी आकर्षित गर्दै निजी प्रयासहरूको स्वागत एवम स्वस्थ र प्रतिस्पर्धात्मक बनाउने कुरामा जोड दिएको छ । सूचना तथा सञ्चार क्षेत्रको विकासका निम्ति आधुनिक एवं सञ्चार साधनहरूको प्रयोग समन्वयात्मक र प्रतिस्पर्धात्मकढंगले गर्नुपर्ने उल्लेख छ । हुलाक र सुरक्षण मुद्रणलाई स्वायत्त बनाउने र आर्थिक दृष्टिकोणबाट दुवैलाई आत्मनिर्भर बनाउने कुरा नीतिले स्पष्ट ढंगले अभिव्यक्त गरेको छ । हुलाक क्षेत्रलाई व्यावसायिक, प्रतिस्पर्धात्मक र ग्राहकको चाहनाअनुसारका गुणस्तरीय सेवाहरू प्रदान गर्न चरणबद्ध (चारओटा) कार्यनीति तय गरेको छ । विद्यमान मुद्रण तथा प्रेस प्रविधिसम्बन्धी कानुनहरूमा परिवर्तन गरी सरकारको छपाइसम्बन्धी नीतिमा देखिएको दोहोरोपनको अन्त्य गर्ने उल्लेख गरेको छ । दूरसञ्चार क्षेत्रसम्बन्धी कार्यनीतिबारेउक्त नीतिले आर्थिक विकासमा सघाउ पुऱ्याउने किसिमबाट मुलुकका महत्वपूर्ण

स्थानहरूमा स्थानीय दूरसञ्चार सेवा तथा भरपर्दो ट्रंक सेवाको विस्तार गर्ने उल्लेख छ। फ्रिक्वेन्सी व्यवस्थापनलाई प्रभावकारी बनाउने, दूरसञ्चार क्षेत्रको विकासका लागि आवश्यक पुँजी आकर्षित गर्न, निजी क्षेत्रको लगानीलाई अभिवृद्धि गर्न नियामक निकायलाई सुदृढ बनाउने, बाह्रौं योजनाको अन्त्यसम्ममा प्रति सय व्यक्ति १५ लाइन टेलिफोनको लक्ष्य लिई दूरसञ्चार सेवालाई ग्रामीण स्तरसम्म पुऱ्याउने, नेपाल दूरसञ्चार प्राधिकरणको क्षमता विस्तार गर्ने जस्ता दीर्घकालीन नीतितर्जुमा भएको छ।

संविधानले प्रत्याभूत गरेको विचार र अभिव्यक्तिको स्वतन्त्रता तथा प्रत्येक नागरिकलाई सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हकको मूल मर्मअनुरूप सूचना र सञ्चार माध्यमहरूलाई प्रतिस्पर्धात्मक, विश्वसनीय, प्रभावकारी एवं सुदृढ बनाउने प्रावधान उल्लेख छ। सञ्चारग्रामको अवधारणाअनुरूप सूचना विभाग, प्रेस काउन्सिल र नेपाल पत्रकार महासङ्घलाई एकैथलोमा राखी समन्वयात्मक रूपमा विकास र सञ्चालन गर्ने, सूचना विभागलाई सूचना सम्प्रेषण केन्द्रका रूपमा विकसित गर्ने, सार्वजनिक सूचना केन्द्रको स्थापना र सञ्चालन गर्ने कुरा उल्लेख छ। सरकारका केन्द्रीय र स्थानीय निकायहरू तथा सूचना विभाग र सञ्चार केन्द्रहरूको बीचमा आधुनिक सञ्चार नेटवर्क स्थापना गर्ने, सञ्चार माध्यमलाई राष्ट्रिय पुँजी लगानीका उद्योगको रूपमा विकास गर्ने, लोककल्याणकारी विज्ञापन प्रवाहलाई प्रवर्द्धन गर्न, प्रेस काउन्सिललाई छापा माध्यमहरूको प्रतिनिधिमूलक स्वतन्त्र तथा सक्षम निकायका रूपमा विकास गर्ने, वितरण सम्परीक्षण समितिलाई स्वायत्तता प्रदान गरी पत्रपत्रिकाको मूल्यांकन पद्दतिलाई वस्तुगत र पारदर्शी बनाउने विषय समावेश थियो।

फोटो पत्रकारिता, कार्टुन, सूचनामूलक प्रकाशन तथा प्रसारण, अनलाइन पत्रकारिता र यससँग अन्य विधाको विकासकालागि उपयुक्त वातावरण सिर्जना गर्नुपर्ने उल्लेख गरेको छ। मिडियाको विकास र विस्तारका लागि कुनै पनि व्यक्ति, संस्था या कम्पनीलाई प्रकाशनगृह, समाचार एजेन्सी, रेडियो प्रसारण संस्था र टेलिभिजन प्रसारण संस्थामध्ये बढीमा कुनै दुईवटा माध्यम मात्र सञ्चालन गर्न अनुमतिको व्यवस्था मिलाई सञ्चारमा एकाधिकार न्यून गर्ने नीति अघिसारेको छ। तर, अनुमति दिँदा दोस्रो माध्ममममा कूल लगानीको ४० प्रतिशतसम्म मात्र लगानी गर्न पाउने प्रावधान तोकेर सीमावद्ध गरेको छ। छापा माध्यमको सञ्चालन प्रतिस्पर्धात्मकरूपमा निजी क्षेत्रबाट गराउने उल्लेख गर्दै गोरखापत्र संस्थानको सञ्चालनमा निजी क्षेत्रको सहभागिता हुनुपर्ने उल्लेख छ। त्यस्तै, समयानुकूल प्रसारण सामग्रीहरूको विविधता र प्रभावकारिताको अनुगमन एवं प्रसारण प्रणालीको व्यवस्थापनलाई सुनिश्चित गर्ने प्रशासनिक एकाइको संरचना तय गरी रेडियो, टेलिभिजन र इन्टरनेट सूचना प्रणालीलाई समानुपातिकरूपले देशव्यापी रूपमा विस्तार गर्ने कुरा समावेश छ।

विद्युतीय प्रसारण माध्यमका नियामक निकायका रूपमा राष्ट्रिय प्रसारण प्राधिकरणको स्थापना गरी रेडियो र टेलिभिजनलाई एकीकृत गरी प्राधिकरण मातहत सञ्चालन गर्न भनेको छ। भौतिक पूर्वाधारको विकास गरी रेडियो नेपाल र नेपाल टेलिभिजनलाई राष्ट्रिय प्रसारण संस्थाका रूपमा विकसित गर्ने, विदेशी श्रोताहरूलाई नेपालबारे जानकारी प्रदान गर्न वैदेशिक सेवाको कार्यक्रम अन्तर्राष्ट्रिय भाषाहरूमा प्रसारण गर्ने, देशको जुनसुकै भागबाट तत्काल सूचना प्रवाह गर्ने किसिमको संयन्त्र खडा गर्ने, क्षेत्रीय प्रसारणलाई श्रोतामुखी बनाउन राष्ट्रिय भाषाका कार्यक्रम प्रसारण गर्ने, पुरानो प्रविधिलाई नयाँ प्रविधिद्वारा विस्तापित गर्नुपर्ने उल्लेख छ।

राष्ट्रभाषा तथा राष्ट्रिय भाषाका नेपाली चलचित्रहरूको निर्माणमा प्राथमिकता दिई नेपाललाई अन्तर्राष्ट्रिय चलचित्र गतिविधि थलोका रूपमा विकसित गर्न निजी क्षेत्रलाई प्रोत्साहित गर्ने उल्लेख

छ । चलचित्र निर्माणको क्षेत्रमा विदेशी लगानीलाई आकर्षित गर्ने र नेपाली चलचित्रको अध्ययन र अनुसन्धान गर्ने उल्लेख छ । विज्ञापन व्यवसायलाई राष्ट्रिय उद्योगको रूपमा सुदृढ गर्ने कुरा यस नीति मार्फत उल्लेख गरिएको दीर्घकालीन महत्वको अर्का पक्ष हो ।

## ६. प्रेस स्वतन्त्रता माथिको ग्रहण

वि.सं. २०५० को दशकमा शसस्त्र द्वन्दको फैलिँदो प्रभाव एकातिर रहेको थियो भने अर्कातिर मुलुकको राष्ट्रिय राजनीति निकै कठिन उन्मुख भैरहेको अवस्था थियो । खासगरी राजनीतिक दलहरूलाई तत्कालीन अवस्थामा राजकीय सत्ताको नेतृत्व गरिरहेको तत्कालीन दरबारले असफल बनाउने प्रयत्न गरिरहेको थियो । त्यही श्रृङ्खलाको कडीमा २०५९ जेठ ८ गते प्रतिनिधिसभा विघटनगरी सोही बर्ष असोज १८ गते शाही घोषणा मार्फत प्रत्यक्ष शासन तत्कालीन राजाले लिएका थिए । त्यसको प्रत्यक्ष मार तत्कालीन समयमा प्रेसमाथि पर्‍यो । सञ्चार माध्यममाथि सुरक्षा कर्मी प्रयोग गरी नियन्त्रण गर्ने प्रयास भएको थियो भने विभिन्न निजी रेडियो र टेलिभिजन स्टुडियोमा आक्रमणको शैलीमा सुरक्षाकर्मी प्रवेश गरी उपकरणहरू नियन्त्रणमा लिने काम समेत भयो । यिनै पृष्ठभूमिमा सञ्चारसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश र कम्पनी अध्यादेश, २०६२ जारी गरेर सरकारले सञ्चार क्षेत्रलाई नियन्त्रण गर्ने प्रयास गर्‍यो । त्यही क्रममा २०६१ माघ १९ पछिका पन्ध्र महिनासम्म प्रजातान्त्रिक व्यवस्थामा ग्रहण लाग्न गएकोले नेपाली पत्रकारिताले पनि कठोर वन्देजको सामना गर्नु पर्‍यो ।

## ७. गणतन्त्रमा संस्थागत पत्रकारिताको विकास र प्रवर्द्धन गर्ने प्रयास

वि.सं. २०६३ को परिवर्तन पशचात मुलुकमा राजनीतिक परिवर्तनपछिको सन्दर्भका बीच सिँगो सञ्चार क्षेत्रलाई लोकतान्त्रीकरण गर्ने र संस्थागत विकास र प्रवर्धन गर्ने उद्देश्यसँग मेलखाने सञ्चार नीतिको आवश्यकता वोध गरियो । संविधानसभाद्वारा राज्य पुनर्संरचना गर्ने र संविधानको स्वरूप तयार भइरहँदा जनताको सञ्चार अधिकार र सू-सूचित हुने हकको संरक्षण सुनिश्चित गर्ने मार्गदर्शनको रूपमा उच्चस्तरीय मिडिया सुझाव आयोग गठन गरियो । नेपालको अन्तरिम संविधान, २०६३ ले पूर्ण प्रेस स्वतन्त्रता संविधानको प्रस्तावनामै उल्लेख गरियो । मौलिक हकको रूपमा धारा-१२ मा स्वतन्त्रताको हक तथा धारा-१५ मा प्रकाशन, प्रसारण तथा छापाखाना सम्बन्धी हकको प्रष्ट उल्लेख गरियो । त्यस पृष्ठभूमिमा सञ्चारकर्मीहरूद्वारा समाचार संकलन, लेखन, सम्प्रेषण तथा विचार प्रवाह गर्दा पेशागत स्वतन्त्रतालाई कानूनी संरक्षण गर्ने व्यवस्था हुनु अनिवार्य थियो । सञ्चार क्षेत्रलाई विकाससँग एकीकृत गर्दै व्यापारीकरणलाई न्यून गर्न, एकाधिकार कायम हुन नदिन र विचारमा बहुलवादी चरित्रलाई प्रोत्साहित गर्न आवश्यक थियो ।

### ७.१ उच्चस्तरीय मिडिया सुझाव आयोग प्रतिवेदन, २०६३

वि.सं. २०६३ सम्म आइपुग्दा देशको राजनीतिक व्यवस्था परिवर्तन भई संवैधानिक राजतन्त्रबाट गणतन्त्रमा देश रूपान्तरण भइसकेको थियो । राजनीतिक व्यवस्था परिवर्तन पछि २०६३ जेठ २९ र असार १९ गतेको निर्णयबाट वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारीको अध्यक्षतामा सञ्चार विज्ञहरू भएको १३ सदस्यीय आयोग गठन भयो । यो आयोग गठन गर्नुको उद्देश्य संस्थागत पत्रकारिताको विकासको सन्दर्भमा भोग्नु परेका समस्याको पहिचान गर्नु र समस्याको समाधानका लागि सुझाव दिनु थियो ।

अधिकारी आयोगले सञ्चार संस्थाहरूको संरचनागत सुधार, संवैधानिक तथा कानूनी व्यवस्थामा गरिनुपर्ने परिवर्तन, विज्ञापन नीति, सम्परीक्षण तथा वर्गीकरण, सञ्चारमा विदेशी लगानी र क्षेत्रगत सुधार बारेमा केन्द्रित भई सुझाव दिएको थियो ।

संरचनागत सुधारका बारे आमजनताको सूचनाको हक स्थापित गर्न सूचना तथा सञ्चार आयोगको गठन गर्ने, प्रसारण संस्थाहरूको व्यवस्थापनका लागि राष्ट्रिय प्रसारण प्राधिकरणको स्थापना, सार्वजनिक सेवा प्रसारण निकायको स्थापना तथा प्रेस काउन्सिललाई छापाका अतिरिक्त इलेक्ट्रोनिक र डिजिटल माध्यमबाट गरिने पत्रकारितामा आचारसंहिता कार्यान्वयन गर्न पनि थप जिम्मेवारी दिनुपर्ने सुझाव दिएको थियो ।

संवैधानिक तथा कानूनी सुधारका विषयमा आम सञ्चारको क्षेत्रलाई चौथो अङ्गको रूपमा स्वीकार गरी संरक्षण गरेको कुरा प्रत्यक्ष अनुभूति हुनुपर्ने, यसका निम्ति संविधानको प्रस्तावनामा नै लोकतान्त्रिक राज्य व्यवस्थाको निर्माणमा सञ्चार माध्यमको भूमिका अहम् रहने तथ्यलाई प्रतिविम्बित गर्ने, अभिव्यक्ति स्वतन्त्रता र सबै किसिमका सञ्चार माध्यमको स्वतन्त्रतामा राज्यले स्वेच्छाचारी किसिमबाट हस्तक्षेप गर्न नपाउने कुराको सुनिश्चितता गर्ने, जनताको सुसूचित हुन पाउने हकको आधारभूत मान्यताहरूलाई संविधानमा नै स्पष्टरूपमा प्रत्याभूति गर्न भनेको थियो । कानुनी सुधारको बारेमा आम सञ्चारको क्षेत्रमा महिला, पिछडिएका वर्ग, आदिवासी, जनजाति, दलित, मधेशी, अपाङ्गता भएकाहरूको न्यायोचित प्रतिनिधित्वका लागि विशेष संरक्षणको व्यवस्था गर्नुपर्ने सुझाव थियो ।

यस प्रतिवेदनमा संरचनागत सुधारका लागि चाहिने विशेष ऐनहरूबाहेक अन्य कानूनको हकमा पत्रकारिता र प्रकाशन/प्रसारण छाता कानूनको निर्माण गर्नुपर्ने सुझावहरू राखिएका छन् । जसअनुरूप पत्रकारिताको व्यावसायिक र श्रमजीवी पत्रकारहरूलाई समेट्ने गरी पत्रकारितासम्बन्धी कानून र प्रकाशन/प्रसारण संस्थाको सञ्चालन र दायित्वको विषयलाई समेट्ने गरी प्रकाशन/प्रसारणसम्बन्धी कानून बनाइनुपर्ने आयोगले सरकारलाई सिफारिस गरेको थियो ।

सरकारी माध्यमहरू सम्पूर्णरूपमा सरकारी नियन्त्रणबाट अलग गरिनुपर्ने, गोरखापत्र संस्थानको हकमा यसका प्रकाशनका ब्राण्ड र सम्पत्ति छुट्याई ब्राण्ड नमासिने गरी निजी क्षेत्रलाई बढाबढको आधारमा सञ्चालन गर्न दिने, यसो गर्दा संस्थानमा काम गर्ने सञ्चारकर्मी, कर्मचारीको उचित व्यवस्थापन गर्नुपर्ने र नेपाल टेलिभिजन र रेडियो नेपाललाई सार्वजनिक प्रसारण संस्थाको रूपमा ऐन बनाई रूपान्तरित गर्नु पर्ने सिफारिस गरेको थियो ।

आयोगले विज्ञापन नीतिको सम्बन्धमा विज्ञापनको प्रकृति, उद्देश्य र त्यसको असरका आधारमा "लोककल्याणकारी", "सार्वजनिक" र "व्यापारिक" भनी तीन समूहमा वर्गीकरण गरी लोककल्याणकारी र सार्वजनिक सूचनासम्बन्धी विज्ञापन राज्यले समानुपातिक किसिमबाट वितरणको व्यवस्था गर्ने र त्यस्तो सम्पूर्ण विज्ञापन केन्द्रीकृत नगरी जिल्ला विकास समितिमार्फत बाँडिनुपर्ने भनी सुझाव दिएको थियो ।

सम्परीक्षण र वर्गीकरणको बारेमा सञ्चार माध्यमको सम्परीक्षण र वर्गीकरणको काम प्रेस काउन्सिलमार्फत नभई विज्ञापनदाता, प्रकाशक, सञ्चारका उपभोक्तासमेत रहेको स्वतन्त्र सम्परीक्षण समितिबाट वस्तुनिष्ठ र पारदर्शी रूपमा हुने व्यवस्था गरी निश्चित सर्त र

सिद्धान्तका आधारमा सम्परीक्षण समितिले राष्ट्रिय, क्षेत्रीय र स्थानीय गरी तीन श्रेणीमा सञ्चार माध्यमको वर्गीकरण गर्ने व्यवस्था गर्न सिफारिश गरेको थियो ।

त्यसैगरी सञ्चार क्षेत्रमा विदेशी लगानीलाई बिस्तारै भित्र्याउँदै लैजाने नीतिलाई संसारका धेरै देशहरूले अवलम्बन गर्दै गरेको परिप्रेक्ष्यमा नेपालमा पनि विदेशी लगानीलाई गोप्य रूपमा छिर्न दिनुभन्दा पारदर्शी ढङ्गले भित्र्याउन भनेको थियो । त्यस्तै, आयोगले विदेशी लगानीलाई राष्ट्रिय तहका सबै माध्यममा आउन दिनुपर्ने सुझाव दिएको तर यस्तो लगानी ४९ प्रतिशतभन्दा बढी हुन नहुने, व्यवस्थापन प्रमुख नेपाली नागरिक नै हुनुपर्ने तथा सम्पादकीय विभागमा काम गर्ने सम्पूर्ण कर्मचारी नेपाली नै हुनुपर्ने सुझाव दिएको थियो ।

सञ्चार माध्यममा गरिनुपर्ने क्षेत्रगत सुधारहरूमा छापा माध्यमको दर्ता गृह प्रशासनमा गर्ने कुरा अव्यावहारिक देखिएकाले जिल्ला विकास समितिलाई पत्रपत्रिका दर्ता गर्ने काम सुम्पिने र पत्रपत्रिकाको नाम दोहोरिन नदिन सोको अभिलेख सूचना विभागमा पठाई वा विभागको वेबसाइटमा अद्यावधिक गरी तीन दिनभित्र दर्ता हुनुपर्ने उल्लेख थियो । त्यसैगरी, श्रमजीवी पत्रकारको हकमा अन्य व्यवस्थाका अतिरिक्त पाँच वर्ष पुराना संस्थाले आफ्ना सम्पूर्ण कर्मचारी मध्ये एक तिहाइलाई अनिवार्य रूपमा स्थायी नियुक्ति दिनुपर्ने तथा करारका कर्मचारीले उपदान, बिदा र औषधि खर्च स्थायीसरह पाउने अनिवार्य व्यवस्था गर्नुपर्ने सुझाव थियो ।

रेडियो माध्यमलाई प्रसारणको इजाजत दिँदा त्यस्तो प्रसारण माध्यमको उद्देश्य सार्वजनिक सेवा वा व्यापारिक वा सामुदायिक कुन किसिमको हो र राष्ट्रिय, क्षेत्रीय वा स्थानीय कुन हो सो कुरा सेवा र क्षेत्रको प्रकृतिका आधारमा वर्गीकरण गरी सार्वजनिक सेवा प्रसारण र सामुदायिक रेडियो माध्यमलाई राज्यले विशेष सहुलियत र सुविधा दिने व्यवस्था गर्नुपर्ने सिफारिश गऱ्यो ।

एफएम रेडियोको इजाजतको प्रक्रिया सरल र पारदर्शी बनाई सार्वजनिक प्रसारणका लागि दुई वटा र व्यापारिक प्रसारणका लागि बढीमा तीन वटा फ्रिक्वेन्सी राष्ट्रियस्तरको प्रसारणका रूपमा राज्यले सुरक्षित राख्नुपर्ने भन्दै ३० वाटसम्म क्षमताका एफएम स्टेसन स्थानीय निर्वाचित निकाय र विश्वविद्यालयहरूले आफै सञ्चालन गर्न पाउनु पर्ने सुझाव प्रस्तुत गऱ्यो ।

टेलिभिजनको हकमा टेलिभिजन माध्यमलाई सेवामूलक र नाफामूलक उद्देश्यका आधारमा सार्वजनिक सेवा प्रसारण र व्यापारिक प्रसारण भनी वर्गीकरण गरी सार्वजनिक सेवाको उद्देश्यले सञ्चालन गरेको टेलिभिजनलाई राज्यले विशेष सहुलियत र सुविधा दिनुपर्ने र सार्वजनिक सेवा प्रसारणको रूपमा टेलिभिजन सञ्चालन गरेबापत कम्पनी ऐन अन्तर्गतका करहरू वाहेक अन्य कर र शुल्कहरू नलाग्ने व्यवस्था गर्ने हुनुपर्ने भनेको थियो ।
केबुल टेलिभिजनले आफैं कार्यक्रम उत्पादन गरी प्रसारण गर्न चाहेमा उत्पादनको स्वीकृति लिई प्रसारण गर्न पाउने व्यवस्था गरी केबुल टेलिभिजन माध्यमहरूले इमेल, फोन तथा भिडियो अनलाइनजस्ता सेवाहरू सञ्चालन गर्न पाउने व्यवस्था गर्न सुझाव दिएको छ ।

चलचित्र व्यवसायलाई प्रोत्साहन गर्न चलचित्र निर्माणका लागि पूर्व इजाजत लिनुपर्ने सबै खाले व्यवस्था खारेज गरी चलचित्र प्रदर्शन पूर्व भिजुअल सेन्सरसिपलाई खारेज गरी चलचित्र ग्रेडिङको व्यवस्था गर्नुपर्ने भनेको थियो । त्यसैगरी, नेपालका विभिन्न भाषा-

भाषीमा चलचित्र निर्माणका लागि प्रोत्साहन गर्न राज्यले अनुदान, सहुलियत र सुविधा दिनुपर्ने भन्दै सूचनाको महामार्ग (फाइबर अप्टिक र माइक्रोवेभ ट्रान्समिसन लिंक) हरूमा निजी क्षेत्रले  लगानी गर्न पाउने र सेवा प्रदायक निकाय र पूर्वाधार सञ्चालन गर्ने निकाय फरक हुनुपर्ने सिफारिश गऱ्यो ।

सूचना प्रविधिमा डिजिटल माध्यमलाई आम सञ्चारको मान्यता दिई यसको स्वतन्त्रतालाई सुनिश्चित गरी डिजिटल माध्यमसम्बन्धी कुनै पनि प्रकारका सेवा प्रदायक कम्पनीहरूबीच खुला प्रतिस्पर्धाको व्यवस्था हुनुपर्ने जस्ता सुझाव दिएको देखिन्छ ।

## ८. सङ्घीय लोकतान्त्रिक गणतन्त्र अनुकूलको नयाँ सञ्चार नीति

नेपाल सरकार मन्त्रिपरिषद्को २०७२ माघ २० गते निर्णयबाट प्रशासकीय अदालतको अध्यक्ष मा. काशीराज दाहालको अध्यक्षतामा प्रेस काउन्सिलका अध्यक्ष वोर्णबहादुर कार्की र नेपाल पत्रकार महासङ्घका अध्यक्ष डा. महेन्द्र विष्ट सदस्य रहेको सूचना तथा सञ्चार सम्बन्धी उच्चस्तरीय समिति गठन भयो । समितिलाई पूर्णता दिने कार्य २०७२ फागुन ३ को मन्त्रीस्तरीय निर्णयबाट भयो । समितिले पूर्णता पाएपछि यो समिति अध्यक्ष सहित २१ सदस्यीय भयो ।

नेपालको संविधान (२०७२) ले सञ्चारसम्बन्धी हकको व्यवस्था गर्दै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चित गरेको छ । संविधानमा सञ्चारसम्बन्धी हकको साथै सूचनाको हकको प्रत्याभूति गरेको छ । संविधानको धारा ५६ मा राज्यको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था छ । सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार धारा ५७ बमोजिम संविधानको अनुसूची- ५, ६, ७, ८ र ९ मा उल्लेख छ । यस व्यवस्थालाई लागू गर्न सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार कानुनद्वारा स्पष्ट गर्नु आवश्यक छ ।

आधुनिक विश्वमा इन्टरनेटबाट हुने सामाजिक सञ्जालले अभिव्यक्ति स्वतन्त्रतालाई सहज बनाई सामाजिक अन्तरसम्बन्धलाई फराकिलो बनाएको छ । तर, त्यही इन्टरनेटबाट संचालित सञ्चार र सामाजिक संजाललाई गलत तत्व र समूहले समाजलाई अप्ठ्यारोमा पार्न र विध्वङ्स मच्चाउन प्रयोग गर्न सक्ने अवस्था छ । यी सबै समस्या र चुनौतीलाई मध्यनजर गरी नयाँ संविधानका अन्तर्निहित सिद्धान्त र विश्वमा विकसित सूचना तथा सञ्चार सम्बन्धी नविनतम् मान्यता र प्रविधिलाई नेपालको सन्दर्भमा समेत आत्मसात गरी नागरिकको सुसूचित हुने हकको सम्मान र प्रचलन गराउन एवम् लोकतन्त्रको संरचनागत सुदृढीकरणका निम्ति सोही अनुरूपको नीति, कानुन र नियामक निकायको आवश्यकता रहेको सन्दर्भमा नयाँ सूचना तथा सञ्चार सम्बन्धी नीति बनाई लागू गर्नु जरूरी छ ।

मुलुकको परिवर्तन दीगो हुन इतिहासबाट पाठ सिक्दै समाजका राम्रा परम्परा र संस्कृतिको जगेर्ना गर्न सकेमा नै मुलुक समृद्ध हुन सक्दछ । यसै मान्यतालाई मनन् गर्दै नेपालको संविधान(२०७२) ले ऐतिहासिक सम्पदाको संरक्षण र सम्बर्द्धन गर्ने गरी सामाजिक र सांस्कृतिक रूपान्तरणसम्बन्धी नीति निर्धारण गरेको छ । यससन्दर्भमा सञ्चारमाध्यमको सबैभन्दा पुरानो संस्था हुलाकको महत्वलाई आत्मसात् गर्दै संविधानले हुलाकको सञ्चालन र व्यवस्थापनको विषय सङ्घको अधिकारभित्र राखेको छ । यस अवस्थामा विद्यमान हुलाक प्रणालीको पुनरावलोकन, पुनर्संरचना र स्तरोन्नति गर्नु आवश्यक छ । यस्तै छापा माध्यमको रूपमा पहिलो अखबारको इतिहास बनाएको गोरखापत्र, रेडियोको इतिहासमा पहिलो बनेको रेडियो नेपाल, टेलिभिजनको रूपमा पहिलो स्थापना भएको नेपाल टेलिभिजनसमेतको अस्तित्व र पहिचान कायम राखी जनताको लोकप्रिय सञ्चार

माध्यममा तिनीहरूको विकास गर्न सोहीअनुरूपको कानुन, पूर्वाधार निर्माण, कार्यक्षेत्र विस्तार, जनशक्तिको व्यवस्थापन, क्षमता विकास, स्वायत्तता र स्तरोन्नति गरी राज्यका नीति तथा कार्यक्रमलाई सबै भूगोल र क्षेत्रमा छिटो, छरितो, विश्वसनीय र प्रभावकारी ढङ्गले पुऱ्याउन तथा जनताका समस्यालाई उजागर गरी जनताको आस्थाको धरोहरको रूपमा विकास गरिनु आवश्यक छ ।

नेपालमा लोकतान्त्रिक राज्यव्यवस्थाको स्थापनामा नेपाली मिडियाको महत्वपूर्ण भूमिका रहेको यस पृष्ठभूमिमा नेपाल अधिराज्यको संविधान, २०४७ ले सञ्चार माध्यमको स्वतन्त्रतालाई मौलिक हकको रूपमा मान्यता दिएको कारण तत्कालीन राजाको प्रत्यक्ष शासनको समयमा सञ्चारमाध्यमप्रति गरिएको वन्देजी र अवरूद्धका विरूद्ध अदालतबाट समेत सञ्चार माध्यमको पक्षमा महत्वपूर्ण फैसलाहरू भएका छन् । अहिलेको समयमा पत्रकारिताको क्षेत्रमा डिजिटल माध्यम, रेडियो, टेलिभिजन, अनलाइनको प्रभाव र विस्तार बढ्दो देखिए पनि छापामाध्यमको महत्व पनि त्यतिकैं रहेको छ । आम नागरिकमा सहजरूपमा सूचना पहुँच बढाउन छापामाध्यम, रेडियो टेलिभिजन, अनलाइनलगायतका सञ्चार माध्यमको स्वतन्त्रताको प्रत्याभूतिका साथै मर्यादित पत्रकारिताको विकासमा आवश्यक पर्ने कानुनहरूको निर्माण, नियामक निकायको स्थापना, क्षमता अभिवृद्धि, सीप विकास, श्रमको सम्मान, गुणस्तरीय पत्रकारिता शिक्षाको विकास, पत्रकारिताको क्षेत्रमा उत्पादित सक्षम जनशक्तिलाई राज्यव्यवस्थामा अवसरको प्रत्याभूति जस्ता व्यवस्थाको सुनिश्चितताद्वारा पत्रकारिता क्षेत्रलाई समृद्ध र विश्वसनीय बनाउन राज्यको ध्यान केन्द्रित हुनु आवश्यक छ । यसैगरी, चौथो अङ्गको रूपमा रहेको पत्रकारिता क्षेत्रले आफ्नो सिर्जनशील भूमिकाद्वारा नेपालको संविधानले निर्दिष्ट गरेको सुशासनयुक्त जनउत्तरदायी राज्यव्यवस्थाको निर्माण गर्नमा उल्लेख्य भूमिका रहने कुरालाई आत्मसात् गर्दै सम्पादकीय नीतिको सार्वजनिकीकरण र स्वनियमन प्रणालीको विकासद्वारा पत्रकारिता क्षेत्रप्रतिको जनविश्वासमा अभिवृद्धि गर्नु आवश्यकछ ।

## परिच्छेद-३

**प्रस्तावित**

# राष्ट्रिय आमसञ्चार नीति, २०७३

**प्रस्तावना**

नेपालको संविधान (२०७२) मा व्यवस्था भएअनुरूप सबै प्रकारका विभेदको अन्त्य गरी सामाजिक तथा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माणका निम्ति नेपाली समाजको विविधता र बहुलवादलाई प्रतिनिधित्व गर्ने स्वतन्त्र, स्वच्छ समाजप्रति उत्तरदायी र जिम्मेवार आमसञ्चार माध्यमको भूमिकालाई मनन् गर्दै,

मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, महासन्धि र अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूले प्रत्याभूत गरेका सिद्धान्तलाई आत्मसात् गरी सञ्चारमाध्यमको स्वतन्त्रताको संरक्षणका निम्ति आवश्यक पर्ने कानुनको निर्माणद्वारा दिगो शान्ति, सुशासन, विकास, सामाजिक सद्भाव र समृद्धिको आकांक्षा पूरा गर्न आमसञ्चारमाध्यमको भूमिकालाई आत्मसात् गर्दै,

भौगोलिक अखण्डता, राष्ट्रियता वा सङ्घीय इकाई वा विभिन्न जातजाति, धर्म वा सम्प्रदायबीचको सु-सम्बन्धलाई बलियो बनाई सौहार्दपूर्ण अन्तरजातीय, अन्तरभाषिक र अन्तरसांस्कृतिक सम्बन्धको सेतुका रूपमा काम गर्न सक्ने आमसञ्चारमाध्यमको भूमिकालाई दृष्टिगत गर्दै,

शिक्षा, ज्ञान-विज्ञान, सूचना, स्वस्थ मनोरञ्जन, विकास, संस्कृतिको संरक्षण, वातावरण संरक्षण र समाजको पहरेदारीको भूमिका निर्वाह गर्ने आमसञ्चार प्रणालीको विकासका लागि ठूला, मध्यम र साना लगानीका सबै खालका आमसञ्चारमाध्यमको समविकासको आवश्यकतालाई बोध गर्दै,

सूचनाको पहुँच सबै भूगोल, समुदाय र जनतासम्म विस्तार गरी सूचनाको हकको सम्मान र प्रचलनद्वारा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण गर्ने दृढता व्यक्त गर्दै,

जनताको दैनिक जीवनयापनका आवश्यकता, सरोकार र हितका विषयमा जानकारी दिने स्वस्थ, मर्यादित, जिम्मेवार र उत्तरदायी आमसञ्चार क्षेत्रको विकास गर्न नेपाल सरकारद्वारा गठित 'सूचना तथा सञ्चारसम्बन्धी उच्चस्तरीय समितिले सिफारिश गरेअनुरूप आमसञ्चारको विकास गर्ने उद्देश्यका साथ नेपाल सरकारद्वारा राष्ट्रिय आमसञ्चार नीति, २०७३ जारी गरिएको छ ।

## १. आमसञ्चार नीतिका उद्देश्यहरू

१.१ नेपाली जनताको अभिव्यक्ति स्वतन्त्रताको हकलाई प्रचलन गराई स्वच्छ, निष्पक्ष, लोकतान्त्रिक मान्यतामा आधारित आत्मनिर्भर, जवाफदेही र उत्तरदायी आमसञ्चारमाध्यमद्वारा जनताको सुसूचित हुने अधिकार सुनिश्चित गरी सभ्य र समृद्ध समाज स्थापना गर्ने ।

१.२ निर्वाध प्रेस स्वतन्त्रताको अभ्यास एवम् आमसञ्चारमाध्यमको अधिकतम उपयोगद्वारा सूचना र ज्ञानको प्रवाह गरी मुलुकलाई सूचना तथा ज्ञानमा आधारित सूचना-समाजमा रूपान्तरण गरी लोकतान्त्रिक समाजको विकास गर्ने ।

१.३ आमसञ्चार क्षेत्रको गुणस्तर वृद्धि गरी पत्रकारिताप्रतिको विश्वसनियता अभिवृद्धि गर्ने ।

१.४ आमसञ्चारमाध्यममा सबै वर्ग, क्षेत्र, जाति, भाषा, लिङ्ग र समुदायको पहुँच बढाई स्वच्छ जनमत निर्माण गर्ने प्रभावकारी माध्यमको रूपमा सञ्चार क्षेत्रको विकास गर्ने ।

१.५ महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता, मधेशी, सीमान्तकृत समुदाय र पछाडि परेका क्षेत्र, वर्ग र समुदायको आमसञ्चारको क्षेत्रमा प्रतिनिधित्व बढाई क्रियाशील तुल्याउन प्रोत्साहित गर्ने ।

१.६ सञ्चार क्षेत्रलाई आत्मनिर्भर बनाउँदै स्वतन्त्र, निष्पक्ष, व्यावसायिक, मर्यादित र जनउत्तरदायी सञ्चारमाध्यमको विकासद्वारा मुलुकमा सुशासनको प्रवर्द्धन गर्ने ।

१.७ आमसञ्चारमाध्यमलाई स्वनियमन र स्वमूल्याङ्कनका लागि अभिप्रेरित गरी स्वच्छ, स्वस्थ र मर्यादित पत्रकारिताको विकास गर्ने ।

१.८ सूचना तथा सञ्चारप्रविधियुक्त सञ्चार प्रणालीको विकासद्वारा समाजमा रहेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने ।

१.९ मुलुकले अपनाएको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई संस्थागत गर्दै जनताको जीवनस्तर उठाउन सहयोगी माध्यमको रूपमा सूचना तथा सञ्चार प्रणालीको विकास गर्ने ।

## २. आधारभूत नीति

२.१ विचार अभिव्यक्ति, पूर्ण प्रेस स्वतन्त्रता र सूचना प्रवाहको स्थापित अन्तर्राष्ट्रिय मूल्य, मान्यता तथा प्रचलन एवम् नेपालको संविधानले आत्मसात् गरेको सिद्धान्त अनुकूल प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको निर्वाध प्रयोगका निम्ति आवश्यक पूर्वाधारको निर्माण गरी पूर्ण प्रेस स्वतन्त्रताको सुनिश्चितता गरिनेछ ।

२.२ विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति र सम्प्रदायबीच पारस्परिक सद्भाव, सहिष्णुता र ऐक्यबद्धता कायम गरी सङ्घीय इकाईबीच परस्परमा सहयोगात्मक सम्बन्ध विकास गर्दै राष्ट्रिय हित र राष्ट्रिय एकताको प्रवर्द्धनद्वारा समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सूचना तथा सञ्चार प्रणालीको विकास गरिनेछ ।

२.३ मुलुकको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, एकता, सामाजिक सद्भाव र राष्ट्रिय हितलाई सुदृढ गर्ने तथा गरीबी, अशिक्षा, उत्पीडन र अभावबाट ग्रस्त नागरिकको जीवनस्तर उकास्ने लक्ष्यका साथ उद्यमशीलता, स्वावलम्बन र सिर्जनात्मक कार्यलाई अभिप्रेरित गर्न एवम् उत्प्रेरकको भूमिका निर्वाह गरी आर्थिक सामाजिक विकासको प्रवर्द्धन गर्ने उद्देश्यले छापा, रेडियो, टेलिभिजन, अनलाइन, इन्टरनेट जस्ता सूचना प्रणालीलाई प्रोत्साहन गरिनेछ । त्यस्तै सूचना र प्रविधिको तीव्र विकासलाई आत्मसात् गर्दै छापा, रेडियो, टेलिभिजन, अनलाइनजस्ता सूचना तथा सञ्चार प्रविधिको एकीकृत सेवा र सुविधालाई प्रविधिगत सम्मिलनबाट (Convergence) निर्मित समुन्नत सूचना प्रणालीलाई प्रोत्साहन गरिनेछ ।

२.४ सञ्चारमाध्यमले शिक्षा, सामाजिक उत्तरदायित्व, विज्ञान तथा प्रविधि, पर्यटन,

जनस्वास्थ्य, वातावरण संरक्षण, कृषि, जलस्रोत, ग्रामीण विकास तथा पूर्वाधार, उपभोक्ता अधिकार तथा जनचेतना र सुशासनमूलक समाचार र सामग्री प्रकाशन तथा प्रसारण गर्न प्रोत्साहन गरिनेछ ।

२.५ पत्रकारिताको गुणस्तर वृद्धि र व्यावसायिक विकासका लागि आमसञ्चारमाध्यमलाई सम्बन्धीत भूगोलमा बसोबास गर्ने जनसङ्ख्याप्रति लक्षित राष्ट्रिय, प्रादेशिक वा स्थानीय, सेवामूलक वा व्यापारिक उद्देश्यका साथ सञ्चालित समाचारमाध्यम तथा स्वरोजगार, साना, मझौला र ठूलो लगानीका आधारमा वर्गीकरण गरी सूचना र ज्ञानमा आधारित सञ्चार माध्यमलाई सेवामूलक सञ्चार उद्योगको रूपमा मान्यता दिई सहुलियत प्रदान गरिनेछ ।

२.६ समाचारमाध्यमको सत्यता, निष्पक्षता, विश्वसनीयता, सन्तुलित, स्वच्छता, जिम्मेवारी र जवाफदेही वहन गर्ने लक्ष्य अनुरूप घृणा, विद्वेष फैलाउने वा हिंसालाई बढावा दिने किसिमका सामग्री प्रवाह गर्न निरूत्साहन गरी स्वच्छ र मर्यादित पत्रकारिताको विकासका निम्ति समाचारमाध्यमहरूलाई आमपाठक, श्रोता र दर्शकहरूले थाहा पाउने गरी लिखितरूपमा सार्वजनिक स्वनियमन र स्वमूल्याङ्कनको व्यवस्था गर्दै सम्पादकीय नीति सार्वजनिक गर्न प्रोत्साहन गरिनेछ ।

२.७ सूचना र आमसञ्चारसम्बन्धी कानुनहरूको पुनरावलोकन गरी सूचना तथा सञ्चारसम्बन्धी अन्तर्राष्ट्रिय मूल्य र मान्यता एवम् नेपालको संविधानको मर्म र भावनालाई आत्मसात् गर्दै आमसञ्चार स्वतन्त्रता सुनिश्चित गरी समाचारमाध्यमहरूको स्थापना, सञ्चालन र विकासका निम्ति मुलुकमा आएको परिवर्तनलाई संस्थागत गर्न आवश्यक पर्ने कानुनहरू निर्माण गरिनेछ ।

२.८ रेडियो, टेलिभिजन, छापा, अनलाइन माध्यमका लेख्य, श्रव्य र दृश्यमार्फत प्रस्तुत सामग्रीमा समाजको विविधता र बहुलता तथा भाषा र प्रस्तुतिको शिष्टता प्रवर्द्धन गरी पहुँचकै अनुपातमा देशका सबै भूभागका अन्तर्वस्तु उत्पादन गराउन र स्थानीय समाचारमाध्यममा अधिकतम सामग्री स्थानीय विषयवस्तुमा आधारित भएर उत्पादन गराउन प्रोत्साहन गरिनेछ। उच्चतम व्यावसायिक अभ्यास गर्दै तयार गरिएका पाठ्य वा श्रव्य-दृश्य तस्वीर, रेखाचित्र एवम् कार्टुन विधा समावेश भएको सन्तुलित सामग्री उत्पादनमा प्रोत्साहन र प्रवर्द्धन गरिनेछ ।

२.९ लोकतान्त्रिक मूल्य र मान्यताको प्रवर्द्धनका निम्ति सुशासन तथा पारदर्शिताको सुनिश्चितता एवम् आमसञ्चारमाध्यमको स्वतन्त्र रूपमा सञ्चालन र विकासका लागि लगानीको स्रोतको वैधानिक एवम् आर्थिक पारदर्शिताको सुनिश्चितता गरी सञ्चार माध्यममा राष्ट्रिय लगानीलाई प्रोत्साहन गरिनेछ । समाचारमाध्यमको स्वस्थ एवम् प्रतिस्पर्धात्मक विकासका लागि व्यावसायिक योजना विना निहित स्वार्थका साथ समाचारमाध्यममा लगानी गर्ने अस्वस्थ प्रवृत्तिलाई निरूत्साहन गरिनेछ ।

२.१० स्वरोजगार सिर्जना गर्ने साना लगानीका सञ्चारमाध्यमलाई प्रोत्साहन गरिनेछ ।

२.११ नेपाली जनताको विचार र अभिव्यक्ति स्वतन्त्रता र राष्ट्रिय हितमा असर नपुऱ्याउने गरी पूर्वाधार र प्रविधिको विकासमा विदेशी लगानी खुला गर्नुपर्ने अवस्थामा

प्रकाशन र प्रसारण माध्यममा सम्पादकीय स्वतन्त्रताको सुनिश्चितताका निम्ति विशेष शर्तहरू तोकी त्यस्तो सञ्चारमाध्यममा पत्रकार, कामदार र कर्मचारी नेपाली नागरिक मात्र रहने व्यवस्था गरिनेछ। विदेशी लगानीकर्ताको भूमिका निर्णायक हुने गरी विदेशी लगानीलाई प्रोत्साहन गरिने छैन।

२.१२ नेपालको संविधान र राष्ट्रिय हित प्रतिकूल सञ्चार सामग्रीको उत्पादन, विक्रीवितरण र प्रवाहमा कुनै पनि किसिमका स्वदेशी वा विदेशी लगानीलाई नियन्त्रण गर्न प्रभावकारी अनुगमन र कारबाहीको व्यवस्था गरिनेछ।

२.१३ विदेशी पत्रपत्रिकाको नेपाल संस्करण वा मुद्रण एवम् विदेशी रेडियो र टेलिभिजनको प्रसारण, पुनः प्रसारण, रिले प्रसारण र विदेशी उत्पादनको नेपाली भूमि र माध्यमबाट प्रसारण गरिने सामग्रीमा राष्ट्रिय हितलाई सर्वोपरि ठानी नेपालको संविधानको मर्म र भावना अनुकूल हुने गरी कानुनद्वारा व्यवस्थित गरिनेछ।

२.१४ स्वस्थ र मर्यादित पत्रकारिताको विकासका निम्ति मिडिया एकाधिकार (Media Monopoly) र मिडिया सघनताबाट (Media Concentration) उत्पन्न हुन सक्ने नकारात्मक परिणामलाई निरूत्साहन गर्न छापा र विद्युतीय एउटै प्रकृतिको राष्ट्रियस्तरको प्रकाशन वा प्रसारण माध्यमको स्वामित्व धारण वा सञ्चालन गरेको एक व्यक्ति, परिवार वा समूहलाई अन्य प्रकाशन वा प्रसारण माध्यमको स्वामित्वमा निर्णायक हिस्सा नहुने गरी निश्चित शर्तसहित लगानीको सीमा तोक्ने सम्बन्धमा आवश्यक कानुनी व्यवस्था गरिनेछ।

२.१५ सञ्चारमाध्यमलाई राज्यद्वारा लोककल्याणकारी कार्यक्रमका निम्ति प्रोत्साहन स्वरूप प्रदान गरिने लोककल्याणकारी विज्ञापन र खुला बजारबाट हुने उपभोक्ता केन्द्रित विज्ञापनको प्रभावकारी व्यवस्थापनको आवश्यक व्यवस्था मिलाइनेछ। आमसञ्चारमाध्यमलाई देशको विविधताको प्रतीकका रूपमा विकसित गर्न लोककल्याणकारी विज्ञापनमार्फत दुर्गम क्षेत्रबाट प्रकाशन वा प्रसारण हुने र मातृभाषामा प्रकाशन वा प्रसारण हुने महिला, दलित, आदिवासी जनजाति, मधेशी समुदाय र अपाङ्गता भएका व्यक्तिबाट सञ्चालित सञ्चारमाध्यमहरूलाई विशेष प्रोत्साहन गरिनेछ। महिला, दलित, आदिवासी जनजाति, मधेशी, पिछडा वर्ग, सीमान्तकृत समुदाय र अपाङ्गताको विषयलाई महत्व दिई सामग्री उत्पादन गर्ने पत्रकार, प्रस्तोता, सम्पादकजस्ता पदहरूमा ती वर्ग र समुदायका व्यक्तिहरूलाई अधिकतम रूपमा समावेश गर्न सञ्चारमाध्यमहरूलाई प्रोत्साहन गरिनेछ।

२.१६ छापा, रेडियो, टेलिभिजन र अनलाइन माध्यमको विशिष्टतालाई दृष्टिगत गरी उल्लिखित सबै माध्यममा प्रकाशित वा प्रसारित हुने व्यापारिक विज्ञापनको अन्तर्वस्तुमा प्रभाव पर्न र उपभोक्तामा भ्रम सिर्जना हुन नदिन विज्ञापनसम्बन्धी एकीकृत कानुन निर्माण गरी नियामक निकायद्वारा नियमनको प्रभावकारी व्यवस्था गरिने छ। विज्ञापन बजारको प्रयोजनका लागि आवश्यक पर्ने समाचार माध्यमहरूको लोकप्रियता र प्रसारको आवधिक सूचना सङ्कलन गर्न विज्ञापनदाता उद्यमी, विज्ञापन एजेन्सी र समाचार माध्यमका सञ्चालक समावेश हुने गरी वितरण सम्परीक्षण समिति गठन गर्न प्रोत्साहन गरिनेछ।

२.१७ राष्ट्रिय एकतालाई सुदृढ गर्न, सांस्कृतिक, जातीय, भौगोलिक र भाषिक विविधताबीच सद्भाव र सौहार्दपूर्ण संवाद कायम गराउन तथा सङ्कटपूर्ण अवस्थामा समेत सूचना प्रवाहलाई निरन्तरता दिन नेपाली जनताप्रति उत्तरदायित्व वहन गर्ने राष्ट्रव्यापी पहुँच भएको स्वायत्त निकायको रूपमा राष्ट्रिय सार्वजनिक सेवा प्रसारकको स्थापना गरिनेछ ।

२.१८ आमसञ्चारमाध्यमको अभिलेखीकरण, इजाजत, सरकारी विज्ञापनको समानुपातिक वितरण, श्रमजीवी पत्रकार, कर्मचारी र कामदारको श्रम विवादमा मध्यस्थता, नियमन र संस्थागत विकास, टेलिभिजन सिग्नल र उत्पादन, वितरण सम्बन्धी अनुमति, नवीकरण, नियमन र प्राविधिक अनुगमनका लागि आवश्यक कार्य गर्ने प्रेस रजिष्ट्रार कार्यालय र न्यूनतम पारिश्रमिक निर्धारण समितिले गरिआएका कामहरूसमेत गर्ने गरी आवश्यकता अनुसार राष्ट्रिय आमसञ्चार प्राधिकरण जस्ता निकायहरू स्थापना गर्न आवश्यक कानुनी व्यवस्था गरिनेछ ।

२.१९ प्रेस काउन्सिललाई पत्रकारिता क्षेत्रको आचारसंहिता अनुगमन गर्ने र आचारसंहिता उल्लङ्घनसम्बन्धी उजुरी सुनुवाइ गर्ने स्वतन्त्र, स्वायत्त र सक्षम निकायको रूपमा विकास गरिने छ। स्वतन्त्र र सक्षम व्यक्तिहरू रहेको सिफारिश समितिको सिफारिशमा पत्रपत्रिका, रेडियो, टेलिभिजन, अनलाइन लगायतका आमसञ्चार माध्यमका उपभोक्ताको समेत प्रतिनिधित्व हुने गरी समानुपातिक समावेशी सिद्धान्तको आधारमा काउन्सिलमा अध्यक्ष र सदस्यहरूको नियुक्तिको व्यवस्था गरिनेछ। आचारसंहिता उल्लङ्घनका सम्बन्धमा सम्बन्धीत पक्षको उजुरी वा स्वजानकारीका आधारमा काउन्सिलले दुवै पक्षको कुरा सुनी मेलमिलाप गराउने वा मध्यस्थको प्रक्रियाद्वारा समस्या समाधान गर्ने व्यवस्था गर्न सोही अनुरूपको कानुन तर्जुमा गरी प्रेस काउन्सिललाई सक्षम बनाइने छ ।

२.२० पत्रकारिता पेशालाई व्यावसायिक र मर्यादित बनाउन आमसञ्चारसम्बन्धी अध्ययन, अनुसन्धान र प्रशिक्षणद्वारा सञ्चारकर्मीहरूको सीप तथा दक्षता अभिवृद्धि र अद्यावधिक गर्न एवम् उच्चतम व्यावसायिक अभ्यासका लागि प्रेरित गर्न राष्ट्रिय आमसञ्चार प्रशिक्षण प्रतिष्ठान स्थापना गरिनेछ। नेपाली समाचार माध्यममा सबै जातजाति र सबै समुदायको उपस्थिति बढाउन प्रतिष्ठानले समानुपातिक समावेशी नीतिअनुसार सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत तथा अपाङ्गता भएका व्यक्तिहरूलाई पत्रकारिता पेशामा आबद्ध गरी समाचार कक्षलाई समावेशी बनाउन सोही अनुरूपको कार्यक्रम सञ्चालन गरिनेछ। यसैगरी उल्लिखित समुदायको पत्रकारितासम्बन्धी उच्च शिक्षामा सहभागिता वृद्धि गर्न आवश्यक छात्रवृत्तिका लागि प्रोत्साहन गरिने छ ।

२.२१ पत्रकारिता र सञ्चार क्षेत्रको इतिहास र प्रविधिको विकासक्रम झल्किने गरी सूचना तथा सञ्चार क्षेत्रमा प्रयोग भएका सामग्रीहरूको समूह र प्रदर्शनी, यस क्षेत्रका पुराना उपकरण, सामग्री तथा प्रकाशनको सङ्कलन र संरक्षण एवम् आमसञ्चार क्षेत्रको अध्ययन, अनुसन्धानका लागि नेपाल सञ्चार सङ्ग्रहालय तथा अध्ययन प्रतिष्ठान स्थापना गरिनेछ ।

२.२२ सूचना तथा सञ्चार प्रविधिसम्बन्धी सेवाहरू, रेडियो, टेलिभिजन र इन्टरनेट सेवाको व्यापक पहुँच एवम् विस्तार गर्न सोही अनुरूप कार्यक्रम तर्जुमा गरी लागू गरिने छ । यसैगरी प्रसारण क्षेत्रलाई डिजिटल प्रणालीमा रूपान्तरण गरिने छ ।

२.२३ श्रमजीवी पत्रकारको सेवा, शर्त र सुविधा सुनिश्चित गर्दै त्यससम्बन्धी कानुनको कार्यान्वयनको आधारमा सञ्चारमाध्यमको वर्गीकरण र लोककल्याणकारी तथा अन्य सरकारी विज्ञापन एवम् सुविधा र सहुलियत प्रदान गर्ने व्यवस्था मिलाइनेछ। यसैगरी श्रमजीवी पत्रकारसम्बन्धी ऐनबमोजिम श्रमजीवी पत्रकार, कर्मचारी र कामदारलाई सुविधा प्रदान गर्ने सञ्चार प्रतिष्ठानलाई प्रोत्साहन गरिने, कानुन कार्यान्वयन नगर्ने सञ्चारमाध्यमलाई सुविधाबाट वञ्चित गरिने र कारबाही गर्ने प्रणालीको विकास गरिनेछ ।

२.२४ राज्यको सञ्चार तथा आमसञ्चारसँग सम्बन्धीत संरचना र निकायलाई संविधानको मौलिक हकमा व्यवस्था भएअनुसार समानुपातिक समावेशी बनाइनेछ ।

२.२५ पत्रकारिता क्षेत्रमा निरन्तर रूपमा लामो समयसम्म योगदान पुऱ्याएका ज्येष्ठ पत्रकारहरूलाई मासिक वृत्ति प्रदान गर्न "ज्येष्ठ पत्रकार सम्मान वृत्ति कोष" स्थापना गरी लागू गरिनेछ। साथै कार्यक्षेत्रमा रहँदा कुनै दुर्घटनामा परी घाइते भएका वा दीर्घ रोगबाट पीडित/ग्रसित पत्रकारको उपचारका लागि एक पत्रकार कोष स्थापना गरी सञ्चालन गर्न आवश्यक व्यवस्था गरिनेछ ।

## ३. विषयगत नीति

### ३.१ सेवा प्रसारण

३.१.१ फ्रिक्वेन्सीलाई राष्ट्रिय स्रोत मानी सोही आधारमा राष्ट्रिय फ्रिक्वेन्सी बाँडफाँड तथा वितरण योजना बनाइनेछ। त्यस्तो योजना बनेपछि निश्चित मापदण्डका आधारमा पारदर्शी र प्रतिस्पर्धी रूपमा फ्रिक्वेन्सी प्रयोग इजाजत दिने व्यवस्था मिलाइनेछ ।

३.१.२ एफ.एम. रेडियो र टी.भी.का फ्रिक्वेन्सीलाई सार्वजनिक सेवा प्रसारण, सामुदायिक प्रसारण र व्यापारिक प्रसारणका लागि बाँडफाँड गरिनेछ। यसरी बाँडफाँड भएका फ्रिक्वेन्सीहरूमध्ये सामुदायिक प्रसारण र व्यापारिक प्रसारणका फ्रिक्वेन्सीलाई पारदर्शी तथा खुला प्रतिस्पर्धाको आधारमा प्रदान गरिनेछ। यस्तै एफएम रेडियोलाई प्रदान गरिएका फ्रिक्वेन्सीको अवधि अठार वर्षसम्म कायम हुने गरी कानुनी व्यवस्था गरिने छ। यो प्रावधान लागू हुनुभन्दा अगाडि प्रदान गरिएका फ्रिक्वेन्सीहरूमा नेपाल सरकारले सार्वजनिक सूचना प्रकाशित गरी फ्रिक्वेन्सी अवधि लागू भएको जानकारी दिएको मितिदेखि फ्रिक्वेन्सी अवधि गणना गरिनेछ ।

३.१.३ प्रसारणको गुणस्तरीयता र प्रभावकारिता बढाउन नयाँ प्रविधिको उपयोगलाई प्रोत्साहन गर्दै फ्रिक्वेन्सी स्पेक्ट्रम कम भएका ठाउँमा फ्रिक्वेन्सी उपलब्धतालाई सहज बनाइनेछ। प्रसारण तथा दूरसञ्चार क्षेत्रका इजाजत प्राप्त संस्थाले परस्पर सहमतिमा पूर्वाधार तथा भू-उपग्रह साझेदारी गर्न प्रोत्साहनका लागि आवश्यक व्यवस्था गरिनेछ ।

३.१.४ प्राकृतिक प्रकोप, महामारी र मानवीय सङ्कट हुँदा उद्धारको जानकारी र सूचना

प्रवाहका लागि विशेष आकस्मिक फ्रिक्वेन्सीको व्यवस्था गरिनेछ ।

**३.२ सार्वजनिक सेवा प्रसारण**

३.२.१ रेडियो नेपाल र नेपाल टेलिभिजनलाई राष्ट्रिय सार्वजनिक सेवा प्रसारणको रूपमा रूपान्तरण गरी लोकतान्त्रिक मूल्य, मान्यता र स्वतन्त्र पत्रकारिताको मर्मलाई आत्मसात् गर्दै स्वच्छ, निष्पक्ष र जनताप्रति उत्तरदायी रूपमा सञ्चालन हुने व्यवस्था गरिनेछ ।

३.२.२ सार्वजनिक सेवा प्रसारण संस्थाले जनताका सञ्चार आवश्यकताको परिपूर्ति गर्ने एवम् कतिपय प्राकृतिक विपत्ति वा महामारीका बारेमा पूर्व सूचना प्रदान गर्ने भएकाले प्रादेशिक र स्थानीय तहमा स्थानीय विषयहरूमै केन्द्रित भई प्रसारण गर्ने व्यवस्थालाई सुनिश्चित गरिनेछ। सार्वजनिक सेवा प्रसारणको पहुँच देशव्यापी हुनुपर्ने भएकाले फ्रिक्वेन्सी वितरणमा प्राथमिकता प्रदान गरिनेछ ।

३.२.३ सार्वजनिक सेवा प्रसारणले कुनै व्यक्ति वा समुदायउपर विना भेदभाव राष्ट्रिय एकता, लोकतान्त्रिक मूल्य र व्यावसायिक पत्रकारिताको स्थापित मान्यता अनुरूप समाचार तथा कार्यक्रम उत्पादन र प्रसारणको नीति अवलम्बन गर्नेछ ।

३.२.४ सार्वजनिक सेवा प्रसारणलाई रेडियो, टेलिभिजन, भू-उपग्रह र इन्टरनेटलगायतका माध्यमबाट नेपालका सबै भूभाग र अन्तर्राष्ट्रिय क्षेत्रमा समेत पुऱ्याउन आवश्यक अत्याधुनिक प्रविधिको प्रयोग गर्ने व्यवस्था मिलाइनेछ ।

३.२.५ सार्वजनिक सेवा प्रसारणलाई महिला, अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति, दलित, मधेशी, पिछडिएको क्षेत्र एवम् समुदायको स्वामित्वको बोध गराउन जनशक्ति छनोट गर्दा सबै तहमा समानुपातिक समावेशी नीति अवलम्बन गर्दै विषयवस्तुमा लोपोन्मुख परम्परा, संस्कृति र समुदायगत कार्यक्रम समावेश गर्न प्रोत्साहन गरिनेछ ।

३.२.६ अन्तरसांस्कृतिक, अन्तरजातीय, अन्तर भौगोलिक अन्तरलिङ्गीय र अन्तर भाषिक संवादलाई सौहार्दपूर्ण बनाउने अन्तरवस्तुलाई प्रवर्द्धन गरिनेछ ।

३.२.७ सार्वजनिक सेवा प्रसारणले आफ्नो उत्पादन जनहितका निम्ति निजी क्षेत्रका प्रसारकलाई समेत उपलब्ध गराउन सक्ने व्यवस्था मिलाइनेछ ।

**३.३ निजी एवम् व्यापारिक प्रसारण**

३.३.१ निजी क्षेत्रबाट प्रसारण हुने एफएम रेडियो र टेलिभिजनलगायतका प्रसारण माध्यमलाई स्वतन्त्र पत्रकारिताको स्थापित सिद्धान्त र लोकतान्त्रिक मूल्य, मान्यता अनुरूप स्वतन्त्र, निष्पक्ष, निर्भीक र व्यावसायिक संस्थाको रूपमा सञ्चालन हुने वातावरण सिर्जना गरिनेछ ।

३.३.२ प्रसारण माध्यमलाई प्रसारण पहुँच क्षेत्र, लगानी, भौतिक पूर्वाधार, जनशक्ति, उद्देश्यलगायतका विभिन्न आधारमा राष्ट्रिय, प्रादेशिक र स्थानीय प्रसारकका रूपमा वर्गीकरण गरी प्रसारण फ्रिक्वेन्सीहरूको न्यायोचित वितरण गरिनेछ ।

३.३.३ एफएम रेडियोमा कुनै पनि प्रसारण स्टेसनबाट प्रसारण भइसकेको कुनै पनि

सामग्रीको बीस प्रतिशत सामग्रीभन्दा बढी नेटवर्किङ्ग माध्यमबाट वा अरू कुनै माध्यमबाट रिले प्रसारण वा छपाइ पुनः प्रसारण गर्न निरूत्साहन गरिनेछ ।

३.३.४ समाचार वा सूचनामूलक कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्थामा सम्पादकीय स्वतन्त्रता सुनिश्चित गर्न समाचारको जिम्मेवारी र जवाफदेहिता वहन गर्ने गरी कानुनद्वारा तोकिएको योग्यता पुगेको सम्पादक नियुक्ति गर्ने व्यवस्था मिलाइनेछ ।

## ३.४ सामुदायिक प्रसारण

३.४.१ उपभोक्ता समूह, स्थानीय निकाय, सार्वजनिक यातायात, जलवायु परिवर्तन, हावा, पानी तथा मौसम, जनस्वास्थ्य र कृषिसँग सम्बन्धीत सरकारी निकाय, गैरसरकारी संस्था वा सहकारी, स्थानीय क्लव, गुठी, सामुदायिक वा सार्वजनिक शैक्षिक संस्थाको स्वामित्वमा रहेको नाफा आर्जन नगर्ने उद्देश्यकासाथ सञ्चालित एफ.एम. रेडियो र टेलिभिजनहरूलाई सामुदायिक सेवा प्रसारणका रूपमा परिभाषित गरी ती रेडियो र टेलिभिजनलाई उद्देश्य, स्थायित्व र विषयवस्तुको आधारमा वर्गीकरण गरी तदनुरूप मापदण्ड बनाई सुविधा र सहुलियत प्रदान गरिनेछ। तोकिएको मापदण्डका आधारमा सामुदायिक प्रसारकको आवधिक मूल्याङ्कन गर्ने प्रचलनलाई प्रोत्साहन गरिनेछ ।

३.४.२ सामुदायिक रेडियो तथा टेलिभिजन पत्रकारिताको स्थापित मान्यताको आधारमा लोकतान्त्रिक मूल्यमान्यता अनुरूप स्वतन्त्र, निष्पक्ष, स्वायत्त, समावेशी सञ्चारमाध्यमको रूपमा विकास हुने वातावरण सिर्जना गरिनेछ ।

३.४.३ सामुदायिक रेडियो तथा टेलिभिजनमा स्थानीयता र निकटता भएका समाचार तथा सामग्री प्रवर्द्धन गर्नका लागि कुनै पनि केन्द्रीय प्रसारण माध्यमबाट प्रसारित समाचार तथा समाचार प्रधान सामग्रीलाई सामुदायिक रेडियो तथा सामुदायिक टेलिभिजनले आफ्नो कूल प्रसारित सामग्रीको बीस प्रतिशतभन्दा बढी समाचार तथा सामग्री प्रसारण वा पुनः प्रसारण गर्न निरूत्साहन गरिनेछ । सामुदायिक रेडियो तथा सामुदायिक टेलिभिजनको प्रसारण क्षेत्र स्थानीय विषयवस्तुमा केन्द्रित हुनेछ ।

३.४.४ सेवा प्रसारणलाई व्यवस्थित, व्यावसायिक र मर्यादित रूपमा सञ्चालन गर्न सेवा प्रसारणसँग सम्बन्धीत विशेष कानुन निर्माण गरी लागू गरिनेछ ।

## ३.५ समाचार समिति

३.५.१ राष्ट्रिय समाचार समितिको सेवा विस्तार/विविधीकरण गरी सञ्चालनमा सेवाग्राहीको प्रतिनिधित्व रहने व्यवस्था गरी सार्वजनिक सेवा प्रदायक निकायको रूपमा विकास गरिनेछ । यसैगरी राष्ट्रिय समाचार समितिलाई क्षमता र स्तरोन्नति गरी सूचना बैंकका रूपमा स्थापित गरिनेछ ।

३.५.२ निजी तथा गैरसरकारी स्तरमा समाचार एजेन्सीको स्थापनाका निम्ति अनुमति प्रदान गर्न सकिने व्यवस्था गरिनेछ ।

## ३.६ छापा सञ्चार माध्यम

३.६.१ गोरखापत्रसम्बन्धी नीति

(क) गोरखापत्र संस्थानलाई सम्पादकीय स्वतन्त्रतासहित स्वायत्त, सक्षम र स्रोतसाधनयुक्त संस्थाका रूपमा विकास गरी यसका प्रकाशनहरूलाई व्यावसायिक, स्तरीय, आधुनिक प्रविधिमैत्री, समावेशी र प्रतिस्पर्धात्मक बनाइनेछ। साथै यसका प्रकाशनहरूलाई प्रादेशिक स्तरमा पनि प्रकाशन गर्नका लागि आवश्यक व्यवस्था गरिनेछ।

(ख) गोरखापत्र संस्थानलाई स्वायत्त र समावेशी प्रकाशन गृहका रूपमा विकास गर्न यसको स्वामित्वमा जनसाधारणको पहुँच सहज तुल्याउने व्यवस्था गरी यसको व्यावसायिक एवं प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धिका लागि आवश्यक पुनःसंरचना, व्यवस्थापकीय र सम्पादकीय सुधारका योजना कार्यान्वयन गरिनेछ।

३.६.२ निजी एवम् व्यापारिक छापा सञ्चारमाध्यम

(क) सम्पादकीय स्वतन्त्रता सुनिश्चित गर्दै सञ्चार संस्थामा कार्यरत पत्रकार, कामदार र कर्मचारीको रोजगारी तथा वृत्ति-विकासको प्रत्याभूति गरिने व्यवस्था मिलाइनेछ।

(ख) दर्ता भई प्रकाशन नै नभएको पत्रपत्रिकाको नाम दर्ता गर्न चाहने व्यक्ति वा संस्थाले प्रयोग गर्न पाउने गरी आवश्यक कानुनी व्यवस्था गरिनेछ।

(ग) पत्रपत्रिकाको सम्पादकीय जनशक्ति र अन्तर्वस्तुमा महिला, सीमान्तकृत, विपन्न, अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति, मधेशी, दलित, अल्पसङ्ख्यक, पिछडिएको क्षेत्रको प्रतिनिधित्व गराउन प्रोत्साहन गरिनेछ।

(घ) विविध विधामा केन्द्रित भई गरिने पत्रकारिताको प्रवर्द्धन गर्दै सबै राष्ट्र भाषामा पत्रपत्रिकाको सञ्चालन गर्न प्रोत्साहन गरिनेछ।

३.६.३ प्रादेशिक, स्थानीय वा सामुदायिक छापा माध्यम

(क) प्रादेशिक तहमा सञ्चालन हुने पत्रपत्रिकाहरूलाई सम्बन्धीत प्रदेशले उद्देश्य, स्थायित्व र विषयवस्तुको आधारमा वर्गीकरण गरी तदनुरूप मापदण्ड बनाई सुविधा र सहुलियत प्रदान गर्न सक्नेछ।

(ख) स्थानीय तहमा सामुदायिक तथा सहकारीको माध्यमबाट सञ्चालन हुने पत्रपत्रिकाहरूलाई सम्बन्धीत स्थानीय तहले उद्देश्य, स्थायित्व र विषयवस्तुको आधारमा वर्गीकरण गरी तदनुरूप मापदण्ड बनाई सुविधा र सहुलियत प्रदान गर्न सक्नेछ।

(ग) सामुदायिक तथा सहकारी सञ्चारमाध्यमहरूलाई पत्रकारिताको स्थापित मान्यताको आधारमा लोकतान्त्रिक मूल्यमान्यता अनुरूप स्वतन्त्र र निष्पक्ष सञ्चारमाध्यमका रूपमा विकसित हुन सक्ने वातावरण सिर्जना गरिनेछ।

## ३.७ अनलाइन मिडिया

३.७.१ समाचारमूलक अनलाइन माध्यमलाई वर्गीकरण गरी अन्य समाचार माध्यम सरह सुविधा र नियमनको व्यवस्था मिलाइनेछ।

३.७.२ नेपाली भूभागलाई लक्षित गरी इन्टरनेटको माध्यमबाट हुने प्रसारणका सम्बन्धमा कानुन बमोजिम नियमनको व्यवस्था गरिनेछ ।

३.७.३ समाचारमूलक अनलाइन पत्रिकाको रूपमा दर्ता नभएका इन्टरनेटमा आधारित अन्य माध्यमको नियमन सम्बन्धीत प्रचलित कानुनबमोजिम हुने छ ।

३.७.४ इन्टरनेटको माध्यमबाट हुने प्रसारण र प्रकाशनमा अत्याधुनिक प्रविधिको प्रयोग गर्न सम्बन्धीत क्षेत्रलाई प्रोत्साहन गर्न आवश्यक वातावरण सिर्जना गरिनेछ ।

३.७.५ सूचना तथा सञ्चार प्रविधिको अवाञ्छित प्रयोग र अनपेक्षित सूचना प्रवाहलाई निरूत्साहन गर्न इन्टरनेट सेवा प्रदायकहरूलाई विशेष उपायहरू अवलम्बन गर्न आवश्यक व्यवस्था गरिने छ ।

३.७.६ व्यक्तिको गोपनीयता तथा वैचारिक स्वतन्त्रतालगायतका मूल्य मान्यताहरूको प्रबर्द्धन गर्न साइवर सुरक्षा नीति तर्जुमा गरी इन्टरनेटबाट हुने साइवर अपराध (Cyber Crime) नियन्त्रणका निम्ति आवश्यक कानुन बनाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

## ३.८ चलचित्र

३.८.१ नेपाली चलचित्रलाई नेपालको जातीय, सांस्कृतिक र भाषिक विविधताबीच एकता कायम गरी नेपाली कला, संस्कृति, साहित्य शिक्षालाई प्रवर्द्धन गरी सिर्जनशील, सांस्कृतिक एवम् स्वच्छ र स्वस्थ मनोरञ्जनात्मक उद्योगको रूपमा विकास, विस्तार र सम्बर्द्धन गरिनेछ ।

३.८.२ नेपाललाई एक आकर्षक राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय चलचित्र छायाङ्कन स्थलको रूपमा विकास गरी चलचित्र पर्यटनलाई प्रोत्साहन गरिनेछ ।

३.८.३ नेपाली मौलिक कला, भाषा एवम् संस्कृतिलाई प्रतिविम्बत गर्दै बनेका चलचित्रहरू, आदिवासी जनजाति तथा विभिन्न मातृभाषामा बनेका चलचित्रहरू तथा राष्ट्रिय अखण्डता र राष्ट्रिय स्वाभिमानलाई उच्च राख्ने चलचित्रहरू, बौद्धिक, चेतनामूलक, शिक्षाप्रद चलचित्रहरूलाई राज्यले विशेष सुविधा एवम् सहुलियत उपलब्ध गराउनेछ ।

३.८.४ चलचित्र क्षेत्रमा लामो समयसम्म महत्वपूर्ण योगदान गर्ने चलचित्रकर्मीलाई प्रोत्साहन र सम्मान गर्ने नीति लिइनेछ ।

३.८.५ टिकट विक्री र त्यसबाट भएको आम्दानी, कर, प्रदर्शन-अवधि र लोकप्रियतासम्बन्धी सूचनाको पारदर्शिताका निम्ति चलचित्र क्षेत्रमा ‘वक्स अफिस’ प्रणाली लागू गर्न प्रोत्साहन गरिनेछ ।

## ३.९ विज्ञापन

३.९.१ विज्ञापन व्यवसायलाई सेवा उद्योगको रूपमा सूचीकृत गरी आवश्यक सुविधा र सहुलियतहरू प्रदान गरिनेछ । यसैगरी विज्ञापन एजेन्सीलाई लगानी, पूर्वाधार, कार्यक्षमता र कार्यप्रकृति आदिका आधारमा वर्गीकरण गरिनेछ ।

३.९.२ समाचार माध्यमका अन्तर्वस्तुमा विज्ञापनबाट हुने आम्दानीको दुष्प्रभाव र विविध वस्तु तथा सेवासम्बन्धी कुनै पनि विज्ञापनबाट उपभोक्तालाई भ्रममा पर्न नदिन र उपभोक्ताको उत्पादन र सेवा छनोट गर्न पाउने अधिकार सुनिश्चित गर्ने प्रयोजनका लागि अमर्यादित, अशोभनीय र संविधानको भावना प्रतिकूल सामग्रीलाई विज्ञापनका रूपमा प्रकाशन वा प्रसारण गर्न नपाइने व्यवस्था गरी उपभोक्ता हितको संरक्षण गरिनेछ ।

३.९.३ राज्यद्वारा उपलब्ध गराइने लोक कल्याणकारी विज्ञापनलाई समानुपातिक ढङ्गले वितरणको व्यवस्था मिलाइनेछ ।

३.९.४ सञ्चारमाध्यममा प्रकाशन वा प्रसारण हुने विज्ञापन सामग्रीको कुल समाचार र अन्य सामग्रीसँगको अनुपात निर्धारण गरी तदनुकूल प्रसारण गराउने दायित्व त्यससम्बन्धी नियामक निकायले गर्ने गरी आवश्यक व्यवस्था गरिनेछ ।

३.९.५ आमसञ्चारमाध्यमले राजनीतिक सङ्गठनको नाममा निर्वाचनको समय वा अन्य समयमा निर्वाचनको स्वच्छता र सार्वजनिक मर्यादामा प्रतिकूल प्रभाव पार्ने विज्ञापन वा अन्य सामग्री प्रवाहित गर्न नपाउने गरी आवश्यक कानुनी व्यवस्था गरिनेछ ।

३.९.६ आमसञ्चारमाध्यमले कुनै निश्चित विचार, धर्म र आस्था अथवा ब्राण्ड, उत्पादन वा सेवाको मात्र प्रचार वा एकाधिकार रहने गरी प्रकाशन, प्रसारण वा प्रदर्शन गर्न नपाउने गरी आवश्यक कानुनी व्यवस्था गरिनेछ ।

३.९.७ सर्वसाधारणलाई उपयोगी हुने विज्ञापनलाई प्रसारण गर्ने प्रसारकलाई प्रोत्साहन र प्रवर्द्धन गरिनेछ ।

३.९.८ प्राकृतिक विपत् तथा प्रकोपले खडा गरेको सङ्कटका समयमा आवश्यक सूचना प्रवाह गर्ने विज्ञापनका लागि प्राथमिकताका साथ सहुलियत दरमा वा निःशुल्क प्रकाशन, प्रसारणको व्यवस्था सुनिश्चित गरिनेछ ।

३.९.९ कुनै उत्पादन वा सेवाका सम्बन्धमा गलत सूचना प्रवाह हुन नदिन त्यस्तो उत्पादन वा सेवा प्रवाह भएका सूचनाहरूको कानुनी दायित्व सम्बन्धीत विज्ञापनदाता, प्रकाशक र प्रसारकले वहन गर्नुपर्ने व्यवस्था गरिनेछ ।

३.९.१० उपभोक्तामा भ्रम उत्पन्न हुन नदिन समाचार सामग्री र विज्ञापन सामग्रीबीचको अन्तर छुट्याउन ध्वनि, दृश्य वा चित्र सङ्केतको प्रयोग गर्ने गरी विशेष व्यवस्थाहरू मिलाउने व्यवस्था गरिनेछ ।

३.९.११ नेपालभित्र प्रसारणको अनुमति लिने विदेशी टेलिभिजन च्यानललाई विज्ञापनरहित (Clean Feed) बनाउने नीति अवलम्बन गरिनेछ । प्रसारण अनुमति लिइसकेका टेलिभिजन च्यानलको हकमा अवधि तोकी विज्ञापनरहित (Clean Feed) प्रसारण गराउन आवश्यक व्यवस्था गरिनेछ ।

३.९.१२ नेपालमा प्रकाशन, प्रसारण र प्रदर्शन गरिने विज्ञापनहरूमा ध्वनिकरण (Dubbing) गरिएका विज्ञापनहरूलाई रोक लगाइनेछ ।

३.९.१३ होर्डिङ्ग बोर्ड, विद्युतीय डिस्प्ले, टावर, बिलवोर्ड, भित्तेलेखन र उच्च वेलुनजस्ता बाह्य (आउटडोर) विज्ञापन प्रदर्शन गर्न, राख्न अनुमति दिइने क्षेत्र छुट्याई जनताको सुरक्षा, स्थानीय क्षेत्रको सौन्दर्य र वातावरणको स्वच्छता सुनिश्चित गर्न स्थानीय तह एवम् अन्य सम्बद्ध निकायमार्फत कार्य गर्ने र त्यस्ता संरचना निर्माण वा विज्ञापन प्रदर्शन गर्नुअघि पूर्व अनुमति प्राप्त गर्नुपर्ने प्रणाली स्थापना गरिनेछ ।

३.९.१४ स्थानीय विज्ञापनलाई स्थानीय तहकै सञ्चारमाध्यममा वितरण गर्नका लागि प्रोत्साहन गरिनेछ ।

### ३.१० टेलिभिजन सिग्नल र केवुल वितरकसम्बन्धी व्यवस्था

३.१०.१ प्रकाशन र प्रसारणजस्तै सामग्रीको वितरणसमेत अभिव्यक्ति स्वतन्त्रतासँग अभिन्न रूपमा जोडिएकाले टेलिभिजन सिग्नल वितरण र केवुल वितरणलाई सञ्चारको आधारभूत पूर्वाधारको रूपमा ग्रहण गर्दै सबै प्रकारका केबुल वितरणसम्बन्धी व्यवस्थालाई डिजिटल प्रणालीमा रूपान्तरण गरिने छ ।

३.१०.२ केवुल प्रसारकहरूले स्थानीय वा सामुदायिक टेलिभिजनको प्रसारणलाई प्राथमिकतासाथ प्रसारण गर्ने व्यवस्था मिलाइनेछ ।

३.१०.३ टेलिभिजन सिग्नल वितरक तथा केवुल वितरकहरूले विदेशी टेलिभिजन च्यानलहरूमा विज्ञापनरहित (Clean Feed) नीति अवलम्बन गर्ने गरी आवश्यक व्यवस्था गरिने छ ।

३.१०.४ टेलिभिजन सिग्नल वितरण र केवुल वितरणको नियमन र अनुगमन कानुनद्वारा व्यवस्थित गरिनेछ ।

## ४. विविध

४.१ यस नीतिमा गरिएका व्यवस्थाहरूलाई कार्यान्वयन गर्न गराउन विद्यमान कानुनमा समयानुकूल पुनरावलोकन गरी आवश्यकतानुसार सुधारका साथै अन्य आवश्यक नयाँ कानुनहरू बनाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

४.२ यस नीतिमा उल्लिखित भएका विषयहरूको कार्यान्वयन, अनुगमन र नियमनका लागि आवश्यक संरचनाहरू बनाई लागू गरिनेछ ।

४.३ यो राष्ट्रिय आमसञ्चार नीति प्रत्येक दश वर्षमा पुनरावलोकन गरिने छ ।

## ५. खारेजी

सञ्चार नीति ,२०४९ खारेज गरिएको छ ।

**परिच्छेद - ४**

# सूचना तथा सञ्चारसम्बन्धी सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार

## पृष्ठभूमि

नेपालको संविधान (२०७२) ले मुलुकलाई सङ्घीय संरचनामा रूपान्तरण गर्ने सिद्धान्तलाई आत्मसात गरेको छ । संविधानको भाग ५ को धारा ५६ को उपधारा (२) मा नेपालको राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले संविधान तथा कानुनबमोजिम गर्नेछन् भनी उल्लेख गरेको छ । संविधानको धारा ५७ को उपधारा (१) मा सङ्घको अधिकार अनुसूची-५ बमोजिम हुने, धारा ५७ को उपधारा (२) मा प्रदेशको अधिकार अनुसूची-६ बमोजिम हुने, धारा ५७ को उपधारा (३) मा सङ्घ र प्रदेशको साझा अधिकार अनुसूची-७ बमोजिम हुने र सोही धाराको उपधारा (४) मा स्थानीय तहको अधिकार अनुसूची-८ बमोजिम हुने उल्लेख भएको छ । यस्तै धारा ५७ को उपधारा (५) मा सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार अनुसूची- ९ मा उल्लेख भएको छ । संविधानको यस व्यवस्था अनुसार व्यवस्थापिका-संसद्ले कानुन बनाई अधिकार प्रयोगमा द्विविधा नहुने गरी स्पष्ट गर्न आवश्यक छ । अधिकारको प्रयोगलाई कानुनद्वारा स्पष्ट गर्न सकिएन भने सङ्घ, प्रदेश र स्थानीय तहबीच विवाद उत्पन्न हुन सक्छ ।

संविधानको कार्यान्वयन गर्दा सूचना तथा सञ्चारका सम्बन्धमा सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार सङ्घीय कानुनद्वारा स्पष्टरूपले देहायको व्यवस्थामा देहायबमोजिम स्पष्ट गर्न जरूरी छ ।

१. **सङ्घको अधिकार** - संविधानले सङ्घलाई सूचना तथा सञ्चारसँगसम्बन्धी देहायबमोजिमको अधिकार प्रदान गरेको छ :-

(१) संविधानको अनुसूची- ५ को क्रमसङ्ख्या ८ अनुसार दूरसञ्चार, रेडियो फ्रिक्वेन्सीका बाँडफाँड, रेडियो, टेलिभिजन र हुलाक

(२) संविधानको अनुसूची-७ को क्रमसङ्ख्या १४ अनुसार **सञ्चार माध्यम** सम्बन्धी (सङ्घ र प्रदेशको साझा अधिकार),

(३) संविधानको अनुसूची-९ को क्रमसङ्ख्या २ बमोजिम **पत्रपत्रिका** (सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची),

माथि उल्लिखित सङ्घलाई प्रदान गरिएको अधिकार अन्तर्गत सङ्घीय कानुनद्वारा सङ्घलाई देहायको अधिकार हुने गरी स्पष्ट गर्नुपर्ने हुन्छ :-

(क) फ्रिक्वेन्सी एकीन गर्नको लागि देशभरको फ्रिक्वेन्सीको म्यापिङ्ग (रेखाङ्कन) गर्ने,

(ख) फ्रिक्वेन्सी सङ्घ, प्रदेश र स्थानीय तहका निम्ति न्यायोचितरूपमा बाँडफाँड गर्ने, यसरी बाँडफाँड गर्दा एफएम रेडियोको हकमा स्थानीय तहलाई १०० वाटसम्मको, प्रदेशलाई ५०० वाटसम्मको र सङ्घमा ५०० वाटदेखि माथि रहने गरी रेडियो फ्रिक्वेन्सीको बाँडफाँड गर्ने,

(ग) स्याटेलाइट तथा टेरेस्ट्रियल टेलिभिजन एवम् देशभरी प्रसारण तथा वितरण गर्ने केवल वितरकको नियमन र अनुगमन गर्ने,

(घ) विदेशी टेलिभिजन च्यानलको डाउनलिङ्क गर्ने, नेपालभर प्रसारण गर्ने गरी डिजिटल प्रणालीमा आधारित केवल वितरणको नियमन र अनुगमन गर्ने,

(ङ) पत्रपत्रिका अभिलेख राख्ने,

(च) अनलाइन मिडियाको नियमन र अनुगमन गर्ने ।

२. **प्रदेशको अधिकार :** संविधानले प्रदेशलाई सूचना तथा सञ्चारसम्बन्धी देहायबमोजिमको अधिकार प्रदान गरेको छ :-

(१) संविधानको अनुसूची-६ को क्रमसङ्ख्या ३ अनुसार रेडियो, एफएम टेलिभिजन सञ्चालन,

(२) संविधानको अनुसूची -७ को क्रमसङ्ख्या १४ अनुसार **सञ्चार माध्यम सम्बन्धी** ( सङ्घ र प्रदेशको साझा अधिकार),

(३) संविधानको अनुसूची-९ को क्रमसङ्ख्या २ बमोजिम **पत्रपत्रिका** (सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची) ।

माथि उल्लिखित प्रदेशको अधिकार अन्तर्गत प्रदेशले देहाय बमोजिम गर्ने गरी कानुनी व्यवस्था गर्ने :-

(क) ५०० वाटसम्मको रेडियो एफएम सञ्चालनको अधिकार,

(ख) सामुदायिक तथा प्रादेशिक टेलिभिजन सञ्चालन, केवुलमा आधारित टेलिभिजन नियमन तथा अनुगमन गर्ने अधिकार,

(ग) प्रदेशभित्रका पत्रपत्रिकाको अभिलेखीकरण गर्ने अधिकार ।

३. **स्थानीय तहको अधिकार :** संविधानले स्थानीय तहलाई सूचना तथा सञ्चारसम्बन्धी देहायबमोजिमको अधिकार प्रदान गरेको छ :-

१. संविधानको अनुसूची-८ को क्रमसङ्ख्या ३ बमोजिम **एफएम सञ्चालन** गर्ने,

२. संविधानको अनुसूची-९ को क्रमसङ्ख्या २ बमोजिम **पत्रपत्रिका** ( सङ्घ, प्रदेश, तथा स्थानीय तहको अधिकारको साझा सूची) ।

माथि उल्लिखित स्थानीय तहको अधिकारबमोजिम स्थानीय तहले देहायबमोजिम गर्ने गरी कानुनी व्यवस्था गर्ने :-

(क) १०० वाटसम्मको एफएम रेडियो सञ्चालनको अधिकार,

(ख) स्थानीय तहको भौगोलिक सीमाभित्रका पत्रपत्रिकाको अभिलेखीकरण,

(ग) स्थानीय केवुल वितरकको नियमन र अनुगमन ।

## परिच्छेद -५

## नियामक निकायसम्बन्धी व्यवस्था

### पृष्ठभूमि

जनताको चाहना र आकांक्षाबमोजिम जनताद्वारा शासन व्यवस्थाको नियमन गरिने प्रणाली नै लोकतन्त्र हो । लोकतन्त्रलाई जीवन्त बनाउन आवश्यक पर्ने आधारभूत अन्तरवस्तुमध्ये विचार अभिव्यक्तिको स्वतन्त्रता एवम् सूचना र सञ्चारको हक सर्वाधिक महत्वको विषय हो । विचार र अभिव्यक्तिको स्वतन्त्रता, सञ्चार र सूचनाको हक लोकतन्त्रको आधारस्तम्भ भएकाले यसको प्रयोग र अभ्यास मर्यादित रूपमा हुनुपर्दछ भन्ने मान्यता छ । स्वतन्त्रता निरपेक्ष भएमा त्यसले समाजलाई हानी पुऱ्याउनसक्ने कारण स्वतन्त्रतालाई स्वछन्दता हुन नदिन केही सीमाहरू निर्धारण गरिने संवैधानिक मानवअधिकार विधिशास्त्रले आत्मसात गरेको छ । यस सन्दर्भमा मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा २९ को उपधारा (२) ले आफ्नो अधिकार र स्वतन्त्रताको प्रयोग गर्दा प्रत्येक व्यक्तिलाई अरूको अधिकार र स्वतन्त्रताको सम्मान तथा यथोचित मान्यता सुरक्षित गर्ने एवम् नैतिकता, सुव्यवस्था तथा लोकतान्त्रिक समाजको कल्याणका उचित आवश्यकता पूरा गर्ने उद्देश्यले कानुनद्वारा मुनासिव सीमाङ्कन गर्न सकिने सिद्धान्तलाई स्वीकार गरेको छ । यसैगरी नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६ को धारा १९ को उपधारा (३) ले अरूको अधिकार तथा प्रतिष्ठाको सम्मानका लागि एवम् राष्ट्रिय सुरक्षा, सार्वजनिक व्यवस्था, सार्वजनिक स्वास्थ्य, नैतिकताको संरक्षणका निम्ति विचार र अभिव्यक्तिको स्वतन्त्रता र सञ्चार सम्बन्धी हकमा कानुनद्वारा मुनासिव सीमाहरू निर्धारण गर्न सकिने मान्यतालाई आत्मसात गरेको छ ।

यस पृष्ठभूमिमा नेपालको संविधान (२०७२) ले पूर्ण प्रेस स्वतन्त्रताप्रति राज्यको प्रतिबद्धता व्यक्त गर्दै विचार र अभिव्यक्तिको स्वतन्त्रता, सञ्चार र सूचनाको हकलाई मौलिक हकको रूपमा संरक्षित गरेको छ । यसका साथै संविधानले यस्ता मौलिक हकहरूमा समेत मनासिव सीमाङ्कनको व्यवस्थाद्वारा सन्तुलित अवधारणालाई व्यवस्थित गर्न खोजेको छ । सीमाङ्कन अनुचित भने हुनु हुँदैन, त्यो न्यायोचित हुनुपर्दछ । यस मान्यताको सन्दर्भमा सञ्चारको हक अन्तर्गत संविधानको धारा १९ को उपधारा (२) को प्रतिवन्धात्मक व्यवस्थामा रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापाखाना वा अन्य सञ्चार माध्यमको नियमन गर्न ऐन बनाउन सक्ने अधिकार संविधानले विधायिकालाई प्रदान गरेको छ । विधायिकाले यस्तो कानुन बनाउँदा नियन्त्रणमुखी नभई नियमनमुखी हुने गरी अन्तर्राष्ट्रिय मान्यता र संवैधानिक लोकतन्त्रको मान्य सिद्धान्तको आधारमा बनाउनुपर्ने हुन्छ । यस सम्बन्धमा आमसञ्चार सम्बन्धी राष्ट्रिय नीतिले आत्मसात गरेको सिद्धान्त र व्यवस्थाहरूलाई लागू गर्न गराउन विभिन्न किसिमको नियामक निकायहरू आवश्यक भएकाले सोही अनुरूपको कानुन र संरचनाहरू बनाई प्रभावकारी रूपमा लागू गर्नु आवश्यक छ ।

## क. राष्ट्रिय आमसञ्चार प्राधिकरण

### १. अवधारणा र औचित्य

आमसञ्चारको प्रविधिगत माध्यम इन्टरनेटले आमसञ्चारको पहुँचलाई देशको सीमा भित्र सीमित नरही विश्वका आम जनता बीचसहज तथा सुलभ बनाएको छ । यही कारण अत्याधुनिक सूचना तथा सञ्चार प्रविधिमा आधारित भएर छापा, रेडियो र टेलिभिजनको सम्मिलन (Convergence) प्रणालीबाट उपभोक्ता लाभान्वित भइरहेका छन् । यसैले प्रविधिगत विकासबाट उत्पन्न परिणामलाई सम्बोधन गर्न आमसञ्चारसँग सम्बन्धीत नियामक निकायहरू सम्मिलन (Convergence) प्रणालीको स्वरूप बनाई अभ्यास गर्नु वाञ्छनीय देखिन्छ ।

आमसञ्चार सम्बन्धी प्रविधिगत विकास र अन्तर्राष्ट्रिय अभ्यासको सन्दर्भमा चुस्त र सुलभ सेवा सुनिश्चित गर्नका लागि राष्ट्रिय आमसञ्चार प्राधिकरण स्थापना हुनु आवश्यक छ । प्राधिकरण गठन हुँदा आमसञ्चार प्रणालीलाई प्रविधिमैत्री बनाउन र आमसञ्चारसँग सम्बन्धीत सेवालाई एकीकृत प्रणालीमा रूपान्तरित गर्नुका साथै सेवाग्राहीले सुलभ तथा प्रभावकारी रूपमा विशेषज्ञ सेवा प्राप्त गर्न सहज हुनेछ ।

नेपालमा आमसञ्चारसँग सम्बन्धीत सेवा प्रदायक निकायहरू छरिएको अवस्थामा छन् । आमसञ्चार माध्यम दर्ता, नवीकरण तथा अनुगमनको कार्य गर्ने संस्थाहरू जस्तै जिल्ला प्रशासन कार्यालय, सूचना विभाग, सूचना तथा सञ्चार मन्त्रालय आदि रहेका छन् । यो कारणबाट आमसञ्चारसँग सम्बन्धीत सेवा झन्झटिलो मात्र भएको छैन, सरकारको प्रशासनिक व्यवस्था खर्चिलो पनि भएको छ । राष्ट्रको संरचना रूपान्तरण भई सङ्घीय प्रणालीमा गएको र विशेषज्ञ सेवाको मागलाई सम्बोधन गर्नुपर्ने भएकोले त्यो प्रशासनिक सेवा झन खर्चिलो हुने देखिन्छ । अतः एकीकृतरूपमा सुलभ तथा कम प्रशासनिक झन्झटमा एकीकृत विशेषज्ञ सेवा प्रदान गर्न तथा नेपालको आमसञ्चारसँग सम्बन्धीत सार्वजनिक सेवालाई विकसित आमसञ्चार प्रविधिमैत्री बनाउनको लागि राष्ट्रिय आमसञ्चार प्राधिकरण, स्थापना गर्नु आवश्यक छ ।

### २. उद्देश्य

२.१ आमसञ्चारको माध्यमबाट नेपालको संविधान (२०७२) को उद्देश्य कार्यान्वयन गर्नका लागि सहयोग पुऱ्याउने;

२.२ राष्ट्रिय आमसञ्चार नीति, २०७३लाई कार्यान्वयन गर्ने;

२.३ आमसञ्चारसँग सम्बन्धीत प्राविधिक, प्रशासनिक र नियमनको कार्य गर्ने गराउने;

२.४ आमसञ्चारसँग सम्बन्धीत प्रशासनिक कार्यलाई चुस्त, दुरूस्त, सुलभ बनाई एकीकृतरूपमा सेवा प्रदान गर्ने;

२.५ आमसञ्चारसँग सम्बन्धीत सरकारी तथा गैर सरकारी निकायहरूलाई समानुपातिक समावेशी सिद्धान्त मैत्री बनाउन प्रोत्साहन गर्ने ।

### ३ प्राधिकरण गठन विधि

३.१ राष्ट्रिय आमसञ्चार प्राधिकरणमा अध्यक्ष र चार जना सदस्य सहित पाँच जना रहने छन् ।

३.२ राष्ट्रिय आमसञ्चार प्राधिकरणका अध्यक्ष र सदस्य पदमा नियुक्तिको लागि सिफारिश गर्न देहायबमोजिमको एक **सिफारिस समिति** रहनेछ -

(क) प्रतिनिधि सभाका सभामुख - अध्यक्ष

(ख) प्रतिनिधि सभाका विपक्षी दलका नेता - सदस्य

(ग) राष्ट्रिय सभाका अध्यक्ष वा उपाध्यक्ष (महिला) - सदस्य

(घ) सूचना तथा सञ्चार मन्त्री वा राज्य मन्त्री - सदस्य

(ङ) नेपाल पत्रकार महासङ्घका अध्यक्ष - सदस्य

३.३ दफा ३.२ बमोजिमको समितिको सिफारिशमा नेपाल सरकार मन्त्रिपरिषद्ले राष्ट्रिय आमसञ्चार प्राधिकरणको अध्यक्ष र सदस्यको नियुक्ति गर्नेछ । यसरी नियुक्तिका लागि सिफारिश गर्दा कम्तीमा एकजना महिला हुनेगरी समानुपातिक समावेशी सिद्धान्तका आधारमा गरिनेछ ।

## ४. योग्यता

राष्ट्रिय आमसञ्चार प्राधिकरणका अध्यक्ष र सदस्यको पदमा नियुक्ति हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ-

(क) पैंतीस वर्ष उमेर पूरा भएको नेपाली नागरिक,

(ख) मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तहको उपाधि हासिल गरेको,

(ग) पत्रकारिता वा आमसञ्चार वा सूचना प्रविधि वा कानुनका क्षेत्रमा कम्तीमा बीस वर्षको अनुभव हासिल गरेको,

(घ) नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय नपाएको,

(ङ) पैंसठी वर्ष उमेर पूरा नभएको,

(च) नियुक्ति हुँदाको वखत कुनै राजनीतिक दलको सदस्य नरहेको ।

## ५. पदावधि

राष्ट्रिय आमसञ्चार प्राधिकरणको अध्यक्ष तथा सदस्यको पदावधि पाँच बर्षको हुनेछ ।

## ६. पदबाट हटाउन सक्ने आधार र प्रक्रिया

प्रतिनिधिसभाको सूचना तथा सञ्चारसँग सम्बन्धीत समितिको सम्पूर्ण सदस्य सङ्ख्याको कम्तीमा दुई तिहाई सदस्य उपस्थित भई बसेको वैठकको दुई तिहाई वहुमतबाट कार्यक्षमताको अभाव वा खराब आचरण भएको वा इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालना नगरेको आधारमा पदमा रहिरहनु उपयुक्त छैन भनी निर्णय भएको प्रस्ताव प्रतिनिधिसभाको वैठकको वहुमतबाट पारित भएमा अध्यक्ष र सदस्य पदबाट हट्न सक्नेछन् । यसरी पदबाट हटाउनुपूर्व निजलाई सफाई पेश गर्ने मौका दिइने छ ।

## ७. पारिश्रमिक र सुविधा

राष्ट्रिय आमसञ्चार प्राधिकरणका अध्यक्ष र सदस्यहरूको पारिश्रमिक, सुविधा र सेवाशर्तहरू कानुनद्वारा तोकिए बमोजिम हुनेछ ।

## ८. प्राधिकरणको काम, कर्तव्य र अधिकार

प्राधिकरणको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

८.१ पत्रपत्रिका, अनलाइन सञ्चार माध्यम, रेडियो, एफएम, सामुदायिक रेडियो, टेलिभिजन, केवुल टेलिभिजन, केवल वितरकको अभिलेख राख्ने,

८.२ राष्ट्रियस्तरका रेडियो, टेलिभिजन र केवुल वितरक सञ्चालनको अनुमति प्रदान गर्ने र नियमन गर्ने,

८.३ रेडियो फ्रिक्वेन्सीको म्यापिङ्ग गरी सङ्घ, प्रदेश र स्थानीय तहमा न्यायोचित वितरणका लागि सिफारिश गर्ने,

८.४ रेडियो फ्रिक्वेन्सी विवाद समाधान गर्ने,

८.५ केवुल वितरकको अनुगमन तथा नियमन गर्ने,

८.६ श्रमजीवी पत्रकारका सेवाशर्त, सुविधा सम्बन्धी विवादमा वार्ता तथा मध्यस्थता गर्ने,

८.७ कानुनद्वारा तोकिएका अन्य कार्यहरू गर्ने ।

९. **कार्यक्षेत्र** : राष्ट्रिय आमसञ्चार प्राधिकरणका कार्यक्षेत्र देश भरी हुनेछ ।

१०. **कार्यालय :** राष्ट्रिय आमसञ्चार प्राधिकरणका कार्यालयहरू सङ्घ, प्रदेश र स्थानीय तहसम्म स्थापना गर्न सकिने छ ।

११. **प्राधिकरण कोष** : प्राधिकरणको कोषमा देहाय बमोजिमको रकम हुनेछ-

१. नेपाल सरकारबाट प्राप्त रकम,

२. प्राधिकरणले विभिन्न स्रोतबाट प्राप्त रकम ।

१२. **प्राधिकरणको कर्मचारी** : (क) प्राधिकरणलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले व्यवस्था गर्नेछ ।

(ख) प्राधिकरणले विज्ञहरूको परामर्श लिन सक्ने छ ।

## १३. वार्षिक प्रतिवेदन

राष्ट्रिय आमसञ्चार प्राधिकरणले प्रत्येक वर्ष आफूले गरेको कार्यको वार्षिक प्रतिवेदन नेपाल सरकार मार्फत प्रतिनिधिसभामा प्रस्तुत गर्नेछ । यस्तै, प्राधिकरणले वार्षिक प्रतिवेदन सर्वसाधारणका जानकारीका लागि सार्वजनिक रूपमा प्रकाशन गर्नेछ ।

# ख. सार्वजनिक सेवा प्रसारक, नेपाल

## १. अवधारणा र औचित्य

जनता र समाजका सञ्चार आवश्यकताहरूलाई पूरा गर्न राजनीतिक र व्यापारिक नियन्त्रण नरहने गरी सूचना, शिक्षा र मनोरञ्जन प्रदान गर्न, सार्वजनिक रूपमा जनताद्वारा जनताकै नियन्त्रणमा स्थापना गरिने प्रसारण सेवालाई सार्वजनिक सेवा प्रसारण भनिन्छ । आम जनताको समान पहुँच, सञ्चालनमा स्वायत्तता, कार्यक्रममा विविधता, अन्य प्रसारण भन्दा विशिष्ट पहिचान जस्ता गुणहरू सार्वजनिक सेवा प्रसारणका प्रमुख विशेषता हुन् । यस्ता प्रसारण राजनीतिक र अनुचित व्यापारिक प्रभावबाट मुक्त भई विचारमा वहुलता, सम्पादकीय स्वतन्त्रता, कामकारबाहीमा पारदर्शीता, जनताप्रति जवाफदेहिता, स्रोता र दर्शकहरूबाट नै प्रत्यक्ष सुझाव प्राप्त गरी जनताकै स्वार्थ र चासोका लागि केन्द्रित हुने प्रसारण लोकतान्त्रिक राज्य व्यवस्थामा आवश्यक मानिने हुँदा विशेष ऐनद्वारा स्थापना गर्ने प्रचलन विश्वमा देखिन्छ । यो सेवालाई स्वतन्त्र र स्वायत्त रूपमा काम गर्न कानुनी सुनिश्चितता आवश्यक पर्दछ । युनेस्कोले समेत यस्तो संस्थाको अपरिहार्यता महसुस गरी राज्यहरूलाई स्थापना गर्न मार्गदर्शन गरेको छ । यस किसिमको प्रसारणको प्रारम्भ सन् १९२६ मा वेलायतमा विविसीबाट भएको र अष्ट्रेलिया, क्यानाडा, जापान, जर्मनी, नर्वे, स्वीडेन जस्ता मुलुकहरूमा समेत प्रचलनमा रहेको छ ।

लोकतान्त्रिक समाजमा आमसञ्चार माध्यमलाई सरकारको प्रभाव तथा नियन्त्रणबाट बाहिर राख्नुपर्छ भन्ने सिद्धान्त अनुसार रेडियो नेपाल र नेपाल टेलिभिजनलाई सार्वजनिक सेवा प्रसारण अन्तर्गत गठन गर्नु आवश्यक छ । व्यवस्थापिका संसदप्रति उत्तरदायी भएको स्वायत्त सार्वजनिक सेवा प्रसारण निकाय गठन हुँदा त्यस्तो निकाय नेपालको संविधान (२०७२) को भावना अनुसार सामाजिक सद्भाव बलियो बनाउन पछाडि पारिएका, सिमान्तकृत समूह, लैङ्गिक तथा अल्पसंख्यक, विभिन्न क्षेत्रका जनता तथा आर्थिक रूपले विपन्नलाई राज्यको मूल धारमा ल्याउनका लागि प्रभावकारी साधन हुनेछ । विशेष ऐनद्वारा सार्वजनिक सेवा प्रसारण निकायको गठन गर्न र यस सम्बन्धी स्वायत्तता र उत्तरदायिपूर्ण व्यवस्थालाई स्वीकार गरी स्वच्छ अभ्यास गर्न सकिएमा यस किसिमको निकायको लोकप्रियता बढ्ने छ । सार्वजनिक सेवा प्रसारणका आधारभूत मान्यताहरूलाई अवलम्बन गरी कानुन बनाउने र सोही मान्यताअनुरूप प्रभावकारी प्रचलन गर्ने हो मात्र यसले समाजमा सफलता प्राप्त गर्न सक्दछ । रेडियो नेपाल र नेपाल टेलिभिजनलाई सार्वजनिक सेवा प्रसारणमा लैजाँदा दक्ष जनशक्तिलाई सेवामा राखी अन्य कर्मचारीलाई स्वेच्छिक अवकासको अवसर प्रदान गरी जनशक्ति व्यवस्थापन गर्नु आवश्यक छ । सार्वजनिक सेवा प्रसारक निकायहरूलाई आफ्नो उद्देश्य पूरा गर्न सोही अनुरूपको कानुन, पूर्वाधार, स्रोत साधन, जनशक्ति र व्यवस्थापन आवश्यक हुन्छ ।

## २. उद्देश्य

२.१ नेपालको संविधान (२०७२) को भावनालाई आत्मसात गर्दै सबै वर्ग, समूह र क्षेत्रका आमजनतामा सूचना तथा सञ्चारको पहुँच सुनिश्चित गर्ने;

२.२ राष्ट्रिय एकतालाई सुदृढ गर्न सांस्कृतिक, जातीय, भौगोलिक र भाषिक विविधता बीच सद्भाव र सौहार्दपूर्ण संवाद कायम गराउने, प्राकृतिक प्रकोप, महामारी र मानवीय सङ्कटमा त्यससँग सम्बन्धीत गुणस्तरीय सूचना प्रवाह गर्ने,

२.३ सूचना तथा सञ्चारको माध्यमद्वारा सामाजिक रूपले पछाडि पारिएका, सीमान्तकृत समूह, अल्पसंख्यक, पिछडिएको क्षेत्रका जनता तथा आर्थिक रूपले विपन्नलाई राज्यको मूलधारमा ल्याउने किसिमको सूचना सम्प्रेषण गर्ने,

२.४ शिक्षा, सामाजिक उत्तरदायित्व, विज्ञान तथा प्रविधि, पर्यटन, जनस्वास्थ्य, वातावरण संरक्षण, जलवायु परिवर्तन, कृषि, जलस्रोत, ग्रामीण विकास तथा पूर्वाधार, उपभोक्ता अधिकार र सुशासनका लागि सक्रिय रूपमा सूचनाको प्रवाह गर्ने,

२.५ प्रसारण माध्यमबाट देशका सबै भाषा, संस्कृति, कला र सम्पदाको संरक्षण गर्दै त्यसलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा स्थापित गर्ने,

२.६ राष्ट्रिय एकता र सामाजिक सद्भावलाई सञ्चारमाध्यम द्वारा प्रवर्धन गर्ने,

२.७ राष्ट्रिय संस्कृतिमा आधारित स्वस्थ मनोरञ्जनात्मक कार्यक्रम उत्पादन र प्रसारण गरी नेपालको सांस्कृतिक संरक्षण र विकास गर्ने ।

**३. सार्वजनिक सेवा प्रसारक, नेपालको काम, कर्तव्य र अधिकार**

३.१ नागरिक सम्वादको साझा मञ्च र राष्ट्रिय एकताको प्रर्वद्धनका रूपमा आमनागरिकको आधारभूत सञ्चार आवश्यकताहरूको परिपूर्तिका लागि सार्वजनिक प्रसारणलाई सबै नागरिकको पहुँचमा पुऱ्याउने, देशका सबै भूभागका समूदाय र वर्गलाई समेट्दै सूचना, शिक्षा र मनोरञ्जनमा सन्तुलन कायम गरी कार्यक्रम उत्पादन र प्रसारण गर्ने,

३.२ सार्वजनिक प्रसारणको माध्यमबाट नेपाली समाजलाई समावेशी, वहुलवादी तथा सूचनामा आधारित समृध्द र समुन्नत समाजका रूपमा स्थापित गर्ने सम्बन्धमा आवश्यक पर्ने सूचनाको प्रवाह गर्ने,

३.३ विविध भाषाभाषी, संस्कृति र भूगोलका नेपालीमाझ सम्वेदनशील अन्तरसाँस्कृतिक सम्वादका माध्यमले सामाजिक सद्भावलाई प्रवर्ध्दन गर्ने,

३.४ आम नागरिकलाई सुसूचित गर्ने समाचारलगायत सूचना, ज्ञान र व्यावहारिक एवं सूचनामूलक कार्यक्रमहरू उत्पादन र प्रसारण गर्ने, जसअन्तर्गत शिक्षा, स्वास्थ्य, रोजगारी, स्वावलम्वन लगायतका विषयहरूमा अनुसन्धानमूलक तथा उपयोगी सामग्री उत्पादन र प्रसारण गर्ने,

३.५ नेपालका सबै भाषा र संस्कृतिको संरक्षण तथा सम्बर्द्धन गरी अन्तर्राष्ट्रिय रूपमा स्थापित गर्ने,

३.६ सम्पादकीय स्वतन्त्रताको अधिकतम सुनिश्चितता कायम गरी राजनीतिक एवं व्यापारिक लगायत कुनै पनि किसिमको प्रभावबाट मुक्त रहेर गुणस्तरीय, सन्तुलित एवं विश्वसनीय सामग्री उत्पादन तथा प्रसारण गर्ने,

३.७ कार्यक्रममा जनताको प्रत्यक्ष सहभागिताका प्रक्रियाहरू तय गर्दै विभिन्न जातजाति वा समूदाय, क्षेत्र वा भाषाभाषीका व्यक्ति वा समूहले स्वतन्त्र रूपमा उत्पादन गरेका सामग्री प्रसारण गर्ने, साथै, निजी क्षेत्रबाट तयार गरिएका उपयोगी सामग्री प्रसारण गर्ने र निजी क्षेत्रका प्रसारकहरूलाई समेत निशुल्क रूपमा आफ्ना कार्यक्रमहरू उपलब्ध गराउने ।

४. **सार्वजनिक सेवा प्रसारण परिषद्** : ४.१ सार्वजनिक सेवा प्रसारण परिषद्मा एक सय एक जना सदस्य हुनेछन् ।

४.२ सार्वजनिक सेवा प्रसारण परिषद्को गठन देहायबमोजिम हुनेछ-

(क) प्रत्येक प्रदेशबाट सात सात जनाका दरले प्रदेश सभाका प्रमुखले प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका प्रमुख सचेतकसँग परामर्श गरी किसान, मजदुर, विभिन्न पेशाकर्मी र सामाजिक अभियन्ता समेतको प्रतिनिधित्व हुने गरी समानुपातिक समावेशी सिद्धान्तको आधारमा मनोनित सदस्य सङ्ख्या उनन्चास जना,

(ख) राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारू आयोग र मुस्लिम आयोगबाट मनोनित प्रतिनिधि दुई दुई जनाका दरले प्रतिनिधि सदस्य सङ्ख्या सोह्र जना,

(ग) प्रेस काउन्सिल नेपालबाट मनोनित प्रतिनिधि तीन जना,

(घ) नेपाल पत्रकार महासङ्घबाट मनोनित प्रतिनिधि पाँच जना,

(ङ) उद्योग वाणिज्य महासङ्घबाट मनोनित प्रतिनिधि दुई जना,

(च) विश्वविद्यालयका पत्रकारिता विभागबाट मनोनित दुई जना,

(छ) चलचित्र वोर्डबा मनोनित प्रतिनिधी दुई जना,

(ज) विज्ञापन परिषद्बाट मनोनित एक जना,

(झ) पिछडा वर्ग, अल्पसंख्यक समूह, किसान, मजदूर, पिछडिएका क्षेत्र, वर्ग, महिला, मधेशी, दलित, मुस्लिम, आदिवासी जनजाती, पर्यटन, शिक्षा जस्ता विभिन्न क्षेत्रबाट प्रबन्ध समितिले मनोनयन गर्ने उन्नाइस जना ।

४.३ दफा ४.२ बमोजिमको परिषद्मा सदस्य मनोनयन गर्दा समानुपातिक समावेशी सिद्धान्तका आधारमा गर्नु पर्नेछ ।

४.४ प्रसारण परिषद्ले प्रबन्ध समितिबाट पेश गरेको वार्षिक बजेट र नीतिको अनुमोदन गर्ने लगायत कानुनद्वारा तोकिएका कामहरू गर्ने छ ।

४.५ परिषद्को बैठक सामान्यतया वर्षमा एकपटक बस्नेछ ।

४.६ परिषद्का सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ ।

४.७ परिषद् वैठकको अध्यक्षता दफा ५.१ बमोजिम गठित प्रबन्ध समितिका अध्यक्षले गर्नेछन् ।

४.८ परिषद्को अन्य काम कर्तव्य र अधिकार कानुनद्वारा तोकिए बमोजिम हुनेछ ।

४.९ सार्वजनिक सेवा परिषद्को वैठकमा प्रबन्ध समितिका सदस्यहरू पनि रहने छन् ।

## ५. प्रबन्ध समितिको गठन

५.१ सार्वजनिक सेवा प्रसारकको प्रबन्ध समितिमा अध्यक्ष र दुई सदस्य सहित तीन पूर्णकालीन काम गर्ने गरी कार्यकारी पदाधिकारीको नियुक्ति देहाय बमोजिम हुनेछ -

| | | | |
|---|---|---|---|
| (क) | कार्यकारी प्रमुख | - | अध्यक्ष |
| (ख) | टेलिभिजन तर्फ प्रतिनिधित्व हुने गरी एक जना | - | सदस्य |

(ग) रेडियो तर्फ प्रतिनिधित्व हुने गरी एक जना - सदस्य

५.२ **सिफारिस समिति** : दफा ५.१ बमोजिम सार्वजनिक सेवा प्रसारक प्रबन्ध समितिको गठनका लागि अध्यक्ष र सदस्यको नियुक्तिका लागि सिफारिस गर्न देहाय बमोजिमको सिफारिस समिति हुनेछ -

(क) प्रतिनिधिसभाका सभामुख - अध्यक्ष

(ख) प्रतिनिधिसभाका विपक्षी दलका नेता - सदस्य

(ग) सूचना तथा सञ्चार मन्त्री वा राज्य मन्त्री - सदस्य

(घ) राष्ट्रिय समावेशी आयोगका अध्यक्ष - सदस्य

(ङ) नेपाल पत्रकार महासङ्घका अध्यक्ष - सदस्य

५.३ दफा ५.२ बमोजिम प्रबन्ध समितिको अध्यक्ष र सदस्य सिफारिस गर्दा सिफारिश समितिले समानुपातिक समावेशी सिद्धान्तको आधारमा गर्नेछ ।

५.४ दफा ५.२ बमोजिम गठन भएको सिफारिश समितिको सिफारिशमा नेपाल सरकारले प्रबन्ध समितिका अध्यक्ष र सदस्यहरूको नियुक्ति गर्नेछ ।

६. **प्रबन्ध समितिका अध्यक्ष र सदस्यको योग्यता** : प्रबन्ध समितिका अध्यक्ष र सदस्यहरूको योग्यता देहाय बमोजिम हुनेछ-

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तह उत्तीर्ण गरी पत्रकारिता, मानविकी, व्यवस्थापन, सूचना प्रविधि, कानुन जस्ता क्षेत्रमा कम्तीमा बीस वर्षको अनुभव प्राप्त गरेको,

(ख) सार्वजनिक सेवा प्रसारणका अन्तर्राष्ट्रिय नीति नियम बारे ज्ञान र अनुभव हासिल गरेको,

(ग) पैतीस वर्ष उमेर पूरा भएको नेपाली नागरिक,

(घ) नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय नपाएको,

(ङ) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको ।

७. **पदावधि र पदबाट हटाउनेसम्बन्धी व्यवस्था**

प्रतिनिधिसभाको सूचना तथा सञ्चारसँग सम्बन्धीत समितिको सम्पूर्ण सदस्य सङ्ख्याको कम्तीमा दुई तिहाई सदस्य उपस्थित भई बसेको वैठकको दुई तिहाई वहुमतबाट कार्यक्षमताको अभाव वा खराब आचरण भएको वा इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालना नगरेको आधारमा पदमा रहिरहनु उपयुक्त छैन भनी निर्णय भएको प्रस्ताव प्रतिनिधिसभाको वैठकको वहुमतबाट पारित भएमा प्रबन्ध समितिको अध्यक्ष र सदस्य पदबाट हट्न सक्नेछन् । यसरी पदबाट हटाउनुपूर्व निजलाई सफाई पेश गर्ने मौका दिइने छ ।

८. **प्रबन्ध समितिको काम, कर्तव्य र अधिकार -**

(क) सार्वजनिक सेवा प्रसारणलाई प्रभावकारी बनाउन आवश्यक पर्ने नीतिगत निर्णयहरू गर्ने र त्यसको कार्यान्वयन गर्ने गराउने,

(ख) सार्वजनिक सेवा प्रसारण  सञ्चालनका लागि आवश्यक कार्य सञ्चालन विधि, लेखा सञ्चालन विधि, कर्मचारीका सेवा शर्त सम्बन्धी कानुन बनाउने तथा अन्य आवश्यक कार्यविधिहरू बनाउने,

(ग) सार्वजनिक सेवा प्रसारण परिषद्को वैठक सञ्चालन गर्ने,

(घ) सार्वजनिक सेवा प्रसारक, नेपालको प्रशासकीय प्रमुखको नियुक्ति गर्ने,

(ङ) प्रमुख प्रशासकीय प्रमुख अधिकृतको कामको मूल्याङ्कन तथा अनुगमन गर्ने,

(च) कानुनद्वारा तोकिएका अन्य कार्यहरू गर्ने ।

## ९. प्रमुख प्रशासकीय अधिकृत

९.१ सार्वजनिक सेवा प्रसारणका दैनिक कार्य सञ्चालन गर्नका लागि एक प्रमुख प्रशासकीय अधिकृत हुनेछ ।

९.२ दफा ९.१ बमोजिमको प्रमुख कार्यकारी अधिकृतको नियुक्ति लोकसेवा आयोगको सिद्धान्त अन्तर्गत प्रबन्ध समितिले खुला प्रतिस्पर्धा  को आधारमा गर्नेछ ।

९.३. प्रमुख प्रशासकीय अधिकृतको योग्यता देहाय बमोजिम हुनेछ -

(क) तीस वर्ष उमेर पुगेको नेपाली नागरिक,

(ख) मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक उपाधि हासिल गरेको,

(ग) सञ्चारसँग सम्बन्धीत सरकारी वा गैर सरकारी संस्थाको कार्यकारी अधिकृत वा कार्यकारी प्रमुख वा कार्यकारी निर्देशक भई कम्तीमा पाँच वर्ष काम गरेको,

(घ) प्रसारण सेवा सञ्चालनका लागि कार्ययोजना, कार्य रणनीति र आय आर्जन विस्तृत प्रस्ताव बनाउन दक्षता भएको,

(ङ) सहजतापूर्वक दैनिक कार्य सञ्चालन गर्न सक्ने क्षमता भएको,

(च) अंग्रेजी र नेपाली भाषा राम्ररी लेख्न र बोल्न जान्ने क्षमता भएको ।

९.४ प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार -

(क) सार्वजनिक प्रसारण सेवाको प्रशासकीय प्रमुख भई दैनिक कार्य सञ्चालन गर्ने,

(ख) सार्वजनिक प्रसारण सेवाको उद्देश्य अनुरूप काम गर्ने र गराउने,

(ग) सार्वजनिक प्रसारण सेवा, नेपालको कार्ययोजना र कार्यरणनीति बनाई प्रबन्ध समितिमा स्वीकृतिका लागि पेश गर्ने र स्वीकृति पछि लागू गर्ने,

(घ) प्रसारण सेवाको विकास तथा हितमा राष्ट्रिय तथा अन्तराष्ट्रि सरकारी गैर सरकारी संस्थाहरूसँग सम्बन्ध स्थापित गर्ने,

(ङ) आफू मातहतको कर्मचारीहरूको कार्यको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(च) पत्रकारिताको मर्यादा राख्न उदाहरणीय अभ्यास गर्ने र गराउने,

(छ) प्रबन्ध समितिको सदस्य सचिवको हैसियतमा प्रबन्ध समितिका अध्यक्षको आदेशानुसार प्रबन्ध समितिको वैठक बोलाउने,

(ज) कानुनद्वारा तोकिएका अन्य आवश्यक कार्यहरू गर्ने ।

९.५. प्रमुख प्रशासकीय अधिकृतको पदावधि पाँच वर्षको हुनेछ । निजलाई सेवाबाट हटाउने आधार र प्रक्रिया कानुनद्वारा तोकिए बमोजिम हुनेछ ।

१०. **सेवा सुविधा :** प्रबन्ध समितिका अध्यक्ष, सदस्य र प्रशासकीय प्रमुखको पारिश्रमिक सेवा, सुविधा कानुनद्वारा तोकेबमोजिम हुने छ ।

## ११. कार्यक्षेत्र र कार्यालय

सार्वजनिक सेवा प्रसारक नेपालले आफ्नो कार्यक्षेत्र देश भर हुनेछ । सेवा प्रसारणका कार्यालयहरू सङ्घ, प्रदेश र स्थानीय तहसम्म स्थापना गर्न सकिनेछ ।

## १२. अम्वुड्सम्यान समितिको गठन

सार्वजनिक सेवा प्रसारकबाट प्रसारित भएको सामग्री सार्वजनिक सेवा प्रसारणको मान्य सिद्धान्त प्रतिकूल भएको भन्ने उजुरी परेमा वा कुनै पनि किसिमबाट प्रसारक निकायलाई जानकारी भएमा त्यस सम्बन्धमा जाँचवुझ गर्न कानुन न्यायको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिको अध्यक्षतामा प्रबन्ध समितिले तीन सदस्यीय अम्बुड्सम्यान समिति गठन गर्नेछ । समितिमा रहने अध्यक्ष तथा सदस्यको नियुक्ति प्रक्रिया, अनुसन्धान र जाँचबुझको कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१३. **आर्थिक कोष :** सार्वजनिक सेवा प्रसारणको कोषमा आर्थिक स्रोत सर्वसंचित कोषबाट व्ययभार हुने रकम र सेवा प्रसारकको आर्जित रकम समेत रहने गरी कोषको व्यवस्था हुनेछ ।

## १४. विज्ञहरूको अनुसन्धान समिति गठन गर्न सक्ने

राष्ट्रिय सेवा प्रसारकले आफ्नो काम कारबाहीको प्रभावकारिताको सम्बन्धमा समय समयमा अध्ययन अनुसन्धान गर्न विज्ञहरूको समिति गठन गर्ने र समितिको प्रतिवेदनको आधारमा आफ्ना कार्यसम्पादनलाई प्रभावकारी बनाउने छ ।

## १५. वार्षिक प्रतिवेदन

सार्वजनिक सेवा प्रसारकले आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्ने छ । यस्तो वार्षिक प्रतिवेदन प्रतिनिधिसभामा छलफल हुनेछ ।

## १६. सङ्क्रमणकालीन व्यवस्था

रेडियो नेपाल र नेपाल टेलिभिजनलाई सार्वजनिक सेवा प्रसारणको रूपमा रूपान्तरण गर्न रेडियो नेपाल र नेपाल टेलिभिजनको मौजुदा सम्पत्ती, दायित्व, कर्मचारीको समायोजन र व्यवस्थापनका निम्ति विशेष सङ्क्रमणकालीन प्रबन्ध गर्नुपर्ने छ ।

## ग. प्रेस काउन्सिल, नेपाल

### १. अवधारणा र औचित्य

स्वच्छ र स्वस्थ्य पत्रकारिताको विकासका निम्ति पत्रकारको व्यावसायिक मर्यादा कायम गर्न गराउन प्रेस काउन्सिल गठन गर्ने प्रचलन विश्वका विभिन्न मुलुकहरूमा रहेको देखिन्छ । प्रेस काउन्सिलको भूमिका मूलतः पत्रकारको आचरण सम्बन्धी नियमहरू बनाई लागू गर्ने, त्यसको अनुगमन गर्ने र प्रेस स्वतन्त्रताको संरक्षण र प्रवर्द्धन गर्ने जस्ता विषयहरूमा केन्द्रित रहने गरेको देखिन्छ । नेपालमा पत्रकारिताको पेशागत उच्चतम आचरण कायम गरी स्वस्थ्य, स्वतन्त्र र उत्तरदायी पत्रकारिताको विकास तथा सम्बर्द्धनको लागि प्रेस काउन्सिल नेपालको स्थापना भएको छ । छापा, प्रसारण तथा अनलाइन समाचार माध्यम र पत्रकारले व्यावसायिक मर्यादा कायम राख्न पालना गर्नुपर्ने आचार संहिता निर्माण गर्ने, त्यसको अनुगमन गर्ने, आचार संहिता उल्लंघनबारे उजुरी सुन्ने, उल्लंघन गर्नेलाई कारबाही गर्ने र पत्रकारिताको विकासका लागि नेपाल सरकारलाई आवश्यक सुझाव दिने कार्य प्रेस काउन्सिलको कार्यक्षेत्रभित्र रहेको छ ।

प्रकाशित/प्रसारित समाचारको अन्तरबस्तुको अनुगमन र आचारसंहिता उल्लंघन सम्बन्धी उजुरी सुन्ने जिम्मेवारी प्रेस काउन्सिलमा रहेको छ । स्रोत, साधन, प्रविधि, जनशक्ति तथा सरोकारवालाको अपेक्षित सहयोगको अभावमा प्रशारण र अनलाइन पत्रिकाको अनुगमन काउन्सिलले प्रभावकारी ढंगले गर्न सकेको छैन । काउन्सिलको धेरैजसो समय पत्रपत्रिका वर्गीकरणको व्यवस्थापनमै व्यतित भइरहेको छ । प्रेस काउन्सिल प्रभावकारी बनाई मर्यादित पत्रकारिताको विकास गर्नको लागि प्रेस काउन्सिलको विद्यमान संरचनामा परिवर्तन हुनु आवश्यक छ । प्रेस काउन्सिललाई पत्रपत्रिकाको वर्गीकरणको कामबाट मुक्त गरी पत्रकार आचारसंहिताको अनुगमन गर्ने र स्वस्थ एवम् मर्यादित पत्रकारिताको विकासमा केन्द्रित हुने भूमिकामा राख्नु उपयुक्त हुने देखिन्छ ।

### २. उद्देश्य

२.१ प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षण र सम्बर्द्धन गर्ने,

२.२ नेपालको संविधान (२०७२) को मर्म र भावनालाई कार्यान्वयन गर्न प्रोत्साहन गर्ने,

२.३ समाचारबाट हुने हिंसा, विभेद, भाषिक-साँस्कृतिक असहिष्णुता, मानवअधिकार हनन र उपेक्षालाई न्यूनीकरण गर्नमा आवश्यक कार्य गर्ने,

२.४ पत्रकारितामा उच्च व्यावसायिक मर्यादा कायम गराउन पत्रकारको आचरण संहिता बनाई प्रभावकारी रूपमा लागू गर्ने गराउने, र

२.५ मर्यादित पत्रकारिताको विकासका लागि नेपाल सरकारलाई आवश्यक सुझाव सिफारिस गर्ने ।

### ३. सिफारिस समितिको गठन

३.१ दफा ४ बमोजिम पदेन सदस्य बाहेक प्रेस काउन्सिलको अध्यक्ष र सदस्यका लागि सिफारिस गर्न देहायको सिफारिस समिति रहनेछ ।

| | | |
|---|---|---|
| (क) राष्ट्रिय सभाका अध्यक्ष | - | सदस्य |
| (ख) सूचना तथा सञ्चार मन्त्री वा राज्यमन्त्री | - | सदस्य |

(ग) राष्ट्रिय समावेशी आयोगका अध्यक्ष - सदस्य

(घ) नेपाल पत्रकार महासङ्घका अध्यक्ष - सदस्य

(ङ) त्रिभुवन विश्वविद्यालय, पत्रकारिता विभागका प्रमुख- सदस्य

## ४. प्रेस काउन्सिलको गठन

४.१ प्रेस काउन्सिलको गठन देहाय बमोजिम हुनेछ :-

(क) सर्वोच्च अदालतका न्यायाधीश हुने योग्यता पुगेका व्यक्ति वा बरिष्ठ अधिवक्ता वा मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि हासिल गरी बीस वर्षभन्दा बढी पत्रकारिता र सम्बन्धीत क्षेत्रमा अध्ययन,अनुसन्धान गरेका व्यक्तिहरू मध्येबाट - अध्यक्ष

(ख) प्रतिनिधि सभाको सभामुखले तोकेको प्रतिनिधिसभाको सदस्य एक - सदस्य

(ग) राष्ट्रियसभाको अध्यक्षले तोकेको राष्ट्रिय सभाका सदस्य एक - सदस्य

(घ) अध्यक्ष, नेपाल पत्रकार महासङ्घ - सदस्य

(ङ) छापामाध्यम, रेडियो, टेलिभिजन र अनलाइन जस्ता विभिन्न आमसञ्चारका क्षेत्रबाट प्रतिनिधित्व हुने गरी नेपाल सरकारबाट नियुक्ति पाँच जना - सदस्य

(च) प्रकाशक, सम्पादक, श्रमजीवी पत्रकार र सञ्चारका उपभोक्तमध्येबाट नेपाल सरकारले नियुक्त गरेका चार जना - सदस्य

४.२ दफा ४.१ को खण्ड (घ) र (ङ) बमोजिम सदस्य नियुक्त गर्दा महिला, मधेशी, दलित, आदिवासी जनजाती, मुस्लिम समुदायको प्रतिनिधित्व हुने गरी समानुपातिक समावेशी सिद्धान्तका आधारमा गर्नुपर्ने छ ।

४.३ काउन्सिलको पदेन सदस्य बाहेक अध्यक्ष र सदस्यको कार्यकाल चार वर्षको हुनेछ ।

४.४ काउन्सिलका अध्यक्ष र सदस्यहरूको पारिश्रमिक सेवा र सुविधाको शर्त कानुनले तोके अनुसार हुने छ ।

४.५ काउन्सिलको अध्यक्ष र सदस्यलाई कार्यक्षमताको अभाव, खराब आचरण र पदीय जिम्मेवारी इमान्दारीपूर्वक वहन नगरेको अवस्थामा दफा ३ बमोजिम गठित सिफारिस समितिले जाँचबुझ समिति गठन गरी सो समितिको प्रतिवेदनको आधारमा पदमुक्त गर्न सिफारिस गरेमा नेपाल सरकारले अध्यक्ष र सदस्यलाई पदबाट मुक्त गर्नेछ । यसरी पदमुक्त गर्नु अगाडि निजलाई लगाइएको आरोपको विषयमा प्रतिवादको मौका दिनु पर्नेछ ।

## ५. काउन्सिलको काम कर्तव्य र अधिकार

प्रेस काउन्सिलको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

५.१ प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षण र सम्वर्धन गर्ने,

५.२ नेपालको संविधान (२०७२) को मर्म र भावनालाई कार्यान्वयन गर्न प्रोत्साहन गर्ने,

५.३ स्वस्थ पत्रकारिताको विकासको लागि उपयुक्त वातावरण तयार गर्ने,

५.४ प्रेस स्वतन्त्रताको दुरूपयोग हुन नदिन पत्रकारिता सम्बन्धी आचारसंहिता बनाई लागू गर्ने,

५.५ मर्यादित पत्रकारिताको विकासका लागि गर्नुपर्ने कामका निम्ति नेपाल सरकारलाई आवश्यक सिफारिस गर्ने,

५.६ आमसञ्चारका माध्यममा प्रकाशित तथा प्रसारित असामाजिक, आपत्तिजनक, राष्ट्रिय हित विपरितका कुराहरूको सम्बन्धमा छानविन गरी आवश्यक कारबाही गर्ने, प्रकाशित वा प्रसारित सामग्रीबाट असर पुग्ने पक्ष र पुऱ्याउने पक्षबीच मेलमिलाप गराउने वा मध्यस्थको प्रक्रियाबाट विवाद समाधान गर्ने,

५.७ कानुनद्वारा तोकिएका अन्य कार्यहरू गर्ने ।

६. **काउन्सिलको कोष :** काउन्सिलको कोषमा देहाय बमोजिमको रकम रहने छ-

(क) नेपाल सरकारबाट प्राप्त रकम

(ख) विदेशी सरकार वा सङ्घ संस्थाबाट प्राप्त आर्थिक अनुदान वा सहायता रकम

(ग) काउन्सिलले अन्य कुनै स्रोतबाट प्राप्त गरेको रकम

७. **काउन्सिलको कर्मचारी**

काउन्सिलको प्रशासकीय प्रमुखको रूपमा कार्यकारिणी अधिकृत सहित अन्य आवश्यक कर्मचारी प्रतिस्पर्धाको आधारमा लोकसेवा आयोगको सिद्धान्त अन्तर्गत रही काउन्सिलले नियुक्त गर्ने छ ।

## घ. विज्ञापन परिषद्

१. **अवधारणा र औचित्य**

विश्वव्यापीरूपमा आम सञ्चारका माध्यमहरू श्रव्यदृश्य, छापा, वेब लगायतका क्षेत्रमा भईरहेको प्रगति एवं विविधिकरणका साथै विश्वव्यापीकरण, शैक्षिक प्रगति, औद्योगिकरण आदिका कारणले विज्ञापन उद्योगमा आएको व्यवसायीकरण, प्रतिस्पर्धा र आधुनिक प्रविधिका साथै देशको प्रचलित ऐन कानुन र समाजको चेतनास्तरलाई समेत दृष्टिगत गरी व्यवसाय सञ्चालन गर्न र विज्ञापन उद्योगको सम्बर्द्धन एवं प्रवर्द्धन गर्न अत्यन्त आवश्यक भएको छ । खुल्ला अर्थतन्त्रमा बिना विज्ञापन कुनै पनि बस्तु वा सेवाप्रदायकले आफ्नो वस्तु वा सेवा आफ्ना लक्षित वर्गसम्म पुऱ्याउन कठिन छ । विज्ञापन यो एक सशक्त साधन हो । हाम्रा पुर्खाले यस वास्तविकतालाई मनन गरी "बोल्नेको पिठो बिक्छ नवोल्नेको चामल पनि बिक्दैन" भन्ने उखान प्रयोगमा ल्याएका छन् । विज्ञापनको महत्व हुँदा हुँदै पनि विज्ञापनका क्षेत्रमा विभिन्न समस्या र विकृतिहरू रहेका छन् । यसो हुनका मुख्य कारणहरूमा - बजारको आवश्यकता भन्दा बढी मिडियाहरूलाई सञ्चालन अनुमति दिनु र नियमित अनुगमन नगर्नु, स्पष्ट विज्ञापन नीति बनाउन नसक्नु र बनेका नीतिहरूको पनि नियमन गर्ने निकाय नहुनु, विज्ञापनलाई स्पष्ट परिभाषा गरी सबै विज्ञापनहरू करको दायरामा नआउनु,

सञ्चार गृहको पारदर्शीताप्रति सरकारको ध्यान नजानु, विज्ञापन निर्माताहरू विज्ञापन निर्माण गर्दा समाजप्रति वा मुलुकप्रति उत्तरदायी नदेखिनु, विज्ञापन आचारसंहिता लागू नहुनु, अनलाइन मिडियाहरू अव्यवस्थित हुनु र त्यहाँ जाने विज्ञापनको अभिलेख नहुनु, सञ्चार नीति वा मिडिया सम्बन्धी नीति नियम बनाउने क्रममा सम्बन्धीत क्षेत्रका अनुभवी व्यक्ति वा विज्ञहरूसँग यथेष्ट छलफल नहुनु तथा सम्बन्धीत काउन्सिल तथा समितिहरूमा अनुभवी र विज्ञ व्यक्तिहरूको अभाव रहनु आदि ।

नेपाली विज्ञापन बजारको क्रमिक विकास भई अहिले वार्षीक करिब रू. ५ अर्ब भन्दा बढिको कारोबार हुने गरेको तथा बिसौं हजार जनशक्ति यस व्यवसायमा संलग्न भएको भन्ने रहेकोछ । लोकतान्त्रिक राज्यव्यवस्थामा चौथो अंगका रूपमा स्थापित सञ्चार माध्यमको सुदृढीकरण र सवलीकरणका लागि पनि विज्ञापन उद्योगको संस्थागत विकास आवश्यक रहेको छ । तर अहिलेसम्म पनि नेपालमा विज्ञापन व्यवसायमा नीतिगत समस्याले विज्ञापन व्यवसायलाई उद्योगका रूपमा स्थापित हुन सकेको देखिन्न । देशमा विज्ञापन नीति नभएको र विज्ञापनलाई चलचित्र, सञ्चार र सूचना प्रविधि क्षेत्रका ऐन कानून मार्फत सञ्चालन गरिएको अवस्थामा राष्ट्रिय विज्ञापन ऐनको आवश्यकताका साथै विज्ञापन परिषद्को स्थापना हुनु आवश्यक भएको छ ।

विश्वका कतिपय लोकतान्त्रिक मुलुकहरूमा विज्ञापन सम्बन्धी उठेका विवादहरूको निरूपण गर्न छुटै न्यायिक संरचनाको स्थापना हुने गरेको सन्दर्भमा नेपालमा समेत त्यस्ता विवाद निरूपण गर्न तथा विज्ञापन आचार संहिता पालनाको अनुगमन गरी विज्ञापनलाई व्यवस्थित र मर्यादित बनाउनु आवश्यक छ ।

नेपाल सरकारले सूचना विभाग मार्फत वार्षिक करोडौं रकम बराबरको लोककल्याणकारी विज्ञापनहरू विभिन्न सञ्चार माध्यमबाट प्रकाशन तथा प्रसारण गर्दै आएको छ । यसबाट राज्यको ढिकुटीबाट वार्षिक करिब १८/२० करोड रूपैया खर्च भइरहेको अवस्था छ । अन्य लोकतान्त्रिक तथा विकसित मुलकहरूमा यस्ता लोक कल्याणकारी विज्ञापनको खर्चमा सरकार एक्लैको मात्र होइन निजी क्षेत्र तथा सञ्चार उद्योगको पनि योगदान रहने गर्दछ । आवश्यकता अनुरूप लोककल्याणकारी वा जनचेतनामूलक विज्ञापनहरूको निर्माण तथा प्रकाशन/प्रसारण गर्न आर्थिक योगदान जुटाउन, विज्ञापन सम्बन्धी सरकारलाई सुझाव सल्लाह प्रदान गर्नका लागि विज्ञापन चक्रका सबै सदस्यहरू प्रतिनिधित्व हुने गरी नेपाल विज्ञापन परिषद्को गठन गरिनु पर्ने आवश्यकता महसुस गरिएको छ ।

## २. उद्देश्य

२.१ विज्ञापन व्यवसायलाई आफनो कर्तव्य, उत्तरदायित्व र जिम्मेवारीप्रति सजग तुल्याई मुलुकको सर्वाङ्गीण विकासका लागि उत्प्रेरित गर्ने ।

२.२ राष्ट्रलाई आवश्यक पर्ने जनहितसँग सम्बन्धीत विज्ञापनहरू उत्पादन गर्न प्रोत्साहन गर्ने ।

२.३ विश्वव्यापीकरण, शैक्षिक विकास, औद्योगीकरण र सूचना तथा सञ्चार प्रविधिमा भएको विकासलाई सञ्चार एवं विज्ञापन उद्योगको माध्यमबाट मुलुकको हितमा उपयोग गर्ने ।

२.४ विज्ञापनबारे अध्ययन अनुसन्धान गर्ने ।

२.५ विज्ञापनको प्रकृति, विज्ञापनको उद्देश्य, त्यसको असर र प्रभावका आधारमा विज्ञापनको परिभाषा गरी विज्ञापनको वर्गीकरण गर्ने ।

## ३. सिफारिस समिति

३.१ विज्ञापन परिषद् गठनका लागि देहाय अनुसारको सिफारिस समिति हुनेछ :-

क. राष्ट्रिय सभाका अध्यक्ष - अध्यक्ष

ख. सूचना तथा सञ्चार मन्त्री वा राज्य मन्त्री - सदस्य

ग. राष्ट्रिय महिला आयोगका अध्यक्ष - सदस्य

घ. नेपाल विज्ञापन सङ्घ (आन)का अध्यक्ष - सदस्य

ङ. नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष - सदस्य

**३.२.** दफा ३.१ बमोजिमको सिफारिस समितिको सिफारिस बमोजिम नेपाल सरकारले विज्ञापन परिषद्को अध्यक्ष र सदस्यको नियुक्ति गर्नेछ ।

## ४. कार्यसमिति

विज्ञापन परिषद्मा अध्यक्ष सहित पाँच जनाको कार्यसमिति देहाय अनुसारको हुनेछ -

क. मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि हासिल गरी मार्केटिङ/विज्ञापनका क्षेत्रमा कम्तीमा बीस वर्षको अनुभव प्राप्त व्यक्ति - अध्यक्ष

ख. नेपाल सरकारले तोकेको सूचना तथा सञ्चार मन्त्रालयका सह-सचिव एक - सदस्य

ग. नेपाल मिडिया सोसाइटीका अध्यक्ष - सदस्य

घ. रेडियो एफ.एम. र विज्ञापनदाताबाट एक/एक जना - सदस्य

## ५. पदावधि

विज्ञापन परिषद् कार्यसमितिका पदेन सदस्यबाहेक अध्यक्ष र सदस्यको पदावधि पाँच वर्षको हुने छ । खराब आचरण, कार्यक्षमताको अभाव, पदीय कर्तव्य जिम्मेवारीपूर्वक वहन नगरेको आरोपमा दफा ३ अनुसार गठित समितिले जाँचबुझ समिति बनाई सो समितिको प्रतिवेदनको आधारमा प्रतिवादको मौका दिई सेवाबाट हटाउन सिफारिस गरेमा नेपाल सरकारले त्यस्तो आरोप लागेको अध्यक्ष वा सदस्यलाई पदबाट हटाउन सक्नेछ ।

## ६. विज्ञापन परिषद्को काम, मर्तव्य र अधिकार

६.१ मुलुकको आवश्यकताअनुसार राष्ट्रिय हित र जनहितसम्बन्धी विज्ञापन निर्माण गरी प्रकाशन/प्रसारण गर्न प्रोत्साहन गर्ने,

६.२ नेपालमा निर्माण गरी कुनै पनि सञ्चारका माध्यमद्वारा आफ्ना बस्तु वा सेवा वा सूचनाहरू प्रवाह गरेकोमा त्यस्ता विज्ञापन वा सूचना भ्रम फैलाउने, उत्तेजना फैलाउने, अमर्यादित भए नभएको अनुगमन गर्ने,

६.३ मुलुकको सार्वभौमसत्ता, राष्ट्रिय अखण्डतामा असर पर्ने, बाल बालिका तथा अपांगता भएका व्यक्ति, धार्मिक स्वतन्त्रतामा खलल पर्ने, लिंगविभेद, जातीय विभेदका सम्बन्धमा असर पर्ने गरी विज्ञापन प्रसारण भए नभएको अनुगमन गरी त्यस्तो भएको पाएमा रोक लगाउने,

६.४ विज्ञापन सम्बन्धी परेको उजुरी उपर छानविन गरी निर्णय गर्ने,

६.५ विदेशी च्यानलहरूबाट प्रसारण हुने विज्ञापनहरू मापदण्ड विपरित प्रसारण भएमा त्यसको अनुगमन गरी कारबाही गर्ने,

६.६ सरकार, विज्ञापन एजेन्सी, विज्ञापनदाता, सञ्चार माध्यम तथा सरकारी निकायवीच समन्वय गर्ने,

६.७ नेपाल सरकारलाई आवश्यक परेमा विज्ञापन सम्बन्धी आवश्यक सल्लाह सुझाव दिने,

६.८ विज्ञापन व्यवसाय र व्यावसायीको योग्यता, क्षमता र पुर्वाधार निर्धारण गर्ने, विज्ञापन व्यवसायका लागि आवश्यक तालिमको व्यवस्था, पुस्तकालय र अनुसन्धान केन्द्र स्थापना गर्ने ।

## ७. कार्यकारी अधिकृत

विज्ञापन परिषद्को नीति नियम र निर्देशनमा रही कार्यालयको दैनिक कार्य गर्ने परिषद्को प्रशासकीय प्रमुखका रूपमा एक जना कार्यकारी अधिकृतको व्यवस्था गरिने छ । सम्बन्धीत क्षेत्रमा पन्ध्र वर्षभन्दा बढी काम गरेको अनुभव प्राप्त गरेको तथा न्यूनतम योग्यता स्नातक रहेका व्यक्तिहरूमध्येबाट परिषद्ले प्रतिस्पर्धाद्वारा लोकसेवा आयोगको सिद्धान्त अन्तर्गत रही प्रशासकीय प्रमुखको रूपमा कार्यकारी अधिकृत नियुक्त गर्नेछ । परिषद्ले गरेका नीतिगत निर्णयहरूलाई कार्यान्वयन गर्नु गराउनु निजको प्रमुख कार्य हुनेछ ।

## ८. कार्यकारी अधिकृतको पदावधि र सेवा शर्त

परिषद्को कार्यकारी अधिकृतको पारिश्रमिक, सेवा र सुविधा कानूनद्वारा तोकेअनुसार हुनेछ ।

## ९. परिषद्को कोष

(क) विज्ञापन परिषद्को एउटा छुट्टै कोष हुनेछ ।

(ख) कोषमा देहायका रकमहरू रहने छन् :-

(१) नेपाल सरकारबाट प्राप्त रकम,

(२) विदेशी सरकार वा सङ्घ संस्थाबाट प्राप्त आर्थिक अनुदान वा सहायता रकम,

(३) परिषदले अन्य कुनै स्रोतबाट प्राप्त गरेको रकम ।

(ग) परिषद्को कोषको सञ्चालन कानुनद्वारा तोकिए बमोजिम हुनेछ ।

## १०. परिषद्को कर्मचारी

विज्ञापन परिषद्ले लोकसेवा आयोगको सिद्धान्तअन्तर्गत कानुनमा व्यवस्था भएबमोजिम प्रतिस्पर्धाबाट कर्मचारीको व्यवस्था गर्ने छ ।

## ङ विविध

## अ. तहगत अन्तरसम्बन्ध

नेपालको संविधान (२०७२) को अनुसूची ५, ६, ७, ८ र ९ मा सङ्घ, प्रदेश र स्थानीय तहलाई प्रदान गरेको अधिकार संविधानको सीमाभित्र रही विभिन्न तहले प्रयोग गर्नुपर्ने हुन्छ। संविधानद्वारा निर्धारित आ-आफ्नो अधिकार प्रयोग गर्दा संविधानले आत्मसात गरेको मान्यता र त्यससम्बन्धी मान्य सिद्धान्तको परिधिभित्र रही गर्नु पर्दछ।

संविधानबमोजिम प्रदेश तहले आ-आफ्नो प्रदेश भित्र विभिन्न किसिमको सूचना तथा सञ्चारसम्बन्धी नियामक निकायहरूको गठन गर्दा संविधान र सङ्घीय कानुनले आत्मसात गरेको सिद्धान्त सम्मत हुने किसिमबाट गर्नुपर्ने छ। प्रदेश तहले त्यस्ता संरचनाहरू निर्माण गर्दा त्यस सम्बन्धी मान्य सिद्धान्त, त्यस्तो संरचनाहरूको स्वायत्तता र स्वतन्त्रतामा असर पर्ने किसिमबाट गर्न नहुने कुराको सुनिश्चितता सङ्घीय कानुनबाट हुनु पर्दछ। यसैगरी नियामक निकायहरूको अधिकारक्षेत्र तोक्दा एक अर्कामा नदोहोरिने गरी सङ्घीय कानुनद्वारा स्पष्ट अधिकारक्षेत्रको सीमाङ्कन गर्नुपर्दछ। प्रेस काउन्सिल र विज्ञापन परिषद्को बीच अधिकार र कामको स्पष्ट विभाजन हुने गरी कानुनी व्यवस्था गर्नुपर्ने हुन्छ। नियमक निकायलाई प्रभावकारी बनाउन नियामक निकायहरूको गठन गर्दा दलीय वण्डाका आधारमा नभै वस्तुगत, विज्ञता र दक्षता, समावेशी सिद्धान्तका आधारमा वस्तुनिष्ट भई गर्नु पर्दछ। नियामक निकायहरूलाई प्रभावकारी बनाउन सोही अनुरूपको कानुन, स्रोत साधन र आवश्यक पूर्वाधारको विकास आवश्यक पर्ने भएकाले त्यही अनुरूपको व्यवस्थापन हुनु पर्दछ। यसो गर्न सकिएमा नै समृद्ध सूचना प्रणालीको स्थापना र विकास सहज हुन सक्दछ।

### आ. राष्ट्रिय आमसञ्चार प्रशिक्षण प्रतिष्ठान

पत्रकारिता पेशालाई व्यावसायिक र मर्यादित बनाउन आमसञ्चार सम्बन्धी अध्ययन, अनुसन्धान र प्रशिक्षणद्वारा पत्रकार र सञ्चारकर्मीहरूको सीप तथा दक्षता अभिवृद्धि र अद्यावधिक गर्न एवम् उच्चतम् व्यावसायिक अभ्यासका लागि प्रेरित गर्न राष्ट्रिय आमसञ्चार प्रशिक्षण प्रतिष्ठान स्थापना गर्नु आवश्यक छ।

### इ. नेपाल सञ्चार सङ्ग्रालय तथा अध्ययन प्रतिष्ठान

पत्रकारिता र सञ्चार क्षेत्रको इतिहास र प्रविधिको विकासक्रम झल्किने गरी सूचना तथा सञ्चार क्षेत्रमा प्रयोग भएका सामग्रीहरूको समूह र प्रदर्शनी, यस क्षेत्रका पुराना उपकरण, सामग्री तथा प्रकाशनको सङ्कलन र संरक्षण एवम् आमसञ्चार क्षेत्रको अध्ययन, अनुसन्धानका लागि नेपाल सञ्चार सङ्ग्रहालय तथा अध्ययन प्रतिष्ठान स्थापना आवश्यक छ।

## परिच्छेद -६

# मर्यादित पत्रकारिताको विकास र व्यावसायिक आचरण

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रको प्रमुख आधारस्तम्भको रूपमा रहेको छ । यसले नागरिकलाई सबल बनाउने मात्र नभई संस्कृतिको विकास र सामाजिक रूपान्तरणमा समेत महत्वपूर्ण भूमिका खेलेको हुन्छ । नेपालमा पत्रकारिता केवल व्यवसाय या पेशा मात्र नभई विभिन्न कालखण्डमा परिवर्तनको प्रमुख संवाहक शक्तिका रूपमा समेत रहँदै आएको छ । लोकतन्त्रको स्थापना र सुदृढीकरणमा यसको भूमिका महत्वपूर्ण रहिआएको छ । लोकतान्त्रिक समाजमा नागरिक हकको प्रमुख मानक समेत मानिने सूचना र प्रेसमाथि नागरिकको पहुँच बढाउन र आमसञ्चार स्वतन्त्रतालाई संस्थागत गर्न विभिन्न संयन्त्रको निर्माण आवश्यक हुन्छ । त्यसैले मर्यादित समाजका लागि मर्यादित पत्रकारितालाई पूर्वशर्तसमेत मान्ने गरिन्छ ।

मर्यादित पत्रकारिताको प्रमुख उद्देश्य सही सूचना र विचार प्रवाहको माध्यमबाट पाठक, दर्शक र श्रोताबीच अन्तरसम्बन्ध तथा संवाद स्थापना गर्नु हो । सम्वेदनशील र पवित्र उद्देश्यका लागि क्रियाशील पत्रकार र पत्रकारितालाई मर्यादित बनाइराख्न प्रोत्साहित गर्ने र स्वनियामको माध्यमबाट अराजक र विकृति हुन नदिने आमप्रचलन छ । यही प्रचलन अनुसार विश्वका कैयन् मुलुकमा झैं नेपालमा पनि प्रेस काउन्सिल अस्तित्वमा रही आएको छ । प्रेस काउन्सिलले सरोकारवाला, सञ्चार उपभोक्ता र नागरिक समाजसँग छलफल गरी पत्रकार आचारसंहिता निर्माण र कार्यान्वयन गर्ने गरेको छ । तथापि अपेक्षित रूपमा नेपाली पत्रकारिता मर्यादित र जिम्मेवार हुन नसकेको गुनासो रहेको छ ।

मर्यादित पत्रकारिता प्रेस काउन्सिल, पत्रकार, सञ्चार गृह र सञ्चार उपभोक्ताको जिम्मेवार र व्यावसायिक व्यवहारसँग बढी सम्बन्धीत छ । मर्यादित पत्रकारिता निरपेक्षता भन्दा पनि सापेक्षित र समग्रताको परिवेशसँग अन्तरसम्बन्धीत हुने गर्दछ । मर्यादित पत्रकारिताको विकासमा देहायका कुरा सान्दर्भिक देखिन्छन्-

### १. प्रभावकारी प्रेस काउन्सिल

मर्यादित पत्रकारिताको प्रवर्द्धनका लागि प्रेस काउन्सिलले आफ्नो भूमिका निर्वाह गर्दै आए पनि कानुनी, संरचनागत र बजेटमा स्वायत्तताको अभाव एवं प्रविधिगत स्रोत साधन र क्षमताको कमीका कारण सोचेजति प्रभावकारी हुन सकेको छैन । पत्रपत्रिका वर्गीकरण जस्ता प्रशासनिक कार्यबोझले गर्दा पत्रकार आचारसंहिताको अनुगमनको काम जति प्राथमिकतामा पर्नुपर्ने हो त्यति हुन सकेको छैन । यही कारण यो नीतिमा प्रेस काउन्सिललाई पत्रकारितासँग सम्बन्धीत अन्तरवस्तुमा मात्र सीमित राख्न यस समितिद्वारा सिफारिश गरिएको छ । पत्रपत्रिका वर्गीकरण र लोक कल्याणकारी विज्ञापनसम्बन्धी व्यवस्थापकीय कार्यका लागि राष्ट्रिय आमसञ्चार प्राधिकरणले गर्ने गरी प्रस्ताव गरिएको छ । काउन्सिललाई कानुनी, संरचनागत तथा स्रोतका दृष्टिले स्वायत्त, दक्ष, अनुभवी र स्वच्छ छविका पदाधिकारी छनौटमा स्पष्ट मानदण्डको पालना एवं प्रविधियुक्त बनाउन सकेमा पत्रकार आचारसंहिता प्रभावकारीरूपमा कार्यान्वन भई मर्यादित पत्रकारितामा बल पुग्नेछ ।

## २. व्यावसायिक क्षमता अभिवृद्धि

मर्यादित पत्रकारिताका लागि व्यावसायिक क्षमताको अभिवृद्धि भनेको सीप विकास तथा ताजगीकरण, आचारसंहिताबारे जनचेतना र ज्ञान तथा सामाजिक विविधता र विचारमा बहुलता हो । यस्ता क्षमता अभिवृद्धि गर्ने दायित्वबाट राज्य विमुख हुन नसक्ने हुनाले राष्ट्रिय आमसञ्चार प्रशिक्षण प्रतिष्ठान स्थापना गर्न प्रस्तावित नीतिमा प्रस्ताव गरिएको छ । प्रतिष्ठान स्थापना भई सञ्चालन हुँदा मर्यादित पत्रकारितामा सहयोग पुग्नेछ । यस्तै यस नीतिमा प्रस्ताव गरिएको सूचना तथा सञ्चार सङ्ग्रहालय तथा अध्ययन प्रतिष्ठानले पनि यस दिशामा थप मद्दत पुऱ्याउने छ ।

## ३. प्रभावकारी स्वनियमन

मर्यादित पत्रकारिताको लागि प्रेस काउन्सिल मात्र नभई सञ्चार गृह पनि उत्तिकै जिम्मेवार हुनुपर्दछ । सञ्चार गृहहरूमा स्वनियमन कार्यान्वयन हुँदा आचारसंहिता कार्यान्वयनमा प्रभावकारिता आउने र आचारसंहिता प्रभावकारी हुने हुँदा प्रस्तावित नीतिमा स्वनियमनलाई प्रभावकारी रूपमा प्रोत्साहन गर्ने नीति प्रस्ताव गरिएको छ । सञ्चार गृहको सम्पादकीय नीतिको स्वघोषणा गर्न प्रोत्साहन गर्नुपर्छ ।

## ४. पेशागत संरक्षण

पत्रकारहरूको पेशागत सुरक्षाको प्रत्याभूति नहुँदा त्यसको असर उनीहरूको जीवनवृत्तिमा मात्र नभई कामप्रतिको उत्प्रेरणा र पेशागत मर्यादामा समेत पर्ने भएकोले न्यूनतम पारिश्रमिकका साथै श्रमजीवी पत्रकार ऐनको प्रभावकारी ढङ्गले कार्यान्वयन हुनु जरूरी हुन्छ । यसका लागि प्रभावकारी अनुगमन एवं पुरस्कार र दण्डको व्यवस्था हुनु आवश्यक छ ।

## ५. व्यावसायिक अभ्यासमा प्रोत्साहन

साना लगानीका मिडिया संचालकहरूले पर्याप्त लगानी र पूँजीको अभावमा व्यावसायिक पत्रकारिताका निम्ति विशेष ध्यान दिन नसकेको अवस्था छ । व्यावसायिक पत्रकारिताको अभावमा मर्यादित पत्रकारिता कमजोर हुन पुग्दछ । मर्यादित पत्रकारिताका न्यूनतम स्तर मापन गर्न आवश्यक स्रोत र साधनको व्यवस्था गरी व्यावसायिकताको प्रबर्द्धन गर्नु आवश्यक छ ।

## ६. पत्रकार सुरक्षा

मर्यादित पत्रकारिताको माध्यमबाट पत्रकार सुरक्षामा बल पुग्छ । पत्रकार सुरक्षा भन्नाले पत्रकारको व्यवसाय, स्वास्थ्य र कल्याण पनि हो । पत्रकार, सञ्चारकर्मी तथा सञ्चार माध्यम लक्षित हिंसाको रोकथाम र नियन्त्रण जरूरी छ । दण्डहीनताको र सेल्फसेन्सरसीपको अन्त्यका साथै पत्रकारको सामाजिक सुरक्षाको प्रत्याभूति पनि त्यतिकै आवश्यक छ ।

मर्यादित पत्रकारिताका लागि स्वार्थ बाझिने गरी (Conflict of Interest) हुने गरी ऐन कानुनहरू बन्न नदिनेतर्फ सम्बन्धित क्षेत्र समयमै सचेत हुनुपर्छ । त्यस्तो नभएमा स्वार्थहरू बाजी मर्यादित पत्रकारिता प्रतिकूलका कार्यहरू हुनेछन् । यस सिद्धान्तलाई समेत समावेश

गरी पत्रकार आचारसंहितालाई समसामयिक बनाई प्रभावकारी रूपमा लागू गर्नु आवश्यक छ ।

## परिच्छेद - ७

# नीति कार्यान्वयन योजना

नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय बमोजिम गठित यस उच्चस्तरीय समितिले प्रस्तुत गरेको सिफारिस प्रतिवेदन र प्रस्तावित राष्ट्रिय आमसञ्चार नीति, २०७३ लागू गर्न देहाय बमोजिमको निकायले देहाय बमोजिम कार्य गर्नु आवश्यक छ -

| सि.नं. | सिफारिसका मुख्य विषयहरू | कार्यान्वयन गर्ने/गराउने जिम्मेवार निकाय | समयावधि | कैफियत |
|---|---|---|---|---|
| १. | सञ्चार माध्यमले सार्वजनिक स्वनियमन र सम्पादकीय नीति सार्वजनिक गरी लागू गर्ने । | • प्रेस काउन्सिल, नेपाल<br>• नेपाल पत्रकार महासङ्घ<br>• नेपाल मिडिया सोसाइटी र मिडिया सञ्चालक संस्थाहरू | छ महिनाभित्र | |
| २. | सञ्चार माध्यममा गरिने लगानीको स्रोतलाई पारदर्शी गर्ने । | • नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय<br>• नेपाल पत्रकार महासङ्घ<br>• नेपाल मिडिया सोसाइटी तथा मिडिया सञ्चालक सस्थाहरू | एक वर्षभित्र | |
| ३. | संविधान र राष्ट्रिय हित प्रतिकूल सञ्चार सामग्रीको उत्पादन र बिक्री वितरण र प्रवाहमा नियन्त्रण गर्ने सम्बन्धमा । | • नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय<br>• प्रेस काउन्सिल, नेपाल<br>• मिडिया सञ्चालक संस्थाहरू | निरन्तर अनुगमन गर्ने | |
| ४. | विदेशी पत्रपत्रिकाको नेपाल संस्करण वा मुद्रण एवम् विदेशी रेडियो र टेलिभिजनको प्रसारण रिले प्रसारणको नियमन गर्न कानून बनाई लागू गर्ने । | • नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय<br>• कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय<br>• व्यवस्थापिका-संसद् | एक वर्षभित्र | |
| ५. | मिडिया एकाधिकारलाई नियन्त्रण गर्न कानून बनाउने । | • नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय<br>• कानुन, न्याय तथा संसदीय | एक वर्षभित्र | |

| | | | | |
|---|---|---|---|---|
| | | मामिला मन्त्रालय<br>• व्यवस्थापिका-संसद् | | |
| ६. | नियामक निकायसम्बन्धी कानून बनाउने ।<br>(राष्ट्रिय आमसञ्चार प्राधिकरण प्रेस काउन्सिल, विज्ञापन परिषद्) | • नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय<br>• कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय<br>• व्यवस्थापिका-संसद्<br>• प्रेस काउन्सिल, नेपाल<br>• नेपाल पत्रकार महासङ्घ | एक वर्षभित्र | |
| ७. | राष्ट्रिय आमसञ्चार प्रशिक्षण प्रतिष्ठानको स्थापना र तत्सम्बन्धी कानून निर्माण । | • नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय<br>• कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय<br>• व्यवस्थापिका-संसद्<br>• नेपाल पत्रकार महासङ्घ | एक वर्षभित्र | |
| ८. | नेपाल सूचना तथा सञ्चार सङ्ग्रहालय तथा अध्ययन प्रतिष्ठानको स्थापना र कानून निर्माण | • नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय<br>• कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय<br>• व्यवस्थापिका-संसद् | एक वर्षभित्र | |
| ९. | सार्वजनिक सेवाप्रसारण सम्बन्धी ऐन निर्माण | • नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय<br>• कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय<br>• व्यवस्थापिका-संसद्<br>• रेडियो नेपाल<br>• नेपाल टेलिभिजन | एक वर्षभित्र | |
| १०. | रेडियो ऐनमा सुधार तथा सामुदायिक रेडियो ऐनको तर्जुमा | • नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय<br>• कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय<br>• व्यवस्थापिका-संसद्<br>• सामुदायिक रेडियो प्रसारक सङ्घ तथा अन्य रेडियो प्रसारक संस्थाहरू | एक वर्षभित्र | |

| | | | | |
|---|---|---|---|---|
| ११. | अनलाइन मिडिया नियमन सम्बन्धी कानून निर्माण । | • नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय<br>• कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय<br>• व्यवस्थापिका-संसद्<br>• प्रेस काउन्सिल, नेपाल<br>• नेपाल पत्रकार महासङ्घ<br>• अनलाइन मिडियासगँ सम्बन्धी सङ्घ संस्थाहरू | एक वर्षभित्र | |
| १२. | राष्ट्रिय समाचार समितिलाई सूचना बैंकका रूपमा स्थापित गर्न विद्यमान कानुनमा सुधार गर्ने । | • नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय<br>• व्यवस्थापिका-संसद्<br>• राष्ट्रिय समाचार समिति | एक वर्षभित्र | |
| १३. | गोरखापत्रका प्रकाशनहरूलाई प्रादेशिक रूपमा पनि प्रकाशन गर्न तथा संस्थानलाई स्वायत्त र समावेशी प्रकाशन गृहका रूपमा विकास गर्न विद्यमान ऐन कानूनमा सुधार गर्नुपर्ने । | • नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय<br>• व्यवस्थापिका-संसद्<br>• गोरखापत्र संस्थान | एक वर्षभित्र | |
| १४. | चलचित्रको क्षेत्रमा बक्स अफिस प्रणाली लागू गर्ने । | • नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय<br>• नेपाल चलचित्र विकास बोर्ड | छ महिनाभित्र | |
| १५. | विज्ञापन, टेलिभिजन सिग्नल र केबुल वितरणको नियमन सम्बन्धी कानून निर्माण । | • नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय<br>• व्यवस्थापिका-संसद्<br>• नेपाल चलचित्र विकास बोर्ड<br>• नेपाल विज्ञापन सङ्घ | एक वर्षभित्र | |
| १६. | संविधानको अनुसूची ५,६,७,८ र ९ बमोजिम सूचना तथा सञ्चार सम्बन्धी सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार कार्यान्वयन सम्बन्धी सङ्घीय कानूनको तर्जुमा | • नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय<br>• कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय<br>• स्थानीय विकास तथा सङ्घीय मामिला मन्त्रालय<br>• व्यवस्थापिका-संसद् | एक वर्षभित्र | |

| | | | | |
|---|---|---|---|---|
| १७. | नेपालको संविधान (२०७२) र राष्ट्रिय आमसञ्चार नीति, २०७३ ले आत्मसात् गरेको समानुपातिक समावेशी सिद्धान्तलाई ऐन कानून र संस्थाहरूमा रूपान्तरण गर्ने । | • राष्ट्रिय समावेशी आयोग | दुई वर्षभित्र | |
| १८. | प्रस्तावित राष्ट्रिय आम सञ्चार नीति, २०७३ जारी गरी लागू गर्ने । | • नेपाल सरकार मन्त्रिपरिषद्<br>• सूचना तथा सञ्चार मन्त्रालय | एक वर्षभित्र | एक महिना भित्र नीति जारी गर्ने |

**अन्त्यमा,**

विद्यमान ऐन, कानून तथा नीति नियममा समयसापेक्ष सुधार गर्दै जानु स्वाभाविक प्रक्रिया हो । नेपाल सरकारले समय-समयमा सुधारका निम्ति प्रतिवेदन पेश गर्न आयोग र समितिहरू बनाउने अभ्यास पनि हुँदै आएको छ, तर सरकारको फेरबदलसँगै त्यसको कार्यान्वयन नहुने विगतको अनुभव सबैको सामु छ । नयाँ संविधान लागू भएको सन्दर्भमा संवैधानिक लोकतन्त्रलाई जीवन्त बनाउन समृद्ध सूचना प्रणालीको विकास आवश्यक छ । यस समितिले पेश गरेको प्रस्तावित राष्ट्रिय आम सञ्चार नीति र नियामक निकायको स्थापनालगायतका सुझाव सिफारिसहरू कार्यान्वयन हुन सकेमा मुलुकमा स्वच्छ जनमतको निर्माणमा सञ्चार माध्यम सहयोगी हुने हुँदा प्रतिवेदन कार्यान्वयन हुनु जरूरी छ । परिवर्तित सन्दर्भमा रेडियो ऐन, २०१४; गाली बेइज्जती ऐन, २०१६; राष्ट्रिय समाचार समिति ऐन, २०१९; गोरखापत्र संस्थान ऐन, २०१९; चलचित्र (निर्माण, प्रर्दशन तथा वितरण) ऐन, २०२६; छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८; प्रेस काउन्सिल ऐन, २०४८; राष्ट्रिय प्रसारण ऐन, २०४९; श्रमजीवि पत्रकार ऐन, २०५१; विद्युतीय (इलेक्ट्रोनिक) कारोवार ऐन, २०६३; सूचनाको हक सम्बन्धी ऐन, २०६४ मा जस्ता सूचना तथा सञ्चार सम्बन्धी कानुनहरूमा सुधार र परिवर्तन आवश्यक छ । यसैगरी प्रस्तावित राष्ट्रिय आमसञ्चार नीति लागू गर्न नीतिमा प्रस्ताव गरिए अनुरूप सूचना तथा सञ्चार सम्बन्धी विभिन्न नयाँ ऐन कानून बनाउनु जरूरी छ । यस पृष्ठभूमिमा यस उच्चस्तरीय समितिले सिफारिस गरेको सुझाव प्रतिवेदन लागू गर्ने प्रयोजनका निम्ति विद्यमान कानूनमा गर्नुपर्ने सुधार, नयाँ कानूनको तर्जुमा, सङ्घात्मक ढाँचा अनुरूप संरचनाहरू निर्माण, समायोजन र व्यवस्थापन, कार्यान्वयन तथा अनुगमन, सूचना तथा सञ्चारसम्बन्धी सङ्घीय ढाँचाको खाका, विद्यमान सूचना तथा सञ्चार मन्त्रालय र अन्तरगतका नियकायहरूको पुनरसंरचनासमेतको अध्ययन गरी नेपाल सरकारलाई सुझाव सिफारिस पेश गर्न सरोकारवाला संस्था तथा विज्ञहरूसमेत रहेको **'सूचना तथा सञ्चारसम्बन्धी कानून र साङ्गठनिक पुनरसंरचनासम्बन्धी उच्चस्तरीय समिति'** गठन गरी प्रतिवेदन लागू गर्नु आवश्यक छ ।

२०७३, साउन ५ गते

## अनुसूची- १
## सुझाव दिने संस्थाको विवरण

- Media Advocacy Group
- नेपाल पत्रकार महासङ्घ, स्वतन्त्र टेक्निकल एशोसिएसन नेपाल, राष्ट्रिय कर्मचारी सङ्गठन रेडियो नेपाल
- Asmita Women's Publishing House Media& Resource Organization
- नेपाल मिडिया सोसाइटी
- नेपाल टेलिभिजन
- औद्योगिक सम्बन्ध मञ्च
- नेपाल विज्ञापन सङ्घ (Advertising Association of Nepal)
- क्रियाशील पत्रकार महिला (Working Women Journalists (WWJ)
- नेपाल आदिवासी पत्रकार महासङ्घ
- Infinity (Education, Research, Consulting & Training)
- सूचना तथा सञ्चार मन्त्रालय
- नेपाली छापा माध्यम राष्ट्रिय सञ्जाल (National Network of Nepalese Print Media)
- गोरखापत्र संस्थान
- राष्ट्रिय समाचार समिति (National News Agency)
- प्रेस चौतारी नेपाल
- नेपाल प्रेस युनियन
- क्रान्तिकारी पत्रकार सङ्घ
- मदन भण्डारी आमसञ्चार प्रतिष्ठान
- सिस्नेरी गा.वि.स, मकवानपुर

## अनुसूची-२

यस सूचना तथा सञ्चारसम्बन्धी उच्चस्तरीय समितिमा रही काम गर्ने विज्ञ, कर्मचारी, प्रतिवेदन लेखन र सम्पादनमा सहयोग पुऱ्याउनु हुनेहरूको नामावली

### क. प्रतिवेदन लेखन र सम्पादन

१. सुवास भट्टराई, उपसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
२. नारद गौतम, सहसम्पादक, गोरखापत्र
३. इश्वरी ज्ञवाली, उपसम्पादक, नेपाल साप्ताहिक, कान्तिपुर पब्लिकेशन
४. लोकन्द्र के.सी., रेडियो नेपाल

### ख. कर्मचारी

१. रामचन्द्र अधिकारी, उप-सचिव, सूचना तथा सञ्चार मन्त्रालय
२. गणेशराम पोखरेल, शाखा अधिकृत सूचना तथा सञ्चार मन्त्रालय
३. दिलिपकुमार महर्जन, ना.सु. सूचना तथा सञ्चार मन्त्रालय
४. टिकाध्वज कार्की, ना.सु. प्रशासकीय अदालत
५. शशी शर्मा, कम्प्युटर अपरेटर,
६. गीता भट्टराई (पोखरेल) कम्प्युटर अपरेटर, "
७. गीता भट्टराई (रेग्मी) डिट्ठा, "
८. हरिप्रसाद सिग्देल, हलुका सवारी चालक, "
९. बिन्दीय पोडेनी, कार्यालय सहयोगी, "